# पहिलो परिच्छेद

# शोध-परिचय

## १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “नव कपिलवस्तु साहित्यिक समाजको अध्ययन” रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत भैरहवा बहुमुखी क्याम्पस नेपाली शिक्षण विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ विषय परिचय

पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चलअन्तर्गत पर्ने कपिलवस्तु जिल्लाको साहित्य सृजन परम्परा र साहित्यिक संस्थाहरूको इतिवृत्त पत्ता लगाउँदै कपिलवस्तु जिल्लामा क्रियाशील र सर्वाधिक चर्चित साहित्यिक संस्था ‘नव कपिलवस्तु साहित्यिक समाज’को अध्ययन र यसको योगदान यस शोधकार्यमा गरिएको छ । वि.सं.१९७२ मा श्रीराम पुस्तकालयको स्थापनापश्चात् साहित्यको अङ्कुरण भए पनि वि.सं.२०६६ सालमा आइपुग्दा कतिपय साहित्यिक संस्थाहरू जन्मिए र कतिपयचाहिँ ऐतिहासिक कालखण्डमा लुप्त पनि भएका देखिन्छन् । यसै बीचमा वि.सं.२०५० भदौ महिनाको १५ गते कपिलवस्तु साहित्यिक समाजको स्थापना भएको हो । यही संस्था वि.सं.२०५४ सालमा नवीकरण भई नव कपिलवस्तु साहित्यिक समाज नामले परिचित भएको हो । यस संस्थाको स्थापनाका १६ वर्ष पूरा भइसक्दा पनि संस्थाका बारेमा खोज, अनुसन्धानका साथै कुनै पनि किसिमको शोधकार्य हुन नसकेको परिप्रेक्ष्यमा यसका साहित्यिक गतिविधिको निरूपण गर्दै यसले साहित्यको विकासमा पुऱ्याएको योगदानलाई शोधपत्रमा प्रस्तुत गरिएको छ । यसका साथै कपिलवस्तु जिल्लाको ऐतिहासिक, भौगोलिक, सामाजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक आदिको सङ्क्षिप्त परिचयका साथै यस जिल्लामा स्थापित साहित्यिक सङ्घ संस्थाहरूको चिनारी दिने प्रयास पनि यसमा गरिएको छ । त्यसैगरी नव कपिलवस्तु साहित्यिक समाजप्रति सद्भाव राख्ने यस जिल्लाका अग्रज स्थापित स्रष्टाहरू र नवोदित सर्जकहरूको सङ्क्षिप्त जीवनवृत्त पनि प्रस्तुत गरिएको छ ।

## १.४ समस्या कथन

'नव कपिलवस्तु साहित्यिक समाज वि.सं. २०५० सालमा 'कपिलवस्तु साहित्यिक समाज' नामबाट जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा प्रथम पटक दर्ता भएको साहित्यिक संस्था हो । यसको पहिलो दर्ता नं. ०३८/०५०/०५१ हो । यही संस्था नवीकरण नगरिएका कारण पुनः २०५४ मा जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा नव कपिलवस्तु साहित्यिक समाज नामबाट दर्ता भएको देखिन्छ ।'[१] कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा स्थापित यो संस्था जिल्लाकै प्रमुख साहित्यिक संस्थाका रूपमा चिनिन्छ । यसले वि.सं.२०५४ सालदेखि मासिक रूपमा साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ र वि.सं.२०५२ सालदेखि हरेक दुई वर्षमा एकचोटि भिक्षु जन्म-जयन्तीको अवसरमा लुम्बिनी अञ्चलभित्रका कुनै एक जना वरिष्ठ साहित्य स्रष्टालाई पुरस्कृत एवम् सम्मानित पनि गर्दै आएको छ । तराईमा पछाडि परेको र साहित्यिक गतिविधिका दृष्टिले समेत अनुर्वर मानिने कपिलवस्तु जिल्लामा यसले जे जस्ता साहित्यिक क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ, ती प्रशंसनीय छन् । यस संस्थाका विषयमा कुनै किसिमको व्यवस्थित खोज-अनुसन्धान र अध्ययन हालसम्म भएको देखिँदैन । यसको बारेमा शोधकार्य गर्दा निम्नानुसारका समस्याहरू देखापरेका छन् -

क) नव कपिलवस्तु साहित्यिक समाजको स्थापना कसरी र कुन परिस्थितिमा भएको हो ?

ख) कपिलवस्तुमा अन्य के-कस्ता साहित्यिक सङ्घ संस्था क्रियाशील रहेका छन् ?

ग) नव कपिलवस्तु साहित्यिक समाजले साहित्यको विकासका लागि के-कस्ता योगदान पुर्‍याएको छ ?

घ) नव कपिलवस्तु साहित्यिक समाजबाट कुन-कुन स्रष्टाहरू सम्मानित तथा पुरस्कृत भएका छन् ?

## १.५ शोधकार्यको उद्देश्य-

प्रस्तुत शोधकार्यमा नव कपिलवस्तु साहित्यिक समाजको समग्र रूपमा अध्ययन गर्ने मुख्य उद्देश्य रहेको छ। सो उद्देश्य परिपूर्तिमा यो शोधपत्र केन्द्रित छ -

क) नव कपिलवस्तु साहित्यिक समाज स्थापनाको पृष्ठभूमि र परिस्थिति पहिल्याउनु,

ख) कपिलवस्तु जिल्लाभित्रका क्रियाशील अन्य साहित्यिक सङ्घ-संस्थाहरूको खोजी गरी तिनको परिचय दिनु,

---

[१]. कसासको विधान पुस्तिका २०५० अनुसार ।

ग) नव कपिलवस्तु साहित्यिक समाजले साहित्यको विकासमा पुऱ्याएको योगदानको निरूपण गर्नु,

घ) नव कपिलवस्तु साहित्यिक समाजबाट हालसम्म सम्मानित र पुरस्कृत भएका स्रष्टा व्यक्तित्वहरूको पहिचान गरी विवरणात्मक परिचय दिनु ।

## १.६ शोधकार्यको औचित्य र महत्त्व

कपिलवस्तु जिल्लाको सर्वाधिक चर्चित र क्रियाशील साहित्यिक संस्था 'नव कपिलवस्तु साहित्यिक समाज'को विधिवत् स्थापना भएको १६ वर्ष व्यतीत भइसकेको छ । यस संस्थाले आधा दर्जनभन्दा बढी लुम्बिनी अञ्चलभित्रका राष्ट्रिय स्तरका साहित्यिक व्यक्तित्वहरूलाई सम्मानित र पुरस्कृत गरिसकेको छ । यस संस्थाले मासिक रूपमा साहित्यिक कार्यक्रम सञ्चालनको शृङ्खलालाई पनि निरन्तरता दिँदै आएको छ । विभिन्न समय र उपलक्ष्यहरूमा विद्यालयस्तरीय प्रतियोगिताहरू गराई उनीहरूलाई पुरस्कृत गर्ने तथा मासिक साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यसले बालप्रतिभाहरूको सिर्जना र अभिव्यक्तिकलालाई प्रस्फुटित गराउने र उनीहरूलाई पुरस्कृत गर्ने व्यवस्था पनि गरेको छ । यस संस्था बारे शोधकार्य हुनु आफैमा औचित्यपूर्ण देखिन्छ । यस संस्थाका विषयमा गरिएको शोधकार्यले अवश्य नै महत्त्व पाउने छ ।

## १.७ पूर्वकार्यको समीक्षा-

साहित्यिक चेतना र गतिविधिका दृष्टिले निकै पछाडि परेको कपिलवस्तु जिल्लामा सबैभन्दा बढी क्रियाशील साहित्यिक संस्थाका रूपमा नव कपिलवस्तु साहित्यिक समाज रहेको छ । यस संस्थाको र यसका गतिविधिहरूका बारेमा फुटकर रूपमा समेत कसैले कलम चलाएको देखिँदैन; यो अत्यन्त दुःखद पक्ष हो । यसका बारेमा लेखिएका समाचार, टिप्पणी आदि पनि अप्राप्य छन् । संस्थाका विषयमा प्रकाशित रूपमा लेखिएका छापिएका कुनै सामग्री सङ्कलित भएको पाइएन । अहिलेसम्म यस संस्थाको चर्चा गर्ने क्रममा

(**क**) चूरामणि पौडेलले आफ्नो स्नातकोत्तर तह नेपाली विषयको 'नेपाली साहित्यमा कपिलवस्तु जिल्लाको योगदान' शीर्षकको शोधपत्रमा नव कपिलवस्तु साहित्यिक समाजको परिचय दिने क्रममा यस्तो लेखेका छन्-

कपिलवस्तु साहित्यिक समाज (२०५०) साहित्यिक क्षेत्रमा अत्यधिक क्रियाशील र चर्चित संस्था हो । भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण गर्ने र साहित्यिक प्रतिभाहरूको क्षमता प्रस्फुटन गराउने मूल उद्देश्य राखी कपिलवस्तुका भाषा, साहित्यप्रेमी व्यक्तित्वहरूको अथक प्रयासमा यो संस्था स्थापना भएको हो । वि.सं.२०५० सालमा कपिलवस्तु साहित्यिक समाजको नाममा दर्ता भएको यो संस्थालाई

२०५४/०९/१७ मा पुनर्गठन गरी 'नव कपिलवस्तु साहित्यिक समाज' नामकरण गराइएको छ । यसको दर्ता नं.०३८/०५०/०५१ हो । यो साहित्यिक संस्था स्थापनाको लागि कवि दैवज्ञराज न्यौपाने तथा अर्का साहित्यिक व्यक्तित्व लाटो साथी (विष्णुराज आत्रेय) ले प्रेरणा दिएका थिए । यस संस्थाको संस्थापक अध्यक्ष हरिराज शर्मा हुन् भने संरक्षकमा विष्णुराज आत्रेय (लाटो साथी) रहेका छन् । यो साझा चौतारीमा सबै जम्मा भई सबैको सहयोग प्राप्त भएमा भिक्षुको सपना साकार पार्न सकिन्छ । यस संस्थाले नियमित कार्यक्रमको रूपमा २०५४ चैत्र १ गतेदेखि हरेक महिनाको पहिलो शनिबार साहित्यिक गोष्ठी सञ्चालन गराउँदै आएको छ । यस कार्यक्रममा बाल प्रतिभा, नवप्रतिभाहरू र स्थापित कलाकार तथा भाषा साहित्यप्रेमीहरूको जमघट हुन्छ । सुरु-सुरुमा कपिलवस्तु बहुमुखी क्याम्पसमा आयोजना हुने शनिबारे साहित्यिक गोष्ठी हाल शोभादेवी भोलानाथ ट्रस्टमा आयोजना गरिन्छ । त्यसैगरी लुम्बिनी अञ्चलका साहित्यिक प्रतिभाहरूलाई प्रोत्साहन र सम्मान गर्ने उद्देश्यले यस समाजले प्रत्येक २/२ वर्षमा वितरण गर्ने गरी वि.सं.२०५२ सालमा भिक्षु पुरस्कार स्थापना गरेको छ । कपिलवस्तु साहित्यिक समाज र रूपक स्मृति प्रतिष्ठानबीच भएको सम्झौताअनुसार पुरस्कार राशी रू.५०००/- र व्यवस्थापन पक्षको लागि रू.५०००/- गरी रू.१०,०००/- रूपक स्मृति प्रतिष्ठानले सहयोग गरिरहेको छ । वि.सं.२०५७ सालदेखि यस साहित्यिक समाजले प्रदान गर्ने पुरस्कार राशीमा वृद्धि गरी रू.११,१११/- पुऱ्याइएको छ । हालसम्म यस संस्थाले लुम्बिनी अञ्चलभित्रका साहित्यकार मोदनाथ प्रश्रित, कुलमणि देवकोटा, विष्णुराज आत्रेय (लाटो साथी), मोदनाथ शास्त्री आदि प्रतिभाहरूलाई माथि उल्लेख भए अनुसारको रकम प्रदान गर्दै ताम्रपत्र तथा दोसल्ला ओढाई सम्मान गरेको छ । विभिन्न साहित्यकारहरूको जन्म-जयन्ती तथा विविध उपलक्ष्य र सन्दर्भ पारेर यस समाजले प्रतियोगिता तथा सहभागितात्मक साहित्यिक कार्यक्रम सञ्चालन गर्ने परम्पराको थालनीसमेत गरेको छ । यस समाजलाई अग्रगतिमा लैजान हाल समाजका अध्यक्ष हरिराज शर्मा आफ्नो साहित्यिक यात्राका २ खण्डकाव्य ('कल्पना' र 'ज्योत्स्ना') लिएर सक्रियताका साथ जुटिरहनुभएको छ । यसैगरी यस संस्थाको उन्नतिका लागि विशेष योगदान पुऱ्याउनेहरूमा विष्णुराज आत्रेय, नारायण पौडेल, ढुण्डिराज अर्याल, फणिनारायण सिग्देल, भक्तिराम पन्थी, रुद्र ज्ञवाली, तेजकुमार बौद्धाचार्य मुख्य हुनुहुन्छ । आफ्नै भवननिर्माणको लागि जग्गाको खोजी तथा पुरस्कारको अक्षय कोषका लागि दाताहरूको माया, मुखपत्र प्रकाशनको लागि सक्रिय व्यक्तित्वहरूको खोजीका साथै संस्थालाई अझ गति दिने व्यक्तित्वहरू खोज्दै कसासले आफ्ना उज्याला दिनहरूको आशा राखेको छ ।

**ख**) नारायणप्रसाद पौडेलले २०६३ फागुनमा प्रकाशित **यस्तो छ कपिलवस्तु** पुस्तिकाभित्र **साहित्य** शीर्षकको लेखमा नव कपिलवस्तु साहित्यिक समाजको चिनारी यसरी दिएका छन् -

२०५० सालमा हरिराज शर्माको संयोजकत्व र कवि एवम् साहित्यकार लाटो साथीको संरक्षकत्वमा 'कपिलवस्तु साहित्यिक समाज' को गठन भएको छ । फणिनारायण सिग्देल, भक्तिराम पन्थी, दिनेश ज्ञवाली, तेजकुमार बौद्धाचार्य, विश्वराज पाण्डे, ढुण्डिराज अर्याल, विपिन बिहारी मिश्र, नारायणप्रसाद पौडेल, मनोज पौडेल, दधिराम सापकोटा, माधव पन्थी, गोविन्द पौडेल, षडानन्द पौडेल, गङ्गाप्रसाद सिंह यसका संस्थापक तथा सञ्चालक रहनु भएको छ । साहित्यिक समाजले हरेक महिनाको पहिलो शनिबारका दिन शोभादेवी भोलानाथ ट्रस्टको सभाकक्षमा साहित्यिक कार्यक्रम गर्ने परम्परा बसालेको छ । हरेक दुई वर्षमा लुम्बिनी अञ्चलस्तरीय साहित्य गोष्ठी गर्ने र लुम्बिनी अञ्चलमा जन्मेर साहित्यिक क्षेत्रमा योगदान पु-याउने विशिष्ट प्रतिभालाई भिक्षु स्मृति पुरस्कार प्रदान गर्ने काम कपिलवस्तु साहित्यिक समाजले गर्दै आएको छ । पुरस्कारको रकम भने रू.दश हजार प्रत्येक दुई/दुई वर्षमा रूपक स्मृति प्रतिष्ठानले उपलब्ध गराउदै आएको छ । हालसम्म भिक्षु पुरस्कारबाट सम्मानित हुनेहरूमा मोदनाथ प्रश्रित (२०५२) अर्घाखाँची, कुलमणि देवकोटा (२०५५) पाल्पा, टीकाराम पन्थी (२०५७) गुल्मी, विष्णुराज आत्रेय (२०५९) कपिलवस्तु र मोदनाथ शास्त्री (२०६२) रूपन्देही रहनुभएको छ ।

उक्त पुस्तिकामा उल्लिखित साहित्यकारहरूबाहेक २०६३ पछि यस संस्थाले साहित्यकार घनश्याम न्यौपाने 'परिश्रमी' (२०६४) नवलपरासी र वनमाली निराकार (२०६६) पाल्पालाई सम्मान तथा पुरस्कार प्रदान गरेको छ ।

## १.८ शोध कार्यको सीमा

प्रस्तुत शोधकार्य कपिलवस्तु जिल्लाको भौगोलिक, भाषिक, शैक्षिक, सांस्कृतिक र धार्मिक पक्षको सामान्य चिनारी दिँदै मूलतः नव कपिलवस्तु साहित्यिक समाजको अध्ययन र विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रका लागि निम्नलिखित तरिकाले सामग्री सङ्कलन गरिएको छ-

क) सम्बन्धित क्षेत्रका आधिकारिक व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट र सम्पर्क गरी,

ख) पुस्तकालयीय अध्ययनबाट,

ग) प्रत्यक्ष भेटघाट वा सम्पर्क हुन नसकेका सम्बन्धित व्यक्तिहरूसँग पत्राचार तथा दूरसञ्चारका माध्यमबाट,

घ) स्थलगत अध्ययनबाट ।

## १.१० शोध विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि निम्नलिखित विधिहरू प्रयोग गरिएका

छन्-

क) सर्वप्रथम आवश्यक सामग्री सङ्कलन गरी,

ख) सङ्कलित सामग्रीहरूलाई समीक्षात्मक र विश्लेषणात्मक विधिबाट लिपिबद्ध गरी ।

## १.११ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित स्वरुप प्रदान गर्नका लागि निम्नानुसार ६ परिच्छेदमा विभाजन गरिएको छ र मूल शीर्षकका साथै उपशीर्षकहरूमा छुट्टयाइएको छ -

परिच्छेद एक : शोधपत्रको परिचय

परिच्छेद दुई : कपिलवस्तु जिल्लाको सङ्क्षिप्त परिचय

परिच्छेद तीन : कपिलवस्तु जिल्लाका साहित्यिक सङ्घ संस्थाहरू

परिच्छेद चार : नव कपिलवस्तु साहित्यिक समाजको अध्ययन

परिच्छेद पाँच : साहित्यमा नव कपिलवस्तु साहित्यिक समाजको योगदान

परिच्छेद छ : उपसंहार तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# कपिलवस्तु जिल्लाको सङ्क्षिप्त परिचय

## २.१ पृष्ठभूमि

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने लुम्बिनी अञ्चलका ६ जिल्लाहरूमध्ये कपिलवस्तु पनि एक हो जुन 'प्राचीन सभ्यता, संस्कृति तथा ऐतिहासिक एवम् पुरातात्विक दृष्टिले अत्यन्तै महत्त्वपूर्ण जिल्ला मानिन्छ । साङ्ख्य दर्शनका प्रणेता कपिलमुनि महर्षिको तपोभूमि, शाक्य वंशीय राजा शुद्धोधनको राजधानी, एसियाका ज्योति एवम् विश्व शान्तिका अग्रदूत गौतम बुद्धको क्रीडास्थल कपिलवस्तु प्राकृतिक र सांस्कृतिक, धार्मिक, ऐतिहासिक, पुरातात्विक र पर्यटकीय हिसाबले अत्यन्तै सम्पन्न तराई क्षेत्रमा पर्ने जिल्ला हो । 'यो जिल्लालाई पहिले खजहनी नामले चिनिन्थ्यो । खजहनी जिल्ला विभिन्न इलाकामा विभाजित थियो । यी विभाजित इलाकालाई तप्पा भनिन्यो । तीमध्ये  तौलिहवा पनि एउटा तप्पा थियो धेरै पहिले मुख्य बडा हाकिम तौलिहवामा रहने हुँदा त्यसबेला यस जिल्लालाई तौलिहवा पनि भनिन्थ्यो ।'[१] नेपाल अधिराज्यलाई प्रशासनिक दृष्टिकोणले वि.सं. २०१९ मा १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरेपछि खजहनी जिल्ला लुम्बिनी अञ्चल अन्तर्गतको कपिलवस्तु जिल्लाका नाउँबाट प्रख्यात भएको हो । यो लुम्बिनी अञ्चलको दक्षिण - पश्चिम भागमा अवस्थित छ ।'[२]

कपिलवस्तु जिल्लाको भौगोलिक अवस्थितिलाई हेर्दा यसको कुल क्षेत्रफल १,७३,८०० हेक्टर अर्थात् १,७३८ वर्ग कि.मि.रहेको छ । यो जिल्ला २७ .८४' उत्तरी अक्षांश र ८२.७५'  पूर्वदेखि ८३.१४' पूर्वी देशान्तरका बीचमा रहेको छ । जिल्लाको पूर्व-पश्चिम सरदर लम्बाइ ३३.५माइल अर्थात् ४८ कि.मि. र उत्तर-दक्षिण चौडाइ २० माइल अर्थात् ३४ कि.मि. रहेको पाइन्छ । यसको उचाइ समुद्र सतहदेखि ९० मिटरदेखि ८२४ मिटरसम्म रहेको छ । 'अधिराज्यका ७५ जिल्लामध्ये क्षेत्रफलको आधारमा यो जिल्ला ३६ औँ स्थानमा पर्दछ ।'[३] कपिलवस्तु जिल्लाको पूर्वमा रूपन्देही, पश्चिममा दाङ अनि उत्तरमा पहाडको अर्घाखाँची र दक्षिणमा भारत पर्दछन्, यति चौकिल्लाभित्रको भू-भाग नै कपिलवस्तु हो । जिल्लाको पूर्वमा कोठी नदी र पश्चिममा अर्रा नदीले साँध लगाएका छन् ।'[४]

---

[१]. नारायणप्रसाद पौडेल, यस्तो छ कपिलवस्तु, (आनन्दवाग तौलिहवा) २०६३ फागुन, पृ. १

[२]. चूरामणि पौडेल,नेपाली साहित्यमा कपिलवस्तु जिल्लाको योगदान, अप्र. स्नातकोत्तर शोधपत्र, त्रि.वि, (कीर्तिपुर:२०६४) ।

[३]. सूचना शाखा जिल्ला विकास समिति कपिलवस्तु, जिल्लाको सङ्क्षिप्त चिनारी, भाद्र २०६० ।

[४]. चूरामणि पौडेल,पूर्ववत्, पृ.६।

## २.२ नामकरण

'साङ्ख्य दर्शनका प्रणेता कपिल महर्षिको नाउँबाट'[५] नै वर्तमान कपिलवस्तुको नामकरण गरिएको पाइन्छ । 'संस्कृत साहित्यका कवि अश्वघोषको 'सौन्दरानन्द' काव्यमा 'कपिलवसति' भनेर लेखिएको छ । 'प्राचीन कालमा कपिल नाउँ गरेका ऋषि वाणगङ्गा नदीको किनारमा आफ्नो कुटी बनाई बसेका थिए । कपिलमुनिको वसति 'कपिलवसति' शब्द तद्भव भई कपिलवस्तु बनेको हो । यसै आधारमा यस जिल्लाको नाम कपिलवस्तु रहन गएको पाइन्छ ।'[६] चारैतिर घना जङ्गलले घेरिएको यस क्षेत्रमा तत्कालीन समयमा कुनै बस्ती थिएन । यसरी कपिलमुनिले तपस्या गरी बसेको हुनाले यसलाई 'कपिलतपोभूमि' पनि भन्ने गरिन्थ्यो । कौशल राज्यका सूर्यवंशी राजा सुजातकी पहिली रानीतर्फका चार राजकुमारहरू र पाँच राजकुमारीलाई तत्कालीन कोशल राज्यको राजधानी साकेतबाट निष्काशित गरेपछि केही अनुयायीहरूका साथ ती राजकुमार-राजकुमारीहरू कपिलमुनिको आश्रममा आई बसेका र उनकै नाउँबाट 'कपिलवस्तु' नामक सहर बसालेको कुरा इतिहास तथा प्राचीन ग्रन्थबाट जानकारी पाइन्छ ।'[७]

## २.३ ऐतिहासिक पृष्ठभूमि

नेपाल अधिराज्यका ७५ जिल्लाहरूमध्ये कपिलवस्तुको ऐतिहासिक पृष्ठभूमि निकै महत्त्वपूर्ण रहेको छ । साङ्ख्य दर्शनका प्रणेता कपिलमुनिको तपोवन, विश्व शान्तिका अग्रदूत भगवान् गौतम बुद्धका पिता शाक्यवंशीय राजा शुद्धोधनको राजधानी, 'कपिलमुनि बुद्ध तथा कक्रुच्छन्द बुद्धको जन्मस्थल कपिलवस्तु जिल्ला भएबाट पनि यस जिल्लाको ऐतिहासिक पृष्ठभूमि महत्त्वपूर्ण रहेको प्रष्ट हुन्छ ।'[८] 'ई.पू.को पाँचौं शताब्दीमा भ्रमण गर्न आएका चिनियाँ बौद्ध तीर्थयात्रीहरू तथा हुएन साङ दुवैले भगवान् गौतम बुद्धको पैतृक नगर कपिलवस्तुलाई मानेका थिए । त्यसैगरी भारत सरकारको तर्फबाट पठाइनु भएका पुरातत्त्वविद् पी.सी. मुखर्जीले सन् १८९९ मा नेपालको तराई क्षेत्रको अध्ययन भ्रमणमा प्रमाणित रूपमा तिलौराकोटलाई मुनि बुद्धको जन्मस्थल, सग्रहवालाई विरुढकले शाक्यहरूको नास गरेको ठाउँ तथा गोटिहवालाई कक्रुच्छन्द बुद्धको जन्मस्थल हो भन्ने धारणा व्यक्त गरेका थिए ।'[९]

शाक्यवंशीय राजा शुद्धोधनको राजधानी तिलौराकोट कपिलवस्तु जिल्लाको 'सदरमुकाम तौलिहवादेखि करिब एक माइल अर्थात् तीन कि.मि. उत्तरमा बाणगङ्गा नदीको किनार तथा साङ्ख्य दर्शनका प्रणेता कपिलमुनिको तपोवनको निकटवर्ती स्थलमा

---

[५]. नारायणप्रसाद पौडेल, पूर्ववत्, पृ· ६ ।

[६]. फणिनारायण सिग्देलले २०६६।५।१२ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[७]. चूरामणि पौडेल,पूर्ववत्, पृ· ८ ।

[८]. नारायणप्रसाद पौडेल, पूर्ववत्, पृ·४।

[९]. ऐजन, पृ·१४ ।

रहेको छ ।'[१०] त्यहाँ राजदरबारको भग्नावशेष अद्यावधि छँदैछ । त्यहाँ मायादेवीको एक मन्दिर आज पनि देख्न पाइन्छ । त्यस मन्दिरमा पाइने शिलामूर्तिहरू पनि मायादेवीका लक्षणयुक्त छन् ।'[११] 'आज पनि नगर तथा ग्रामवासीहरू समय-समयमा कोटकी देवीको नामबाट त्यहाँ गई पूजा-अर्चना गर्दछन् ।

उक्त देवी मन्दिरको समीप पूर्व-उत्तरतर्फ ठूलो कमलपत्र शोभित राम्रो र गहिरो पुष्करिणी तलाउ छ, त्योभन्दा उत्तरतिर तत्कालीन इँटले निर्मित गोलाकार एक ठूलो र अर्को केही सानो गरी दुई स्तूपहरू रहेका छन् । यी स्तूपहरूलाई शुद्धोधन र मायादेवीको समाधिस्थलको रूपमा हेर्न सकिन्छ ।'[१२] शाक्यहरूको बसोबास रहेको कपिलवस्तु क्षेत्रमा 'विभिन्न शाक्यहरूले राज्य गर्दै जाँदा ई.पू. छैठौँ शताब्दीमा शुद्धोधन नामक प्रतापी राजा थिए । यसको पूर्वी सिमाना रोहिणी नदी र उत्तरपट्टि पहाड पर्दथ्यो । उत्तरपट्टि असंस्कृत पर्वतीय मङ्गोलियन जातिका मानिसहरू बसोबास गर्दथे । राजतन्त्रलाई बलियो बनाउन सैनिक सङ्गठन पनि व्यवस्थित थियो ।'[१३]

शाक्यवंशीय राजा शुद्धोधनको 'राज्याभिषेक भएको चौध वर्षपछि ई॰पू॰ २५५मा सम्राट अशोकले कनकमुनि बुद्धको जन्मभूमि कपिलवस्तुको निग्लिहवा र यसका वरपर तीर्थ यात्रा गरी अशोक स्तम्भको निर्माण गरेका थिए। अशोक स्तम्भ र चिनियाँ यात्रीहरूको बयानका आधारमा गौतम बुद्धको जन्मस्थल रूपन्देहीस्थित लुम्बिनी तथा उनको दरबार कपिलवस्तु जिल्लाको तिलौराकोटमा थियो भन्ने पुष्टि हुन्छ ।'[१४] भगवान् गौतम बुद्ध २९ वर्षको उमेरमा यही राजदरबारबाट पत्नी यशोधरा र सानो छोरा राहुल आदिलाई त्यागी सुख र शान्ति मार्गको खोजमा निस्केर बुद्धत्व प्राप्त भएपछि पुनः एकपटक आफ्नो दरबारमा फर्केका थिए । 'जितारी मल्लका भतिजा रिपु मल्लले कपिलवस्तु जिल्लास्थित निग्लिहवामा रहेको अशोक स्तम्भमा कुँदिएको पङ्क्ति "ओँ, मणिपद्मे हुँ, रिपु मल्लस्यचीरजयतु १२३४"ले यो भूभाग कर्णाली प्रदेशका मल्ल राजाहरूको अधीनमा पर्न गएको सङ्केत हुन्छ ।'[१५]

कपिलवस्तु जिल्लामा ई॰पू॰ आठौँ-नवौँ शताब्दीदेखिका विभिन्न पुरातात्त्विक वस्तु तथा अवषेशहरू छरिएर-छोपिएर रहेको अवस्थामा भएपनि उत्खनन तथा अनुसन्धान हुन सकेका छैनन् । अहिले घना बस्ती रहेको तौलिहवा बजारको आनन्दवागमा रहेका पर्खाल र स्मारकहरू अवश्य पनि प्राचीन सभ्यताका सबुत प्रमाण हुन् । 'यहाँ कनिङ्घम, कार्लाइल, डेभिड्स, डा.कुहरर, भिन्सेन्ट, स्मिथ, डा.भोष्ट, पूर्णचन्द्र मुखर्जी आदि

---

१०. चूरामणि पौडेल,पूर्ववत, पृ॰८ ।

११. ऐजन, पृ॰ ७ ।

१२. चूरामणि पौडेल,पूर्ववत्, पृ॰८ ।

१३. नारायणप्रसाद पौडेल, पूर्ववत्, पृ॰ ९ ।

१४. ऐजन, पृ॰ १० ।

१५. चूरामणि पौडेल,पूर्ववत्, पृ॰८ ।

विद्वान्हरूले सन् १९९५ देखि २००१ सम्म विस्तृत अध्ययन गरी तिलौराकोट नै प्राचीन कपिलवस्तु हो भन्ने धारणा व्यक्त गरेका छन् ।'[१६]

समग्रमा नेपालका प्राचीन नगरहरूमध्ये एक मानिएको कपिलवस्तुलाई साङ्ख्य र्दशनका प्रणेता कपिलमुनिको तपोवनको रूपमा चिनिन्छ । कपिलवस्तु जिल्ला सत्य अहिंसा धर्मका माथि उठेको छ । बुद्ध धर्मप्रति आस्था राख्ने जुनसुकै व्यक्तिको प्रमुख तीर्थस्थल बन्न पुगेको तिलौराकोटलाई काखमा च्यापेर बसेको कपिलवस्तु जिल्ला पुरातात्विक अन्वेषणका लागि महत्त्वपूर्ण रहेको कारण यस जिल्लाको ऐतिहासिक पृष्ठभूमि महत्त्वपूर्ण रहेको छ ।

## २·४ प्राकृतिक तथा भौगोलिक स्वरूप

### २·४·१ प्राकृतिक स्वरूप

उत्तरमा चुरेपर्वतको शृङ्खलामा पर्ने चारकोसे झाडी र दक्षिणमा तराईको समथर भूमि तथा अनेकौं नदीनाला, अमूल्य वनसम्पदा र वन्यजन्तुहरू समेत प्रशस्त पाइने यस जिल्लालाई भू-बनौटका आधारमा निम्न तीन भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ-

#### (क) उत्तरी भागको चुरे डाँडा

यो पहाड पूर्व-पश्चिमतर्फ फैलिएको छ र समुद्र सतहदेखि १००० फिट सम्मको उचाइमा पर्दछ । कपिलवस्तु जिल्लाको उत्तरी छेउ यसै पर्वतसँग जोडिएको छ ।

#### (ख) मध्यभागको भावर प्रदेश

कपिलवस्तु जिल्लाको चुरे पहाडको फेदीबाट यो भाग बिस्तारै भिरालो पर्दै दक्षिणतर्फ फैलिएको छ ।

#### (ग) दक्षिणको समथर भूमि

भावर प्रदेशदेखि दक्षिण भारतसँग सिमाना जोडिएको भू-भागसम्मको समथर भूमि तराई प्रदेश यस क्षेत्रमा समेटिएको छ । यसको उचाइ समुद्रसतहदेखि अधिकतम ७०० फिट पर्दछ । ऐतिहासिक वाणगङ्गा नदी यस जिल्लाको सबैभन्दा ठूलो नदी हो ।यसले जिल्लाको भू-भागलाई पूर्व-पश्चिम गरी दुई भागमा बाँडेको छ । यसै क्षेत्रमा उब्जाउशील तरेली परेका सम्मा खेतका फाँटहरू छन् । जिल्लाको पूर्वी सिमानादेखि पश्चिम सिमानासम्म फैलिएको यो भाग नरम पाँगो माटोले ढाकिएको छ । जिल्लाको बीचबाट पूर्व-पश्चिम लामो भएर चारकोसे झाडीको जङ्गल फैलिएको छ । यो भाग ज्यादै

[१६]. नारायणप्रसाद पौडेल, पूर्ववत्, पृ·१० ।

उब्जाउशील भएका कारण बस्ती पनि बाक्लै रहेको छ । जिल्ला सदरमुकाम तौलिहवा पनि यही भागमा रहेको छ । यसरी विभिन्न भू-भाग मिलेर बनेको कपिलवस्तु जिल्ला विविधतायुक्त छ ।'[१७]

## २·४·२ हावापानी

यस जिल्लाको भूमि 'समुद्र सतहभन्दा ७०० फिटदेखि १००० फिट'[१८] सम्मको उचाइमा रहेकाले सर्वत्र ग्रीष्म जलवायु रहेको छ । यस जिल्लामा गर्मीमा ज्यादै गर्मी र जाडोमा अति चिसो वातावरण हुन्छ । जिल्लाको उत्तर भागमा अवस्थित भावर प्रदेशमा दक्षिणको समथर भूमिमाभन्दा गर्मी कम हुने भए तापनि स्वास्थ्यको दृटिकोणले त्यति राम्रो मानिँदैन । यस जिल्लामा वैशाख-जेष्ठ महिनामा पश्चिमा हावा बढी बहने हुँदा गर्मी बढी मात्रामा हुने भए तापनि वर्षा शुरु भएपछि तापक्रममा पनि बिस्तारै कमी हुँदै जन्छ । कपिलवस्तु जिल्लामा सामान्यतः 'अधिकतम तापक्रम ४३ डि.से.र न्युनतम तापक्रम ६ डि.से.'[१९] सम्म पुगेको पाइन्छ । जेष्ठ महिनाको पहिलो हप्तादेखि भदौको अन्तिमसम्म नै प्रायः यहाँ पानी पर्दछ । यस जिल्लाको 'सरदर वर्षात् ६० (इन्च)'[२०] मानिन्छ ।

## २.४.३ वन-जङ्गल तथा खनिज सम्पदा

कपिलवस्तु जिल्लाको 'कुल ५,०२,७३३ एकड जमिनमध्ये २,३२,८२२ एकड जमिनमा जङ्गल'[२१] रहेको छ । यस जिल्लाको पूर्वी सीमादेखि पश्चिम सीमासम्म बीच भागबाट चारकोसे झाडी गएको छ । त्यसैगरी जिल्लाको उत्तरी भेगतिर पहाडको फेदीमा प्रशस्त जङ्गल रहेको छ । यहाँका घना जङ्गलमा साल, सिसौ, खयर, टिक, महुवा, कर्मा, अशोक आदि विभिन्न जातका तुलसी, वामरी, निमजस्ता जडिबुटीहरू तथा आँप, कागती, मेवा, केरा, कटहर आदि जातका फलफूलहरू पनि यहाँका वन पैदावर अन्तर्गत पर्दछन् । हालसम्म यस जिल्लमा कुनै खनिज सम्पदा पत्ता लागेको थाहा पाइएको छैन ।

## २.४.४ मुख्य नदी नाला तथा तालहरू

कपिलवस्तु जिल्लाको सबभन्दा ठूलो र पवित्र मानिएको नदी वाणगङ्गा हो । भगवान् रामचन्द्रले वाण हानी उत्पन्न भएको हुँदा यस नदीको नाम वाणगङ्गा रहन गएको हो भन्ने किंवदन्ती रहेको छ ।'[२२] यस नदीका अतिरिक्त जमुवार, मर्थी, बेथी,

---

[१७]. कपिलवस्तु जिल्लाः एक चिनारी, श्री ५को सरकार, केन्द्रीय तथ्याङ्क विभाग थापाथली, काठमाडौं, असार २०६१ ।

[१८]. ऐजन ।

[१९]. ऐजन ।

[२०]. श्री ५को सरकार, केन्द्रीय तथ्याङ्क विभाग,पूर्ववत् ।

[२१]. चूरामणि पौडेल, पूर्ववत, पृ· १० ।

[२२]. पुण्यप्रसाद अर्याल, ' कपिलवस्तु-तिलौराकोट एक परिचय'पृ.१६ ।

कोठी, कञ्चननिया, बेल, सुरही, अगिया, गुर्डवा, कोइली, अर्रा, चिराई, गुडरुवा आदि नदीहरू पर्दछन्, जसमध्ये वाणगङ्गा नदी जिल्लाको करिब बीच भागबाट उत्तर-दक्षिण भई बगेको छ भने जिल्लाकै पश्चिम सिमानाबाट अर्रा नदी बगेको छ । भू-बनोटका कारणले यस जिल्लाका नदी-नालाहरू उत्तरी भेगमा पर्ने महाभारत र चुरे शृङ्खलाबाट दक्षिणतर्फको समतल भूमि हुँदै बग्ने गर्दछन् । 'यस जिल्लाको प्रमुख नदी वाणगङ्गामा नेपाल सरकारले १,५०,००,०००।- को लागतमा पक्की बाँध बाँधी सिचाइ व्यवस्था मिलाएको छ ।'[२३]

ताल तलैयाका दृष्टिकोणले पनि कपिलवस्तु जिल्ला धनी मान्न सकिन्छ किनभने 'विश्व सिमसार क्षेत्रमा दर्ता भैसकेको जगदीशपुर तालसमेत यही जिल्लामा पर्दछ ।'[२४] यसका अतिरिक्त यस जिल्लामा पर्ने तालहरूमा सगरहवा ताल, विजुवा ताल, कोपवा ताल, बुड्डी ताल, पुरैनी ताल मुख्य मानिन्छन् । 'विश्व सिमसार क्षेत्रमा सूचीकृत जगदीशपुर ताल सदरमुकाम तौलिहवा भन्दा करिब ८ कि.मि. उत्तरमा पर्दछ । विश्वमा दुर्लभ हुँदै गइरहेका चराचुरुङ्गीहरू अरबीयन क्षेत्रबाट यहाँ आई बस्ने गर्छन् ।'[२५]

## २.५ जिल्लाको राजनीतिक तथा प्रशासनिक विभाजन

कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा स्थित छ । 'यो जिल्ला स्थानीय निकायको रूपमा १ नगरपालिका (कपिलवस्तु नगरपालिका) र ७७ गा.वि.स. हरूमा विभाजन भएको छ । यस जिल्लालाई नेपाल अधिराज्यको संविधान २०४७ ले चारवटा संसदीय निर्वाचन क्षेत्रमा विभाजन गरेको थियो तर २०६३ को अन्तरिम संविधानले ५ निर्वाचन क्षेत्रमा बाँडेको छ । कपिलवस्तु जिल्लामा १५ इलाकाहरू रहेका छन् '[२६] भने प्रत्येक गा.वि.स.नौ-नौ वडामा विभाजित छन् ।

## २.६ जनसङ्ख्या

'वि.सं. २०५८ को जनगणनाअनुसार यस जिल्लाको कुल जनसङ्ख्या ४,८१,९७६ रहेकोमा पुरुषको सङ्ख्या २,४७,८७५ र महिलाको सङ्ख्या २,३४,१०१ रहेको छ । यस जिल्लाको कुल परिवार सङ्ख्या ७२,९३२ र औसत परिवार आकार ६.६१ रहेको छ । यसैगरी जिल्लाको वार्षिक जनसङ्ख्या वृद्धिदर २.६० प्रतिशत रहेको पाइन्छ ।'[२७] प्रत्येक वर्ष गुल्मी, अर्घाखाँची, प्युठान, स्याङ्जा, वागलुङ र अन्य पहाडी जिल्लाबाट बसाइँ-सराइँ

---

[२३]. ऐजन, पृ.१० ।
[२४]. नारायणप्रसाद पौडेल, पूर्ववत्, पृ· ४ ।
[२५]. ऐजन, पृ. ५ ।
[२६]. नेपाल सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, मेचीदेखि महाकाली भाग ३, (काठमाडौँ नेपाल सरकार (२०३१), पृ.१००२ ।
[२७]. जि.वि.स को कार्यालय, 'कपिलवस्तु जिल्ला :एक चिनारी'जिल्ला विकास समाचार, (व.११,अ.११,क.व.२०६६),पृ.६।

गरी आउने मानिसहरूको चापका कारण यस जिल्लाको जनसङ्ख्या तीव्र गतिमा वृद्धि भैरहेको छ ।

## २.७ जाति, भाषा र धर्म

'कपिलवस्तु जिल्लाका प्राचीन बासिन्दा वा जाति शाक्यहरू नै हुन् ।'[२८] वर्तमान समयमा आएर यस जिल्लामा मुख्यतया थारू, ब्राहमण, क्षेत्री, वैश्य, मुस्लिम, बानियाँ, यादवहरूको बसोबास रहेको छ । साथै केवट, तेली, धोवी, अहिरको पनि बसोबास रहेको छ । यी तराई मूलका बासिन्दाका अतिरिक्त जिल्लाको उत्तरी भागमा पहाडबाट बसाइँ सरेर आएका वाहुन, मगर, गुरुङ, नेवार, क्षेत्री, थकाली, दमाई, कामी, सार्की आदि मानिसहरूको बसोबास रहेको छ । शाक्यपछिको दोस्रो पुरानो जाति थारू हो र यो जाति 'जिल्लाको कुल जनसङ्ख्याको ४० प्रतिशत रहेको छ ।'[२९]

'जिल्लामा उल्लेख भएका ६० जाति तथा जनजातिहरूमध्ये पहाडी जात समूहका १२ जातिका जनजातिहरू पाइन्छन् । तराईका जातअनुसार ४७ जाति र मुस्लिम १ गरी ४८ प्रकारका छन् । अन्य जातजाति नखुलेका मानिसहरू पनि यस जिल्लामा पाइन्छन् । पहाडी जातिका २२ प्रतिशत र तराई जातका ६७ प्रतिशत एवम् अन्य १३ प्रतिशतको उपस्थिति यस जिल्लामा रहेको छ ।'[३०]

कपिलवस्तु जिल्लामा विविध जातिहरूको बसोबास भएको हुनाले यहाँ बोलिने भाषामा पनि विविधता पाइन्छ । यस जिल्लामा बसोबास गर्ने मानिसहरूले अवधी, भोजपुरी, नेपाली, नेवारी आदि भाषा बोल्ने गर्दछन् तर पनि सरकारी कामकाजको भाषा भने नेपाली नै रहेको छ । गौतम बुद्धको भाषा पाली भए तापनि अहिले यहाँका शाक्य-वंशीयहरू नेवारी भाषा बोल्ने गर्दछन् ।

'वि.स. २०५८ को जनगणनाअनुसार यस जिल्लामा सबैभन्दा बढी ७१.३ प्रतिशत अवधी  भाषा बोल्लेहरूको सङ्ख्या १६.४% रहेको छ । दोस्रो भाषाको रूपमा थारू भाषा बोल्नेहरू रहेका छन् । थारूपछि नेपाली भाषा बोल्नेको सङ्ख्या धेरै रहेको छ । त्यस-भन्दा बाहेकका अन्य भाषा बोल्नेहरूको सङ्ख्या २.३ प्रतिशत रहेको छ ।'[३१]

यस जिल्लामा विविध धर्मावलम्वीहरूको बसोबास रहेको भएको भए तापनि प्रमुख धर्म-सम्प्रदाय- अन्तर्गत हिन्दू, बौद्ध, र मुस्लिम पर्दछन् । 'जिल्लामा हिन्दूहरूको सङ्ख्या ८२.१%, इस्लामीहरूको सङ्ख्या १८.२ प्रतिशत र अन्य सबैको सङ्ख्या ०.७५ प्रतिशत रहेको देखिन्छ ।[३२]

---

[२८]. चूरामणि पौडेल, पूर्ववत्, पृ॰८११ ।
[२९]. ऐजन, पृ. १२ ।
[३०]. ऐजन, पृ. १२ ।
[३१]. जि.वि.स.को कार्यालय, 'कपिलवस्तु जिल्ला :एक चिनारी, पूर्ववत्, पृ. ८ ।
[३२]. ऐजन, पृ. ८ ।

## २.८ सामाजिक जनजीवन

यस जिल्लामा विविध जातजाति, भाषभाषी र धर्मावलम्वीहरूको बसोबास रहेकोले त्यसको प्रभाव सामाजिक जनजीवनमा पनि परेको पाइन्छ । यो जिल्ला भारतको सीमावर्ती जिल्ला भएको हुँदा भारतीय संस्कारले समेत ठूलो प्रभाव पारेको छ । यसैगरी यहाँको जनजीवनमा पश्चिमाञ्चल क्षेत्रीय रीतिरिवाजले समेत प्रभाव पारेको देखिन्छ । यद्यपि यहाँका विभिन्न थरिका मानिसहरूमा भेषभूषा, भाषा, रहनसहन एवम् व्यवहारमा एकरुपता र सामाजिक मेलमिलाप हुँदाहुँदै पनि विभिन्न प्रकारका संस्कृति र रीतिरिवाजहरू रहेको पाइन्छ । यहाँ बसोबास गर्ने थारुजातिहरूको जन्म हुँदा, विवाह गर्दा र मर्दा आफ्नै किसिमको संस्कार रहेको छ । लोग्ने मान्छेहरू भोटो, कुर्ता र धोती लगाउँछन् भने आइमाईहरू कालो र ठाँउ ठाउँमा रातो भएको लुङ्गी, चोलो, ब्लाउज र लेहँगा लगाउँछन् । यिनीहरूको मुख्य चाड बड्की आइतबार मानिन्छ भने दसैं, तिहार जस्ता चाडबाडहरू पनि रमाइलो गरी मनाउँछन् । यिनीहरूको मुख्य पेसा कृषि नै हो ।

यस जिल्लाको सर्वप्रथम अर्थात् प्रागैतिहासिक संस्कृति भनेको बौद्ध संस्कृति नै हो । गौतम बुद्ध र उनीभन्दा पहिलाका ककुच्छन्द तथा कनकमुनि बुद्धको समयदेखि चली आएका बौद्ध परम्परा र संस्कृतिका अवशेषहरू यस जिल्लामा देख्न पाइन्छ ।

'यहाँको अर्को प्रमुख समुदाय भनेको हिन्दू समुदाय हो । शाक्यहरूको संहार भइसकेपछि भारत भूमिबाट हिन्दू धर्मावलम्बी अनेक जातिहरू बिस्तारै-बिस्तारै जग्गा र बसोबासको खोजीमा यहाँ आई बसेका हुन् । यी धर्मावलम्बीहरूको आफ्नै धर्म, संस्कृति र रीतिरिवाज रहेको छ । यिनीहरूले आफ्नो सनातनदेखि चलिआएअनुसार ब्राहमण पुरोहितद्वारा विधिवत न्वारन, ब्रतवन्ध, विवाह, आदि गराउँछन् । यस जिल्लाका हिन्दूहरू विष्णु तथा शिवभक्तितिर प्रवृत्त छन् । यी धर्मावलम्बीहरूको बसोबासका आ-आफ्नै जातीय पेसा भए तापनि खेतीको समयमा खेतीपातीको काम गर्दछन् र यिनीहरूको सबैभन्दा ठूलो चाड दसैं हो भने श्री कृष्णाष्टमी, महाशिवरात्रि, तीज, तिहारजस्ता चाडबाड पनि धुमधामसँग मनाउँछन् ।'[३३]

मुसलमान यस जिल्लाको अर्को एक जाति हो । यिनीहरू पनि हिन्दूहरू जस्तै खेती र बसोबासका लागि समय-समयमा यहाँ आई बसेका थिए र साधारण हैसियतका मुसलमानहरूको रहनसहन, व्यवहार आदि हिन्दूहरूसित नै मिल्दाजुल्दा भए तापनि चुच्चे टोपी, कुर्ता, लुङ्गी लगाउने र जुङ्गा खौरी दारी पाल्ने चलन इत्यादिबाट यिनीहरूको संस्कृति स्पष्ट छुट्टिन्छ । यहाँका धनी मुसलमानहरूमा आइमाईहरूको पर्दा प्रथा कायमै रहेको छ । यी आइमाई अरु पुरुष जातिको अगाडि देखा नपर्ने र कुनै कारणवश बाहिर निक्लनु परेमा कालो रङ्गको बुर्का शिरदेखि पैतालासम्म लगाई निस्कने गर्दछन् । यिनीहरू आफ्नो जातीय चाडपर्व इद, मौहर्रम परम्परागत विधिअनुसार नै मनाउँछन् । यी जातिमा

[३३]. ब्रजानन्द बज्राचार्य, कपिलवस्तुको रूपरेखा, ( कपिलवस्तु जिल्ला पञ्चायत, कपिलवस्तु: २०२९) पृ. ५९ ।

एकै आमा बाबुका कोखबाट जन्मेका सन्तानबाहेक अरू जोकोहीसँग पनि विवाह गर्न सकिने प्रचलन छ ।

यसरी कपिलवस्तु जिल्ला विभिन्न थरीका जातजातिहरूको बसोबास भएको सङ्गम स्थलको रूपमा चिनिन्छ । विविध जन-जातिका विविध सांस्कृतिक रीतिरिवाज र परम्परा हुँदाहुँदै पनि यस जिल्लामा भिन्न-भिन्न धर्मावलम्बीहरूका बीचमा राम्रो सम्बन्ध रहेको छ ।

## २.९ स्वास्थ्य स्थिति

'कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा अवस्थित पृथ्वी वीर अस्पताल नै यहाँको सबैभन्दा पुरानो अस्पताल हो । यस जिल्लामा एलोपेथिक अस्पतालदेखि लिएर सरकारी तथा गैर सरकारी आयुर्वेदिक औषधालय, होमियोपेथिक क्लिनिक र अरु व्यक्तिगत औषधालयहरू पनि रहेका छन् । हाल यस जिल्लामा पृथ्वी वीर अस्पताल (जिल्ला अस्पताल) र शिवराज अस्पताल गरी दुई अस्पतालहरू, तीन प्राथमिक स्वास्थ्य सेवा केन्द्र,, सातस्वास्थ्य चौकी, सतसठ्ठी उपस्वास्थ्य चौकी, एक आयुर्वेदिक स्वास्थ्य केन्द्र,र दुई आयुर्वेदिक स्वास्थ्य क्लिनिक आदि स्वास्थ्य प्रदायक संस्थाहरूले स्वास्थ्योपचार गरी सेवा पु¥याउँदै आइरहेका  छन् । यस जिल्लामा अधिकांश मात्रामा छाला, स्वासप्रश्वास तथा पेटका रोगीहरू देखिन्छन् । घाउखटिरा, लुतो, दाज, रुघाखोकी, निमोनिया तथा दम, अतिसार, अपच, वायु, उपरतल्ली, आउँ, शुल आदि रोगहरूबाट यहाँका मानिसहरू ग्रसित छन् ।'[३४] यसका अतिरिक्त गर्मी महिनामा गाउँ-गाउँमा हैजा रोग पनि फैलिने गर्दछ । वि.सं. २०१९।२० सालपछि औलो रोग उन्मुलन हुँदै गएपछि मात्र यस जिल्लामा पहाडी जिल्लाबाट बसाइँ सर्नेहरूको सङ्ख्या तीव्र रूपमा बढेको हो । हाल यस जिल्लामा नेपाल सरकारको नीतिअनुसार उपचारात्मक र प्रतीकारात्मक उपायको अवलम्वन हुँदै आएको छ ।

## २.१० शैक्षिक अवस्था

लुम्बिनी अञ्चलका ६ वटा जिल्लाहरूमध्ये कपिलवस्तु जिल्ला शैक्षिक दृष्टिकोणले अलि पछाडि परेको देखिन्छ । प्राचीन समयदेखि नै शैक्षिक सचेतना र जनचेतनाको कमी एवम् चर्चित शैक्षिक संस्थाहरूको अभावले गर्दा यस जिल्लाको शैक्षिक अवस्था अन्य जिल्लाको तुलनामा अलि माथि उठ्न सकिरहेको देखिँदैन । 'शाक्यवंशीय शासन कालमा शिक्षा क्षेत्रमा केही विकास हुन लागेको भए तापनि शाक्यवंशको पतन भएपछि कपिलवस्तु जिल्लामा पुनः शिक्षाको क्षेत्रमा अन्धकार छायो ।'[३५] यो जिल्ला भारतको

[३४].२०६६।७।१५ गते जि.स्वास्थ्य कार्यालयका सिनियर अ.हे.व चोपकान्त न्यौपानेले शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[३५]. नारायणप्रसाद पौडेल, पूर्ववत्, पृ· ९९ ।

पिछडिएको क्षेत्र उत्तर प्रदेशसँग जोडिएको हुँदा यस जिल्लामा बस्नेहरूले शिक्षा र सहरीकरण भन्दा खेती र किसानी ग्रामीण जनजीवन रुचाउने हुनाले अहिले पनि धेरै क्षेत्र पिछडिएका छन् ।

यस जिल्लामा अधिराज्यका विभिन्न स्थानमा चलेको गुरुकुलको पठनपाठन भएको देखिँदैन । 'विद्यालयहरूको स्थापना हुनुभन्दा अगाडि यस जिल्लाका व्यापारी र जमिन्दारहरूले आफ्ना सन्तानलाई काठमाडौं वा भारतका विभिन्न स्थानमा पढ्न पठाउँथे । केही व्यापारीहरूले 'मुन्सी' राखेर पढाउने गर्दथे । तर सामान्य हैसियतका मानिसहरूको त्यस्तो अवस्था थिएन । तौलिहवामा रहेका सरकारी कर्मचारी र व्यपारीका छोरा-छोरीलाई गोश्वाराका मुन्सीले पढाउने गर्थे र पाठ्यक्रमचाहिँ हिन्दी र अङ्ग्रजीको थियो ।'[३६]

'कपिलवस्तु जिल्लाको सबैभन्दा पुरानो शैक्षिक संस्था श्रीराम पुस्तकालय (वि.सं.१९७२) हो । यस पुस्तकालयको आयोजनामा जनचेतना जगाउने खालका सांस्कृतिक कार्यक्रम, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, विचार गोष्ठी जस्ता कार्यक्रम हुने गर्दथे । वि.सं.१९७८ सालमा स्थानीय शिवालयमा सञ्चालन गरिएको संस्कृत पाठशालाबाट यस जिल्लामा औपचारिक शिक्षाको सुरुवाट भएको हो र यही पाठशाला नै यस जिल्लाको पहिलो शिक्षण संस्था हो । यही संस्कृत शिक्षालय नै हाल आएर तौलेश्वरनाथ संस्कृत माध्यमिक विद्यालयका नामले सञ्चालन भइरहेको छ । यसैगरी यस जिल्लामा १९९७ सालमा जिल्ला सदरमुकाम तौलिहवामै सिद्धार्थ शिक्षालय सञ्चालन भएको थियो । उक्त पाठशालामा वनारसबाट अध्ययन गरी आएका गुरुहरूले अध्यापन गराउँथे । यही शिक्षालय श्री बुद्ध पद्मा विद्यापीठ हुँदै हाल बुद्धपद्म माध्यमिक विद्यालयको रूपमा सञ्चालित छ । संस्कृत शिक्षाबाट सुरु भएको यस जिल्लाको शैक्षिक विकासको क्रम वि.सं. २००३ सालमा अनिरुद्रप्रसाद सिंहले आफ्नै नामबाट विद्यालय सञ्चालन गरी साधारण शिक्षाको सुरुवात गरेका थिए जुन आज अनिरुद्र पब्लिक माध्यमिक विद्यालयको रूपमा बैदौलियामा सञ्चालित छ । यसरी शिक्षाको महत्त्व बुझ्दै गरेका जनताको चाहना र २००७ सालको प्रजातन्त्रको अभ्युदयपश्चात् यस जिल्लामा केही प्राथमिक विद्यालयको स्थापना सुरु भयो । यस जिल्लामा वि.सं. १९७८ मा शिवालयबाट सुरु भएको संस्कृत पाठशालाबाट औपचारिक शिक्षाको थालनी भएको भए तापनि शिक्षा क्षेत्रमा अग्रसर गराउन श्रीराम पुस्तकालय (१९७२), पशुपतिप्रताप पुस्तकालय (१९९३), नवयुवक सङ्घःतौलिहवा (२००४), प्रमोद गृह तौलिहवा (२००३) आदि संस्थाहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । यी संस्थाहरूमा पनि पशुपतिप्रताप पुस्तकालयको योगदान अत्यन्त महत्वपूर्ण रहेको छ । यसै पुस्तकालयमा अहिले पनि थुप्रै पुस्तकहरू रहेका छन् र यस जिल्लाका तमाम व्यक्तिहरू यस पुस्तकालयमा गएर

[३६]. चूरामणि पौडेल, पूर्ववत, पृ· २६ ।

अध्ययन गर्दछन् । यसैगरी यस जिल्लामा हाल आएर कपिलवस्तु जिल्लाको बुड्ढी गा.वि.स.मा जन्मिएर अमेरिकाको कोलोराडो विश्वविद्यालयबाट विद्यावारिधि हासिल गर्नु भएका होमराज आचार्यबाट थालिएको घरघरमा किताब अभियानले पनि यस जिल्लाका बुड्ढीलगायत यसका वरिपरिका गा.वि.स.हरूमा पनि राम्रो प्रभाव पारेको छ । यसबाट पनि यस जिल्लाको शैक्षिक विकासमा राम्रो टेवा पुगको छ ।'[३७]

वि.सं. २०१५ सालभन्दा अगाडि सीमित मात्रामा विद्यालयको स्थापना भएको यस जिल्लामा त्यसपछि तीव्रतर रूपमा शैक्षिक विकास हुँदै गएको छ । अहिले आएर यस जिल्लामा कपिलवस्तु बहुमुखी क्याम्पस तौलिहवा (२०३७), सिद्धार्थ बहुमुखी क्याम्पस वाणगङ्गा (२०४८), सिद्धार्थ कलेज तौलिहवा (२०४८), जस्ता तीन ठूला प्राईभेट क्याम्पसका अतिरिक्त शिवपुर बहुमुखी क्याम्पस शिवपुर, बुद्धभूमि बहुमुखी क्याम्पस इमिलिया, गौतम बुद्ध बहुमुखी क्याम्पस गोरुसिङ्गे जस्ता अन्य प्राईभेट क्याम्पसहरू पनि स्थापना भएका छन् । यसैगरी जिल्लामा '१९ वटा उच्च मा.वि.र २७६ प्रा.वि.हरू रहेका छन् ।'[३८] यस जिल्लामा रहेको कपिलवस्तु बहुमुखी क्याम्पसमा मानविकी र व्यवस्थापन सङ्कायमा स्नातक तहसम्मको अध्ययन-अध्यापन हुन्छ । यसै क्याम्पसमा स्वास्थ्य सम्बन्धी आयुर्वेदेदिक एच.ए. पढाइ पनि हुने गर्दछ । सिद्धार्थ बहुमुखी क्याम्पस वाणगङ्गामा शिक्षाशास्त्र सङ्कायमा स्नातकोत्तर तहसम्म नै अध्ययन-अध्यापन हुने गर्दछ । यसैगरी सिद्धार्थ कलेज तौलिहवामा शिक्षाशास्त्र सङ्कायमा स्नातक तहसम्म अध्ययन-अध्यापन हुने गर्दछ ।

'कपिलवस्तु जिल्लाको शैक्षिक अवस्थालाई उच्च स्तरमा पुऱ्याउनको लागि कपिलवस्तु जिल्लामा शिक्षा कार्यालयबाट थुप्रै शैक्षिक कार्यकमहरू सञ्चालित भएका छन् जसमध्ये सबैका लागि शिक्षा कार्यक्रम, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, अनौपचारकि शिक्षा कार्यक्रम, डकाउ कार्यक्रम, विद्यालय क्षेत्र सुधार कार्यक्रम आदि मुख्य हुन् । कपिलवस्तु जिल्लामा विभिन्न विद्यालय तथा क्याम्पसहरूका अतिरिक्त मुस्लिम समुदायका बालबालिकाहरूले अध्ययन गर्ने छुट्टै मदरसा पनि खुलेका छन् । यी मदरसाहरूमा केवल मुस्लिम समुदायका बालबालिकाहरूले मात्र अध्ययन गर्ने गर्दछन् । यहाँ पनि अन्य विद्यालयहरूमा जस्तै भाषा, गणित, विज्ञानका अतिरिक्त मुस्लिम धर्मसम्बन्धी लेखिएका पाठ्यपुस्तकहरू अध्ययन-अध्यापन हुने गर्दछन् । हाल यस जिल्लामा १७४ मदरसा रहेको पाइन्छ ।

वि.सं.२०५८ को जनगणनाअनुसार यस जिल्लाको साक्षरता प्रतिशत ४१.९ रहेको र जसमध्ये पुरुष साक्षरता प्रतिशत ५२.९ र महिला साक्षरता प्रतिशत २९.३ रहेको देखिन्छ ।'[३९]

---

[३७]. ऐजन, पृ.२७ ।

[३८]. शिक्षा कार्यक्रमको अवस्था र प्रगति प्रतिवेदन, आ.व.२०६४/२०६५, जि.शि.का. कपिलवस्तु, पृ.७ ।

[३९]. सूचना शाखा, जिल्ला विकास समिति.कपिलवस्तु, पूर्ववत् ।

समग्रमा भन्नुपर्दा कपिलवस्तु जिल्लाको शैक्षिक स्थिति वि.सं. १९७२ सालदेखि जागरण हुँदै वि.सं. १९७८ पछि विद्यालयको स्थापना र पठन पाठनमा अगाडि बडेको देखिन्छ ।

## २.११ सञ्चार

विकासको क्रममा शिक्षा र स्वास्थ्य पछिको तेस्रो महत्त्वपूर्ण पक्ष मानिने सञ्चारको क्षेत्र एवम् यसको विकास क्रमलाई हेर्दा अन्य पक्षजस्तै सञ्चारले पनि कपिलवस्तु जिल्लालाई क्रमिक रूपमा अगाडि बढाउँदै लगेको पाइन्छ । सञ्चारअन्तर्गत हुलाक सेवा, पत्रपत्रिका प्रकाशन, रेडियो, टि.भी, दूरसञ्चार आदि मुख्य पर्दछन् जसमध्ये 'यस जिल्लाको सबैभन्दा पुरानो सञ्चार सेवा हुलाक संस्थाले दिँदै आएको पाइन्छ । धेरै पहिलेदेखि जनसेवा पुर्‍याउँदै आएको हुलाकको संख्यालाई हेर्दा १ जिल्ला हुलाक, १ स्थानीय हुलाक, १३ इलाका हुलाक र ५८ अतिरिक्त हुलाक रहेको देखिन्छ ।'[४०]

यसैगरी कपिलवस्तु जिल्लामा सञ्चार सेवा पुर्‍याउने २ वटा एफ.एम., रेडियो कपिलवस्तु एफ.एम र रेडियो बुद्ध आवाज सञ्चालनमा छन् साथै विभिन्न पत्रपत्रिका प्रकाशन हुँदै आएका छन् । यी माध्यमहरूले सञ्चार सेवा बिस्तारलाई निरन्तरता दिइरहेका छन् । नेपाल टेलिकम सेवा तौलिहवा शाखाले पनि सञ्चार क्षेत्रलाई बिस्तार गर्दै लगेको पाइन्छ ।

## २.१२ यातायात

शिक्षा, स्वास्थ्य र सञ्चारजस्तै अर्को महत्त्वपूर्ण पक्ष मानिने यातायातको क्षेत्रमा पनि यो जिल्ला अन्य छिमेकी जिल्लाको तुलनामा अलि पछाडि परेको छ । भारतको सिमानासँग जोडिएको तराईको जिल्ला हुँदाहुँदै पनि यातायातको क्षेत्र पछाडि नै परेको देखिन्छ, यस जिल्लाको सदरमुकाम तौलिहवादेखि चार दिशातिर जाने चार मूल सडक रहेका छन् । जिल्ला सदरमुकाम तौलिहवादेखि दक्षिणतर्फ गएको तौलिहवा-खुनुवा सडक, तौलिहवा बजारदेखि पूर्व गएको तौलिहवा-भैरहवा सडक (लुम्बिनी रोड), तौलिहवा बजारदेखि उत्तरतर्फ गएको तौलिहवा-चार नम्बर (जितपुर) सडक र तौलिहवादेखि पश्चिमतर्फ गएको तौलिहवा-कृष्णनगर सडक नै यहाँका मूल सडकहरू हुन् । यसैगरी पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म गएको महेन्द्र राजमार्गको बुटवल-नेपालगन्ज खण्ड पनि यही जिल्लाभित्रबाट गएको छ । यी मूल सडकका अतिरिक्त यस जिल्लाका गाउँ-गाउँमा जाने कच्ची सडकहरू जतातत‍ै फैलिएका छन् । तर सबै सडकहरू कच्ची र मरम्मत नभएका कारण हिउँदमा पनि कठिनसँग मात्र सवारी साधन चल्ने गर्दछन् । 'हाल यस जिल्लामा जिल्ला सदरमुकाम तौलिहवा तथा जिल्लाका प्रमुख सहरहरू कृष्णनगर, गोरुसिङ्गे तथा चार नम्बर (जितपुर) बाट देशभित्रका स्थानहरू काठमाडौं,

[४०] चूरामणि पौडेल, पूर्ववत्, पृ· १५ ।

बुटवल, भैरहवा, पोखरा, दाङ्ग, अर्घाखाँची, पाल्पासम्म दिवा तथा रात्रि बस सेवा उपलब्ध छ ।'[४१] यहाँका प्रमुख सवारी साधन अन्तर्गत रिक्सा, ट्याक्सी, ट्याम्पो, बस, जिप, कार आदि पर्दछन् भने ढुवानीका निम्ति ट्रक ट्रयाक्टर तथा बैलगाडीको प्रयोग गरिन्छ ।

## २.१३ आर्थिक अवस्था

नेपाल अधिराज्यका तराईका अन्य जिल्लाहरू सरह कपिलवस्तु जिल्ला पनि खाद्यान्नको क्षेत्रमा सम्पन्न रहेको छ । 'मूलतः कृषि प्रधान जिल्ला भएको कारण यस जिल्लामा कृषिमा आधारित उद्योगहरू बढी रहेका छन् । यसका अतिरिक्त महेन्द्रराजमार्गको निर्माण पश्चात् यस जल्लाको पूर्व-पश्चिम भएर गएको महेन्द्र राजमार्गको आसपासमा छालाजुत्ता कारखाना, प्लाष्टिक कारखाना जस्ता विभिन्न उद्योगहरूको स्थापना भएको हुनाले जिल्लाको आर्थिक अवस्था अलि सुदृढ हुन पुगेको छ ।'[४२] यस जिल्लामा खाद्यान्नको उत्पादन बढी मात्रामा हुने हुँदा यस जिल्लाका छिमेकी पहाडी जिल्लाहरू गुल्मी, अर्घाखाँची, बाग्लुङ्ग, प्युठान तथा पाल्पासम्म यहाँको खाद्यान्न बिक्री वितरण हुन्छ ।

कपिलवस्तु जिल्लामा विभिन्न उद्योग कारखानाहरू स्थापना भए पनि जिल्लाको अर्थतन्त्रको मेरुदण्ड भनेको कृषि पेसा हो । कृषिजन्य उद्योगबाहेक अन्य उल्लेख्य उद्यमहरू नहुनु र सरकारी जागिरकै मुख ताक्ने प्रवृत्ति हावी हुनुले कृषिक्षेत्र नै अर्थतन्त्रको मूल मेरुदण्ड बनेको हो । सरकारी क्षेत्र र वैदेशिक लगानीको क्षेत्रले विकासका पूर्वाधार निर्माणमा प्रमुख भूमिका निर्वाह गरेका छन् । देशको आर्थिक, सामाजिक उन्नतिका लागि निजी क्षेत्रले समेत महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । गैर सरकारी क्षेत्रको क्रियाशीलता र चेतना अभिवृद्धिमा पुऱ्याएको योगदानले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा आर्थिक अभिवृद्धिमा पनि टेवा पुऱ्याएको छ । निजी क्षेत्रको उद्योग, व्यापार, कृषि र खाद्यान्न जस्ता क्षेत्रमा छिमेकी जिल्लाहरूको लागि खाद्यान्न आपूर्ति गर्ने जिल्लाको रूपमा समेत यो जिल्ला चिनिएको छ ।

यति हुँदाहुँदै पनि यस जिल्लाका अधिकांश जनताहरू गरिबी, अशिक्षा र पछौटेपनका शिकार छन् । उनीहरूको पक्षमा सकारात्मक सुधार गर्न, आर्थिक, सामाजिक, चेतनामूलक गुण, स्वभाव र धारणामा परिवर्तन ल्याउने एउटा ठूलो चुनौती देखिन्छ । 'जिल्लामा अहिले पनि १२ महिना खान नपुग्ने जनताको सङ्ख्या १६.५ प्रतिशत रहनु कृषि फसल निर्यात गर्ने जिल्लाको लागि चिन्ताको विषय हो । २० प्रतिशत गरिब र ४० प्रतिशत अति गरिब वर्गका जनताको बसोबास रहेको यस जिल्लामा सम्पन्न

---

[४१]. ऐजन, पृ.१६ ।

[४२]. नारायणप्रसाद पौडेल, पूर्ववत्, पृ· ९९ ।

व्यक्तिहरू १० प्रतिशत र मध्यम स्तरीय जनताहरूको सङ्ख्या ३० प्रतिशत रहेको पाइन्छ ।'[४३]

वनजङ्गलयुक्त प्राकृतिक सम्पन्नता '७०८६५ हेक्टर'[४४] जमिनमा फैलिएको छ जसमा विविध जीवजन्तु र चराचुरुङ्गीहरू रहेका छन् । यो जिल्लाको उत्तरी भू-भाग चुरेपहाडतर्फ सटेको छ । जिल्लामा जगदीशपुर ताल र अजिगरा तालतलैया र नदी नालाहरू रहेका छन् जसमा बाह्रै महिना पानी रहने तालतलैया र नदी नालाहरूको सङ्ख्या अति न्यून छ । वाणगङ्गा नदी नै यस जिल्लाको सबैभन्दा ठूलो नदी हो ।

### २.१३.१ बैंक तथा वित्तीय संस्थाहरू

कपिलवस्तु जिल्लामा अर्थतन्त्रको विकास गर्ने उद्देश्यले विभिन्न बैंक तथा वित्तीय संस्थाहरू स्थापना भई सेवा पुऱ्याइरहेका छन् । यसरी जनतालाई सेवा पुऱ्याई अर्थतन्त्रको स्थितिलाई सुदृढ तुल्याउने उद्देश्यले स्थापित यस्ता संस्थाहरूमा 'राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लिमिटेड, सिद्धार्थ फाइनान्स लिमिटेड, निर्धन उत्थान बैंक, पश्चिमाञ्चल ग्रामीण विकास बैंक, कृषि विकास बैंक रहेका छन् ।'[४५]

### २.१३.२ कृषि

'कपिलवस्तु जिल्लाको कुल क्षेत्रफल १,७३,८०० हेक्टरमध्ये ८३,००० हेक्टर जमिन खेतीयोग्य रहेको छ ।'[४६] खेतीयोग्य मैदानी भूभाग अधिक भएको कारण यस जिल्लाका कृषकहरू कृषिमा आत्मनिर्भर रहेका छन् । यो जिल्लाबाट उत्पादन भएको खाद्यान्न अन्य पहाडी जिल्लाहरूमा समेत बिक्री वितरण हुन्छ । यस जिल्लामा धान, मकै, गहुँ, तेलहन, रहर, मसुरो, आलु, सुर्ती, उखु, केरा आदि प्रमुख बालीअन्तर्गत पर्दछन् । 'यस जिल्लामा चारवटा कृषि सेवा केन्द्र र एघारवटा कृषि उपसेवा केन्द्र रहेका छन् ।'[४७]

### २.१३.३ व्यापार

कपिलवस्तु जिल्लाका प्रमुख व्यापारिक केन्द्रहरू कृष्णनगर, बहादुरगन्ज, पत्थरकोट तथा महाराजगन्ज भए तापनि मुख्य चल्तीको व्यापारिक केन्द्रको रूपमा कृष्णनगर नै मानिएको छ । यो जिल्ला कृषि पैदावार बढी हुने जिल्ला भएको कारण भारतको सिमानामा रहेको यस व्यापारिक केन्द्रबाट यहाँको खाद्यान्न भारतमा निकासी हुन्छ । 'यसका अतिरिक्त पहाडी जिल्लाबाट ल्याइएका जडिबुटीका साथै थुप्रै घिउ, सुठो, छाला, अदुवा, काठ, ढुङ्गा, वालुवा भारतमा निकासी हुने गर्दछन् । भारतबाट लत्ताकपडा,

[४३]. ऐजन, पृ.७९ ।
[४४]. नेपाल सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, विभाग, पूर्ववत्, पृ.९०५ ।
[४५]. ऐजन, पृ. ९०१२ ।
[४६]. श्री ५को सरकार, केन्द्रीय तथ्याङ्क विभाग, पूर्ववत् ।
[४७]. जि.वि.स.को कार्यालय, कपिलवस्तु जिल्ला : एक चिनारी, पूर्ववत् ।

पेट्रोल, डिजल, मट्टीतेल, नुन, धातु र धातुका सामान, सिमेन्ट, मसला, साबुन, चिया, कफी आदि पैठारी हुन्छ । यस जिल्लाको कूल जनसङ्ख्याको ३,१८९ मानिसहरू व्यापारिक पेसामा संलग्न रहेका छन् ।'[४८]

## २.१३.४ उद्योग

कपिलवस्तु जिल्लाको आर्थिक विकासका निमित्त उद्योग व्यवसायको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । यस जिल्लामा 'वि.सं. २००४ सालदेखि नै औद्योगिक विकासको सुरुवात भएको मान्नुपर्दछ । कृष्णनगरस्थित कृष्णमिल नै यस जिल्लाको पहिलो उद्योग देखिन  आउँछ । यस जिल्लाका महत्त्वपूर्ण उद्योगहरू पूर्व-पश्चिम भएर गएको महेन्द्र राजमार्गको आसपासका अतिरिक्त कृष्णनगर र तौलिहवामा स्थापना भएका छन् । वि.सं. २००४ सालमा कृष्णनगरस्थित कृष्ण राइस मिलको दर्ता भएदेखि २०४६ सम्मको अवधिमा प्राइभेट, साझेदारी र प्रा.लि. गरी जम्मा १४७२ उद्योग स्थापना भएका र ती उद्योगहरूमध्ये धेरै जसो राइस मिल र इँटा उद्योग प्रमुख देखिन्छन् । यस अवधिभित्र कुनै ठूला उद्योगहरूको स्थापना भएको देखिँदैन भने २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना भएदेखि २०५६ सम्मको अवधिमा यस जिल्लामा महालक्ष्मी सुगर मिल्स लिमिटेड र छालाजुत्ता कारखानाजस्ता ठूला कारखानाका अतिरिक्त प्राइभेट, साझेदारी प्रा.लि.उद्योगहरूको स्थापना तीव्र रूपमा बढ्दै गएको र २०५६।०५७ सालपछि देशमा बढ्दै गएको राजनैतिक विकृति र विसङ्गतिका फलस्वरुप यस जिल्लामा औद्योगिक गतिविधि न्यून रह्यो । २०४९।०५० सालतिर स्थापना भएको कपिलवस्तुकै दोस्रो ठूलो औद्योगिक कारखाना छालाजुत्ता कारखाना अहिले बन्द अवस्थामा रहेका देखिन्छन् ।'[४९]

यस जिल्लाको औद्योगिक विकास कृष्णनगरबाट सुरु भएको हो । यस क्षेत्रमा रहेका अधिकतम औद्योगिक प्रतिष्ठानहरू कृषिमै आधारित छन् । यस क्षेत्रमा तेल, चामल तथा गहुँ मिलहरूको सङ्ख्या अधिक रहेको छ । यसैगरी यसै क्षेत्रमा एउटा ठूलो बिँडी कारखाना पनि रहेको छ । काठ स-मिल, स-साना कपास उद्योगहरू र भेली तथा गुड कारखानाहरू पनि यस क्षेत्रमा प्रशस्त देखिन्छन् । यस क्षेत्रको नजिकै रहेको महालक्ष्मी सुगर मिल्स (जहवारी) र छालाजुत्ता कारखाना (खैरेनीपुर) यस जिल्लाका सबभन्दा ठूला औद्योगिक कल-कारखाना हुन् । यसका अतिरिक्त यस क्षेत्रमा भेली उद्योग, सिमेन्ट कारखाना, कपास फ्याक्ट्री, केमिकल फ्याक्ट्री, प्लाइउड तथा क्रेसर उद्योगहरू यस क्षेत्रमा रहेका छन् ।'[५०]

कपिलवस्तु जिल्लाको सदरमुकामका रूपमा रहेको तौलिहवा पनि यस जिल्लाको अर्को महत्त्वपूर्ण औद्योगिक क्षेत्र हो । यस क्षेत्रमा धेरैजसो चामल, गहुँ तथा तेलहन

---

[४८]. चूरामणि पौडेल, पूर्ववत, पृ· २१ ।
[४९]. नारायणप्रसाद पौडेल, पूर्ववत्, पृ·  २९ ।
[५०].  ऐजन, पृ. ३० ।

मिलहरू रहेका छन् । यसका अतिरिक्त यस क्षेत्रमा सुर्ती कारखाना, स-मिल, भेली कारखाना, माटाका भाँडा बनाउने, पङ्खा, डालो, टोकरी, ढकिया, भ्यौवा, मान्द्रो, गुन्द्री, मचिया, खाट, बाँस बेतका सामानहरू, टेबुल, मेच तथा दराजहरू उद्योगको रूपमा बनाइने भएतापनि यी घरेलु उद्योगहरू उल्लेखनीय रूपमा फस्टाउन सकेका छैनन् ।

यसरी कपिलवस्तु जिल्ला औद्योगिक अवस्थाको दृष्टिले खासै अगाडि बढ्न नसकेको भए तापनि यस क्षेत्रमा पाइने कच्चा पदार्थको सही सदुपयोग गर्दै नेपाल सरकारले लगानी लगाएर उद्योगहरू स्थापना गर्न सकेमा यहाँको भौगोलिक स्थिति उपयुक्त रहेको छ । अहिलेसम्म यस क्षेत्रमा सीमित मात्रामा खुलेका ठूला कारखाना र केही स-साना घरेलु तथा औद्योगिक कलकारखानाले यस जिल्लाका वासिन्दाहरूको आर्थिक विकासका निमित्त उल्लेखनीय भूमिका खेलेका छन् ।

## २.१३.५ पर्यटन

शाक्यवंशीय राजा शुद्धोधनको राजधानी तिलौराकोट नै यस जिल्लाको महत्त्वपूर्ण पर्यटकीय स्थल हो । यस पवित्र स्थलमा विभिन्न मुलुकहरूबाट मानिसहरू पर्यटनको लागि आउने गर्दछन् । भारतबाट नेपाल प्रवेश गर्ने दुई-दुई द्वार (कृष्णनगर र खुनुवा) यसै जिल्लामा पर्ने हुँदा यहाँ पर्यटकहरूको आवागनमन भइ नै रहन्छ । तर अहिलेसम्म यस जिल्लामा पर्यटनले पूर्ण व्यवसायको रूप लिन सकेको छैन । यहाँका केही धार्मिक तथा पर्यटकीय स्थलहरूको छोटो चिनारी दिने प्रयास यहाँ गरिएको छ -

### २.१३.५.१ तौलिहवा

तौलिहवा यस जिल्लाको सदरमुकाम तथा प्रमुख व्यापारिक केन्द्र हो । पर्यटकका लागि आवश्यक पर्ने होटल, यातायात एवम् सञ्चारका साधन यहाँ उपलब्ध छन् । नेपालका अन्य सहरका तुलनामा सबै सामान यहाँ सस्तो मूल्यमा पाइन्छन् । यहाँका व्यापारीले प्रायशः आफ्नै घरमा व्यापार गरेका छन् । बाहिरी व्यापारी धेरै छैनन् । भाडादर महङ्गो पनि छैन । महङ्गो व्याजमा कारोबार पनि हुँदैन । बाहिरी क्रेता नहुनाले पनि यस्तो हुने गरेको हो । विशेष गरेर यहाँ गल्लाको व्यापार हुने गर्दछ ।

'तराजुबाट तौलको काम बढी हुने र तामेश्वरलाई तौलेश्वरमा परिणत गरिएपछि 'तौले' मा 'हवा' प्रत्यय जोडेर पछि तौलिहवा नामकरण भएको किंवदन्ती छ । यहाँ नेपालको निजी क्षेत्रको पहिलो पुस्तकालय पशुपतिप्रताप पुस्तकालय छ जसले भवानी भिक्षु जस्तो कथाकारलाई जन्माएको थियो । त्यस्तै नेपालको दोस्रो स्थानमा पर्ने बालमन्दिर छ जहाँ हाल अनाथ बालबालिकाको पठन पाठनको व्यवस्थासमेत हुने गरेको छ ।'[५१]

---

[५१] कपिलवस्तु नगरपालिका कार्यालय, तेह्रौं नगरपरिषद्, २०६६, पृ.२ ।

### २.१३.५.२ तौलेश्‍वरनाथ मन्दिर

'कपिलवस्तु जिल्लामा धार्मिक सहिष्णुता तथा उदारताको परिणामस्वरुप थुप्रै बौद्ध स्तूप, विहार र हिन्दू मन्दिरहरू निर्माण भैरहेका थिए । यही क्रममा जिल्ला सदरमुकाम तौलिहवा बजारको बीच भागमा करिब १६० वर्ष अघि ताम्रेश्वर महादेव मन्दिरको निर्माण गरिएको थियो । हिन्दूहरूले पूजा गर्ने यहाँको शिवलिङ्ग प्राचीन शिला स्तम्भ भएको कुरा पुरातत्त्वविद् बताउँछन् । कालक्रममा ताम्रेश्वर महादेव मन्दिरलाई तौलेश्वर महादेव भनी सम्बोधन गर्न थालियो । यसै मन्दिरको नाउँबाट यस बजारको नाम तौलिहवा रहन गएको हो भन्ने गरिएको पनि पाइन्छ ।

साढे छ कट्ठा क्षेत्रफलमा रहेको यो मन्दिर निर्माणार्थ राजा रणबहादुर शाहले तत्कालीन पुरी थरका पुजारीलाई ३८४ मौजा उपलब्ध गराएका थिए । बजारको मुटुमा विद्यमान यस मन्दिरले तौलिहवाको परिचायकको दायित्व निर्वाह गर्नुका साथै यो मन्दिर कलात्मक एवम् सांस्कृतिक दृष्टिले विशेष उल्लेखनीय छ । तत्कालीन समयमा गोठालाले गाई चराउने क्रममा एउटा पत्थर फेला पारेको र त्यसलाई खनी हेर्दा एक ठूलो लामो पत्थर फेला परेको थियो । सो पत्थरको भाग खन्दै जाँदा पनि पत्थरको फेद पत्ता लाग्न नसकेपछि सो खनेको भाग पुरेर त्यहाँ नेपाली कालीगढबाट त्यहीँकै बासिन्दा हेमलाल पुरी र गजराज पुरीले आधुनिक मन्दिरको निर्माण गराए । नगर शैलीको यस मन्दिरको बीच भागमा अवस्थित शिवलिङ्ग अन्य शिवालयहरूको भन्दा भिन्न छ । यस मन्दिरको वरिपरिका सत्तल, पाटी, पौवा आदि जीर्ण भागले काष्ठ कलाको प्रतिनिधित्व गरेका छन् । एक तहको आधा पेटीमा अवस्थित यस मन्दिरको आधारदेखि गजुरसम्म क्रमशः घटाउँदै आङ्गिक अनुपात मिलाएर निर्माण गरिएको छ ।'[५२] धातुको कलात्मक गजुर बनाइएको यस मन्दिरको तल्लो तलामा चारैतिर प्रवेशद्वार छन् भने पूर्वी तथा पश्चिमी मूल प्रवेशद्वारको आसपास छरिएर रहेका प्रस्तर र प्रतिमाहरू प्रतिष्ठापित छन् । पूर्वीद्वारको दायाँपट्टि अवस्थित सूर्यमूर्ति मध्यकालीन शैलीमा आधारित छ । यस मन्दिरमा जब आषाढ-श्रावण महिनामा सुख्खा खडेरीको स्थिति आइपर्छ तब गाउँ-गाउँबाट हजारौं महिलाहरू वाणगङ्गा नदीबाट लोहोटाहरूमा पानी ल्याई बाटो-बाटोमा आलोमाटोसित दुई समूह भई स्थानीय लयमा शिवजीको स्तुति गाँउदै जल चढाउन आउने गर्दछन् । यसका अतिरिक्त शिवरात्रिका दिन यस मन्दिरमा ठूलो मेला लाग्दछ ।

### २.१३.५.३ तिलौराकोट

कपिलवस्तु नगरपालिका तथा जिल्ला सदरमुकाम तौलिहवादेखि करिब एक माइल उत्तरतर्फ नदीको किनार तथा तपोवनको निकटवर्ती स्थलमा रहेको तिलौराकोट यस जिल्लाको मात्र नभएर बौद्ध धर्मावलम्बीहरूको लागि एक महत्त्वपूर्ण तीर्थस्थल बन्न

[५२]. ऐजन, पृ. ३ ।

पुगेको छ । 'यस स्थलमा एक देवीको मन्दिर पनि रहेको छ र मन्दिर स्थित शिलामूर्तिहरू मायादेवीको लक्षणयुक्त छन् । आजभोलि पनि नगरवासी तथा ग्रामवासीजन यस मन्दिरमा कोटकी देवीको नामबाट पूजा अर्चना गर्दछन् ।'[५३] 'यही मन्दिरको समीप पूर्व-उत्तरतर्फ रहेको तात्कालिक इँटले निर्मित गोलाकार एक ठूलो र अर्को केही सानो गरी जम्मा दुई स्तूपहरू रहेका छन् । यी स्तूपहरू रहेको ठाँउलाई राजा शुद्वोधन र रानी मायादेवीको समाधिस्थलको रूपमा हेर्न सकिन्छ ।'[५४]

'सन् १८९३ बाट पाल्पाका गभर्नर जनरल खड्ग शमशेरको पहलमा खोजी हुँदै गरेको र सन् १९१५ मार्च पछि जर्मन विद्वान् डा.एफ्युहररले यसको खोजी कार्य अगाडि बढाएका हुन् । हालसम्म कनिङ्घम, कार्लाइल, डेभिड्स, भिन्सेन्टा स्मिथ, डा. भोष्ट, पी.सी. मुखर्जी, डा.जोशी, देवला मित्रा, जापानको रिस्सो विश्वविद्यालय आदिले उत्खनन अन्वेषण गर्दै भगवान् बुद्धको प्राचीन दरबार भएको प्रमाणित गरेका छन् । दरबार क्षेत्रको उत्तरदक्षिण एक हजार सात सय र पूर्व-पश्चिम एकहजार तीन सय फिट रहेको छ । पर्खालको चौडाइ ८ देखि १२ फिटसम्म भएको पाइएको छ । हालसम्म उत्खननबाट प्राप्त प्रमाणित वस्तुहरूमा दरबार, सुरक्षा पर्खाल, पोखरी, स्तूप, यशोधरा-राहुल विहार, Gey ware भाँडाका टुका, N.B.P. का टुका, punchmarked coin, साँचामा ढालेका मुद्रा, तत्कालीन गहना, हातहतियार आदि यहाँका दृश्यावरण वस्तु हुन् जसले यहाँ पर्यटन गर्न आउने जो कोहीलाई पनि आकर्षित गर्दछन् ।

कपिलवस्तु जिल्लामा अवस्थित तिलौराकोट नै शान्तिका अग्रदूत भगवान् गौतम बुद्धले २९ वर्षसम्म जीवन यापन गरेको ठाउँ हो । यसै स्थलमा भगवान् गौतम बुद्ध हुर्के, बढे, यौवन प्राप्त गरे । यसै स्थानमा विवाह गरी छोरा राहुलका पिता बनेका सिद्धार्थ गौतमलाई बुद्धत्व प्राप्ति गर्नका निमित्त जन्म, मृत्यु, जरा, व्याधि यी सांसारिक लक्षण देखापरे । यिनै लक्षणबाट विरक्त हुन पुगी सांसारिक जीवन त्याग गरी बुद्धत्व प्राप्त गर्न हिँडेको र बुद्धत्व प्राप्ति पछि पुन : एकपटक यस स्थानमा आएको कारणबाट पनि यस स्थानको महत्त्वमाथि कपिलवस्तु जिल्लाको मात्र नभएर नेपाल अधिराज्यको एक प्रमुख तीर्थस्थल बन्न पुगेको छ । '[५५]

### २.१३.५.४ चन्द्रघण्टा दुर्गा मन्दिर

'तौलिहवा बजारको सागर टोलस्थित दक्षिण-पूर्व कुनामा रहेको यो मन्दिर सागर टोलका स्थानीय जनताको सामाजिक संस्था शान्ति समाज नेपालले २०५७ जेठ ११ गतेदेखि  निर्माण कार्य सुरुगरी २०५९ माघको श्रीपञ्चमीमा उद्घाटन गराइएको हो । अहिले यो पर्यटकको आकर्षणको केन्द्र बिन्दु बनेको छ । करिव १२ लाखको लागतमा

---

[५३]. ऐजन,पृ. ५ ।
[५४]. स्थलगत भ्रमणबाट लिइएको जानकारीअनुसार ।
[५५]. नारायणप्रसाद पौडेल, पूर्ववत्,पृ.१२ ।

स्थानीय जनताले बनाएको यो मन्दिर कलात्मक तथा प्रेरणादायी छ । जनताले चाहेमा आफै पनि यस्ता काम गर्न सक्छन् भन्ने उदाहरणसमेत बनेको छ ।'[५६]

### २.१३.५.५ सागरताल

'चन्द्रघन्टा मन्दिरको पूर्वोत्तर किनारमा सागरजस्तै भएर बसेको यो सुन्दर ताल तौलिहवाको गहनाको रूपमा रहेको छ । यसको संरक्षण र सरसफाइ गरी बोट (डुङ्गा) सञ्चालन गर्ने योजना कपिलवस्तु नगरपालिकाले बनाएको छ । यो ताल पर्यटकको सेवा र स्वागतका लागि आफै पनि प्रतीक्षारत छ । तालको क्षेत्रफल ५ बिगाहा १५ कट्ठा १५ धुर रहेको छ ।'[५७]

### २.१३.५.६ समयमाई मन्दिर

तौलिहवा बजारको नजिकै उत्तरपट्टि आनन्दवाग भन्ने ठाउँमा एक ढिस्कोमा समयमाई मन्दिर रहेको छ । वर्तमान अवस्थामा सामान्य विधिविधानअनुसार पूजा-आजा गरिने उक्त देवालय खुल्ला रहेको कारण कैयन् पुराना मूर्तिहरू हराएको कुरा स्थानीय वासिन्दाहरू बताउँछन् । देवालयलाई बन्द गर्ने वास्तु शैलीमा निर्माण गरिएकोमा दैवी शक्तिले भताभुङ्ग हुने हुँदा खुल्ला नै छाड्ने परम्परा रहेको छ । उक्त मन्दिरमा एक देवीको आकार अस्पष्ट हुने गरी घोप्टिएको मूर्ति छ । यसका अतिरिक्त अरु ढुङ्गाहरू उठ्याइराखेका र टीका लगाई पूजा गरिरहेका जस्ता देखिन्छन् । देवीको मूर्तिको आकार हेर्दा रुखका हाँगा समातेका मायादेवीकै मूर्तिको आभास हुन्छ । यसका अतिरिक्त यस मन्दिरमा माटाका हात्ती, घोडा बनाई अन्य समय माईका मन्दिरहरूमा जस्तै पूजा गर्दा चढाउने गरिएको पाइन्छ । यसको क्षेत्रफल २ कट्ठा १७ धुर रहेको छ ।'[५८]

### २.१३.५.७ सगरहवा

शाक्यवंशीय राजा शुद्धोधनको राजधानी तिलौराकोटदेखि करिब तीन कि.मि. उत्तरमा वाणगङ्गा नदीको किनारमा अवस्थित यो ठाउँ कपिलवस्तु जिल्लाको एक अर्को अति महत्त्वपूर्ण तीर्थस्थल हो । सगरहवा भन्ने पुरानो तालको नामबाट यस स्थलको नाम सगरहवा रहन गएको अनुमान गरिन्छ । 'ई.पू. पाँचौं शताब्दीतिर कोशलराज विरुढकले शाक्यहरूको हत्या गरेको स्थलकै रूपमा यस स्थानलाई चिनिन्छ । यस स्थानमा ठूला-साना गरी १७ वटा स्तूपहरू रहेका छन् । यी स्तूपहरूभित्र कमलका आकारको इँट र त्यसमा अस्थि, सुनका नागहरू, सुनचाँदीका टुक्राहरू, त्रिशुल, भाला इत्यादि राखिएको छ । भारतीय विद्वान् विजय श्रीवास्तवका अनुसार कपिलवस्तुका शाक्यहरूले कोशल

---

[५६]. कपिलवस्तु नगरपालिका कार्यालय, पूर्ववत्,पृ.३ ।
[५७]. ऐजन,पृ. ३ ।
[५८]. ऐजन,पृ. ३ ।

नरेश प्रेसनजितको विवाह एक दासी पुत्री वासमखनियासँग गराइदिएको र उनीबाट जन्मिएका दासी पुत्र विरुढक एक दिन शाक्यहरूले राखेको भोजमा अपमानित हुन पुगेको कारण विरुढक शाक्यहरू विरुद्ध लडाइँ गरी यही स्थानमा दुध खाने बालबालिका सहित ७७ हजार भन्दा बढी शाक्यहरूको बध गरेका थिए ।'[५९]

## २.१३.५.८ निग्लिहवा

'कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा बजारको उत्तरपट्टि करिव ९ कि.मि. टाढा रहेको जिल्लाको दोस्रो महत्वपूर्ण पर्यटकीय स्थल हो । यही स्थानमा संभवत हालसम्म बनाएका कृत्रिम तालहरूमध्येको सबभन्दा ठूलो ताल जगदीशपुर ताल रहेको छ । निग्लिहवा गा.वि.स. को वार्ड नं. १ र ४ मा अवस्थित उक्त ताल करिब १५७ हेक्टर क्षेत्रफमा फैलिएको छ । यसै स्थानमा कनकमुनि बुद्धको जन्म भएका कारण यो स्थलको महत्त्व माथि पुगेको हो । यसका अतिरिक्त निग्लिहवाको पश्चिमपट्टि सम्राट अशोकले खडा गरेको स्तम्भ दुई टुक्रा परेको अवस्थामा रहेको छ । स्थानीय भाषामा चुरोट वा निगलीको आकारमा रहेको स्तम्भ यसै स्थानमा रहेको र यसै स्तम्भको नामका आधारमा नै यहाँको पोखरीलाई निग्लिसागर भनिएको हो ।'[६०]

अनेकतामा एकता र एकतामा अनेकता देख्न पाइने एसियाका तारा उपाधिमा मात्र सीमित नभई विश्वकै ताराका रूपमा परिचित भगवान् गौतम बुद्धका पिता शुद्धोधनको राजधानी प्राचीन कपिलवस्तुको सेरोफेरोमा रहेको निग्लिहवाको आफ्नै छुट्टै विशेषता रहेको छ । यहाँ नेपाली, अवधी, हिन्दी र थारू भाषाषीहरू रहेका छन् । निग्लिहवा आकारको दृष्टिले सानो रहेको भए तापनि विशाल सम्पदाले भरिपूर्ण छ । यहाँ रहने अनेकौं जातजातिका चराचुरुङ्गीको कलख जलक्रीडा, प्रातः र सन्ध्याकालमा देखिने मनोरम दृश्य र उत्तरमा देखिने स्वच्छ, शुभ हिमाल यहाँको आकर्षण हो । राम्रो पर्यटन आकर्षणको केन्द्र विन्दु रहेको यस तालको बीचमा एक बुद्ध मन्दिर र त्यहाँसम्म जाने सुरक्षित बाटो, विश्राम स्थल, मोटर बाटो सञ्चालन, तालको दृश्यावलोकनको व्यवस्था तथा पक्षी संरक्षण केन्द्रको विकास गर्दै लैजान सकेमा यो स्थल नेपाल अधिराज्यकै अद्वितीय आकर्षणस्थल बन्नेछ । त्यसैगरी यस क्षेत्रका मौलिक कला, संस्कृति, रीतिरिवाज, परम्परा र भेषभूषाले पनि पर्यटकीय आकर्षणलाई राम्रो सहयोग पुऱ्याउन सक्छ । यसरी आफ्नो अद्वितीय पर्यटकीय पूर्वाधार र अस्तित्व बोकेको निग्लिहवा पर्यटनको केन्द्र बन्न पुगेको छ ।

[५९]. चूरामणि पौडेल, पूर्ववत्, पृ .१८ ।
[६०]. नारायणप्रसाद पौडेल, पूर्ववत्, पृ.३ ।

## २.१३.५.९ बडिमस्जिद (इस्लाम अहमदबिन हम्बल विकास केन्द्र)

तौलिहवामा रहेका मुस्लिमहरूले गौरव गर्ने ठाउँ हो बडिमस्जिद । तौलिहवा बजारको पश्चिममा रहेको यो मस्जिद सन् १९८० देखि निर्माण कार्य सुरू भएर हालसम्म पनि निर्माणाधीन छ । यो मस्जिदको मदरसामा १०+२ सम्म उर्दू तथा अरबी भाषामा धार्मिक पढाइ हुने व्यवस्था छ भने अङ्ग्रेजीमा नि.मा.वि. सम्मको पढाइ हुने गर्दछ । यसभित्र नवाजहल, औषधालय, छात्रावास आदिको सुविधा छ । दुई हेक्टर जमिनमा करिव तीन करोडको लागतमा बनेको ६ वटा ठूल्ठूला भवन छन् । अरु पनि बन्दैछन् । यस संस्थाले दाङको भालुवाङ, अर्घाखाचीको पाली, कपिलवस्तुको दोहोनी र बैदौलीमा पनि मदरसा र मस्जिद निर्माण गरी त्यहाँका मुस्लिम समुदायमा हस्तान्तरण गरिरहेको छ । मुस्लिम धर्म प्रचारमा यसको उल्लेखनीय योगदान रहँदै आएको छ ।'[६१]

## २.१३.५.१० ट्वीन स्तूप

'प्राचीन  तिलौराकोट दरबारदेखि ५०० मिटर उत्तरमा यो स्तूप छ । यसलाई राजा शुद्धोधन र मायादेवीको समाधिस्थल भनेर केही विद्वान्हरूले आफ्नो राय व्यक्त गरेका छन् । शुद्धोधन स्तूपको परिधि ५२ फिट र उचाइ ७.५ फिट रहेको छ । त्यससँग पूर्वोत्तर किनारमा मायादेवीको स्तूप छ ।'[६२]

## २.१३.५.११ कपिलवस्तु सङ्ग्रहालय

'दरबारक्षेत्रदेखि ४०० मिटर दक्षिण पश्चिममा प्राचीन कपिलवस्तुमा उत्खनन गर्दा भेटिएका बहुमूल्य वस्तुहरू यहाँ राखिएका छन् । मङ्गलबारबाहेक अन्य दिनहरूमा सःशुल्क अध्ययन र अवलोकन गर्न सकिन्छ ।'[६३]

## २.१३.५.१२ रिशोइयन शान्ति विहार

'जापानी नागरिक टोगेन मुकारामीले तीन करोडको लागतमा बनाएको यो विहारभित्र बुद्धमन्दिर, भिक्षु आवास गृह र अतिविशिष्ट पाहुनाका लागि चाहिने अत्याधुनिक सुविधा सम्पन्न आवासको समेत व्यवस्था छ । उद्घाटन भएको दस वर्षपछि पनि यस विहारलाई अझैसम्म प्रयोजनमा भने ल्याइएको छैन । पर्यटकका लागि यसले पनि आकर्षणको काम गरेको छ र यो विहार पनि दर्शनीय छ ।'[६४]

---

[६१]. कपिलवस्तु नगरपालिका कार्यालय,पूर्ववत्, पृ . ३ ।
[६२]. ऐजन, पृ .४
[६३]. ऐजन पृ. ४ ।
[६४]. ऐजन पृ ५ ।

## २.१३.५.१३ कुदान

'तौलिहवा बजारदेखि ३ कि.मि. दक्षिणमा रहेको यो ठाउँलाई राजा शुद्धोधनको न्यायालय थियो पनि भनिन्छ । देवदत्त र सिद्धार्थको बीच हाँसको बारेमा झगडा हुँदा यसै ठाउँमा झगडा मिलाएको किंवदन्ती छ । हाल स्थापनामा प्राचीन शिवालय र २ वटा स्तूप छन् जसलाई 'लौरीकुदान' भन्ने गरिन्छ । यो ठाउँलाई चिनियाँ यात्री ह्वोयन साङ र फयहानटोले शुद्धोधनलाई भेटेको ठाउँ भनी उल्लेख गरेका छन् । यसै ठाउँमा ५०० शाक्यहरूले गृहत्याग गरेको पनि बताइन्छ । कसैले निग्राधराम भनी उल्लेख गरेको पनि पाइएको छ ।'[६५]

## २.१३.५.१४ गोटिहवा

'तौलिहवाबाट करिब ५ कि.मि. पश्चिम, कुदानदेखि ३ कि.मि.दक्षिणमा पर्ने यो ठाउँमा प्राचीन अशोक स्तम्भ छ । यस ठाउँलाई ऋकुच्छन्द मानुषी बुद्धको नगरी मानिएको छ । फायहानको वर्णनअनुसार यस नगरको छेउमा एउटा स्तूप थियो जो ऋकुच्छन्द बुद्धले निर्वाणको ज्ञान प्राप्त गरेपछि आफ्ना पितासँग भेट गरेको ठाउँमा बनाइएको थियो । नगरको दक्षिण-पूर्वमा राजा अशोकले स्थापित गरेको ३० फिट अग्लो सिंह स्तम्भ भएको पनि उल्लेख गरेका छन् । बाबु पूर्णचन्द्र मुखर्जीले यस ठाउँमा अनुसन्धान गर्न सन् १८९९ मा आउँदा स्तूपको परिधि ६८ फिट भएको बताइन्छ । मेनर वाडेलले सन् १८९८ मा स्तूपको मध्यभागमा उत्खनन गर्दा ६/७ इन्चको गहिरोमा पक्काइँटाबाट निर्मित एउटा स्थानबाट केही मानव अस्थिधातु र कोइलाका टुक्राहरू प्राप्त गरेको थियो ।'[६६]

उल्लिखित ठाउँहरूका साथै कपिलवस्तुभित्रका अन्य दर्शनीय स्थानहरूमा डेरवा, वर्दहवा, लमतियाकोट, पिपरी, पटखहवा आदि पुरातात्त्विक स्थलहरू रहेका छन् । विभिन्न बाग बगैँचा एवम् जल प्रवाह र मानिसको अन्तिम संस्कारका लागि रामघाट छ । कपिलवस्तु आएका पाहुनाहरूको स्वागतार्थ एवम् अतिथि सत्कारका लागि कपिलवस्तु नगरपालिकाको आफ्नै अतिथि गृह छ । यसबाहेक कपिलवस्तु नगरपालिका भित्रै रेडक्रस सोसाइटीको पनि अतिथि निवास छ । होटलहरूमा बुद्ध, मुनस्टार, दधिराम, प्रिन्स, सिद्धार्थ, मल्ल, अमरदीप, सापकोटा, सेन, पाम आदि रहेका छन् ।

भगवान्ले दिएको र पुर्खाले पनि जोगाइ दिएर राखेको यो राष्ट्रको अमूल्य निधि हो कपिलवस्तु । यसले नेपाललाई अन्तरराष्ट्रिय स्तरमा चिनाउने काम गरेको छ । कपिलवस्तुको इतिहास नेपालको भन्दा धेरै पुरानो छ । नेपाल नजानेको र नचिनेकोले पनि कपिलवस्तु जानेको छ, पढेको छ ।

---

[६५]. ऐजन पृ.६ ।

[६६]. ऐजन,पृ. ६ ।

यसरी कपिलवस्तु जिल्लाको आर्थिक अवस्थामा टेवा पुऱ्याउने कृषि, व्यापार, उद्योग, पर्यटन आदि जस्ता विभिन्न क्षेत्रमा आएको विकासले यहाँको आर्थिक वृद्धिमा सहयोग पुऱ्याएको छ । प्राचीन समयदेखि व्यापार र कृषिमा परिचित पेसागत संलग्नतालाई हेर्दा 'कृषिमा ७२.११ प्रतिशत, उद्योग व्यापारमा ०.८५ प्रतिशत, जागिरमा १.०९ प्रतिशत, वैदेशिक रोनगारमा ०.७७ प्रतिशत र विविध पेसामा २५.१८ प्रतिशत रहेको देखिन्छ ।'[६७]

## २.१४ प्रमुख सहरहरू

### २.१४.१ तौलिहवा

तौलेश्वरनाथ मन्दिरको नाउँबाट नामकरण गरिएको तौलिहवा सहर नै यस जिल्लाको सबभन्दा प्रसिद्ध सहर हो । पूर्वमा जमवार र पश्चिममा वाणगङ्गा नदीको बीचमा परेको यो सहर 'समुद्रको सतहबाट १०३ मिटर अर्थात् ३४० फिट उचाइमा रहेको छ ।'[६८] यही सहर नै कपिलवस्तु जिल्लाको सदरमुकाम बन्न पुगेको छ । छिमेकी रूपन्देही जिल्लाको सदरमुकाम भैरहवाबाट ५१ कि.मि. पश्चिममा रहेको यो सहर प्राचीन कालमा कपिलवस्तुको नामबाट प्रख्यात थियो । बौद्धकालीन समयदेखि प्रसिद्ध यस सहरले हाल जिल्लाभित्रको सबभन्दा ठूलो बजारको रूप लिएको छ ।

कपिलवस्तु जिल्लाको सदरमुकामको रूपमा रहेको सहरको पूर्वी भेगमा अति सुन्दर बालमन्दिरको आफ्नै विशेषता रहेको छ । टाढाबाट हेर्दा मन्दिर जस्तै देखिने यो भवन ज्यादै नै सुन्दर देखिन्छ । यस भवनको पूर्वपट्टि एउटा पोखरी र यसको पारिपट्टि अतिथि भवन रहेका छन् । यही बजारको बीच भागमा अवस्थित तौलेश्वरनाथको मन्दिरले यस सहरलाई अझ बढी शोभा दिइरहेको छ । त्यसैगरी बौद्ध विहार, अल्माहदुल मस्जिद, जामे मस्जिद र रामजानकी मन्दिर यही तौलिहवा सहरभित्र रहेका छन् ।

जिल्ला सदरमुकाम रहेको तौलिहवा सहरमा जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तु नगरपालिका कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, शाखा तथ्याङ्क कार्यालय, जिल्ला शिक्षा कार्यालय गरी जिल्लास्तरीय सबै कार्यालयहरू रहेका छन् । मध्यपश्चिम नेपालका पहाडी बासिन्दाहरूको भारत जाने मुख्य बाटोको बीचमा पर्ने भएको हुँदा यो सहर कपिलवस्तु जिल्लाको एक व्यापारिक केन्द्र बन्न पुगेको छ । यस बजारभित्र विशेषतः खुद्रा, चिया, कपडा, मिठाई, पान, औषधि, भाँडाकुडा, फलामका पसलहरू रहेका छन् । यसैगरी सुनचाँदीका गहना बनाउने तथा विदेशी सामानका पसलहरू पनि यस सहरभित्र रहेका छन् । यस सहरभित्र यस जिल्लाकै सबभन्दा पुरानो र अहिलेसम्मकै सबभन्दा ठूलो अस्पताल पृथ्वी वीर अस्पताल रहेको छ ।

---

[६७]. जि.वि.स.को कार्यालय,कपिलवस्तु जिल्ला : एक चिनारी, पूर्ववत् ।
[६८]. श्री ५को सरकार केन्द्रीय तथ्याङ्क विभाग पूर्ववत् ।

यसका अतिरिक्त सरकारी गैरसरकारी आयुर्वेदीय औषधालय, होमियोपेथिक ल्किनिक र जन प्राइभेट ल्किनिहरू पनि रहेका छन् ।

कपिलवस्तु जिल्लाको सदरमुकामका रूपमा रहेको यस जिल्लाको प्रमुख सहर तौलिहवाभित्र यस  जिल्लाका अन्य क्षेत्रमा भन्दा शैक्षिक विकास बढी भएको देखिन्छ । यस सहरभित्र अर्धसरकारी रूपमा सञ्चालित कपिलवस्तु बहमुखी क्याम्पस र निजी रूपमा सञ्चालित सिद्धार्थकलेजमा स्नातक तहसम्मको अध्ययन अध्यापन हुने गर्दछ । ३ वटा उच्च माध्यमिक विद्यालय, एक आयुर्वेदिक शिक्षालय एच.ए., ६ वटा माध्यमिक विद्यालय र १६ वटा प्राथमिक विद्यालयहरू रहेका छन् । समग्रमा हेर्दा कपिलवस्तु जिल्लामा अवस्थित तौलिहवा सहर नेपाल अधिराज्यकै एक प्राचीन सहरअन्तर्गत गनिने भए तापनि यस सहरको विकास तीव्र गतिमा हुन सकिरहेको छैन । कपिलवस्तु जिल्लाको एक नगरपालिका क्षेत्रको रूपमा चिनिने यस तौलिहवा सहरभित्र बाटोघाटो, ढल निकास, खानेपानी, स्वास्थ्य आदि कुराहरूको पूर्ण विकास भइनसकेको भए तापनि यस जिल्लाभित्रका सहरहरूमध्ये तौलिहवा सहर अग्र स्थानमा रहेको छ । यसै सहरभित्र नेपाल राज्यकै एक प्राचीन पुस्तकालयका रूपमा मानिने पशुपतिप्रताप पुस्तकालय पनि रहेको छ ।

## २.१४.२ कृष्णनगर

कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवादेखि करिव ३० कि.मि. पश्चिममा रहेको यो सहर यस जिल्लाको दोस्रो ठूलो सहरको रूपमा चिनिन्छ । यो सहर भारतसँग जोडिएर रहेको छ । भारतको बढनी रेलवे स्टेसन यो सहरदेखि नजिकै पर्ने भएको हुँदा यो ठाउँ व्यापारिक दृष्टिकोणले निकै महत्त्वपूर्ण मानिन्छ । यस सहरमा मुख्यतया मारवाडी तथा मुसलमानहरूको बस्ती रहेको भएतापनि हाल आएर यस जिल्लाका छिमेकी पहाडी जिल्लाबाट बसाइँ सराइँ गरेर आउने क्रममा वृद्धि भैराखेको कारण यस सहरमा ब्राह्मण, मगर, ठकुरीहरूको पनि केही मात्रामा बसोबास रहेको देखिन्छ ।

यस सहरमा मूलतः धान, गहुँ, तेलहनका मिलहरू बढी मात्रामा रहेका छन् । यसका अतिरिक्त बिडी कारखाना ,स-मिल, भेली कारखाना, स-साना ग्यास कारखाना यस सहरभित्र रहेका छन् । यस सहरभित्र थोक तथा फुटकर पसलहरू, कपडा पसलहरू प्रशस्त मात्रामा रहेका छन् । यस सहरबाट चामल, घिउ जस्ता खाद्य पर्दाथ तथा जडिबुटीहरू भारतमा निर्यात गरिन्छ भने भारतबाट कपडा, फलामका सामान, मसला आदि आयात गर्ने र बिक्री वितरण गर्ने काम हुन्छ । यस सहरभित्र बिजुली बत्ती उपलब्ध भैसकेको भए तापनि स्वच्छ खानेपानी, स्वास्थ्य, ढल निकास, बाटोको आंशिक विकास भने हुन सकेको छैन ।

यस सहरभित्र मूल भन्सार कार्यालय, अन्तः शुल्क कार्यालय, कर कार्यालय ,प्रहरी थाना, हुलाक कार्यालय, आकासवाणी, स्याटलाइट, नेपाल राष्ट्र बैंक, सटही काउन्टर, नेपाल बैंक लिमिटेड, नेशनल ट्रेडिङ लिमिटेड, साल्ट ट्रेडिङ कर्पोरेसन, कृषि विकास बैंक, प्रशाखा व्यापार सङ्गठन, श्री ५ महेन्द्र पुस्तकालय, प्रमोद गृह, कृष्णनगर आर्दश गाउँ विकास समिति कार्यालय, महिला सिल्पकला केन्द्रजस्ता सरकारी कार्यालय तथा सङ्घ-संस्था रहेबाट पनि यस सहरको महत्त्व रहन गएको छ । शैक्षिक दृष्टिकोणले यो सहर त्यति विकसित हुन सकेको छैन । यस सहरभित्र एक माध्यमिक विद्यालय कृष्णनगर माध्यमिक विद्यालय र केही निजी बोर्डिङ स्कुलहरू मात्र रहेका छन् । यस सहरका सम्पन्न व्यक्तिहरू आफ्ना बालबच्चाहरू भारततिर लगेर पढाउने र यस क्षेत्रको शैक्षिक विकासमा कुनै चासो नराखेरका कारण यो सहर शैक्षिक दृष्टिकोणले पछाडि परेको देखिन्छ ।

अन्त्यमा भन्नुपर्दा कपिलवस्तु जिल्लाका प्रमुख सहरहरूको रूपमा तौलिहवा र कृष्णनगर मानिए तापनि यस जिल्लामा महेन्द्र राजमार्गको निर्माण भएपछि यसको आसपासमा रहेका केही गाउँहरू पनि सहरीकरण हुन लागेका छन् । चार नम्बर (जितपुर), गोरुसिङ्गे, चन्द्रौटा, वनगाई, इमिलिया, बोर्डगाउँजस्ता ठाउँहरू क्रमिक रूपमा सहरमा परिणत हुन लागेका भए तापनि पूर्ण रूपमा सहर हुन सकेका छैनन् । यसका अतिरिक्त पत्थरकोट, बहादुरगन्ज, महाराजगन्ज पनि यस जिल्लाका स-साना सहर अन्तर्गत गनिन्छन् ।

यसरी कपिलवस्तु जिल्लाका महत्त्वपूर्ण दुई सहर व्यापार, उद्योग र अन्य विविध क्षेत्रका हिसाबले अगाडि बढेका भए तापनि यी सहरहरू रूपन्देही जिल्लाका भैरहवा र बुटवलको तुलनामा पछाडि नै रहेको देखिन्छ । हुनत यी सहरहरू भैरहवा र बुटवलभन्दा पनि प्राचीन सहर हुन् तर तीव्र रूपमा यी सहरको विकास हुन सकिरहेका छैनन् । नेपाल सरकारले यस विषयमा ध्यान पुऱ्याउन सकेमा यी पनि ठूला सहरको रूपमा चिनिनेछन् ।

## २.१५ भाषा भाषिकाको अवस्था

‘कपिलवस्तु जिल्लामा विविध भाषा-भाषीहरूको बसोबास रहेको पाइन्छ । सबैभन्दा पुरानो शाक्य जातिले पाली भाषा प्रयोग गर्दथे । भगवान् गौतम बुद्धले यसै भाषामा आफ्ना चेलाहरूलाई अर्ती उपदेश दिने गरेको पाइन्छ । यहाँ नेपाली मुलका भाषा-भाषीहरू धेरै पछाडि आएर मात्र बसोबास गरेका हुन् । यस जिल्लाको सबभन्दा प्राचीन बासिन्दा शाक्य वंश भएको मानिन्छ । हाल आएर यस जिल्लामा थारू, मुसलमान, अवधी, भोजपुरी, नेपाली, नेवारी भाषा- भाषीहरू बसोबास गर्दै आएका भए तापनि यस जिल्लाका आदिवासीका रूपमा थारू, मुसलमान तथा भोजपुरी भाषा-भाषीहरू रहेको पाइन्छ ।

यस जिल्लामा मूलत : पश्चिमाञ्चलका पहाडी जिल्लाका नेपाली बासिन्दाहरू बसाइँ सराइँ गरी आएका हुँदा यस जिल्लामा बोलिने प्रमुख भाषिका पर्वती भाषिका हो अर्थात् यस जिल्लामा नेपाली भाषाका पाँच भाषिका मध्ये पूर्वेली भाषिका नै प्रमुख बोलचालको भाषा रहेको छ। यो जिल्लामा बोलिने भाषिका समयावधिका आधारमा त्यति पुरानो नभएको हुँदा यस जिल्लाभित्र बोलिने यस भाषिकामा भेद तथा उपभेदहरु त्यति नपाइने भए तापनि नेपालका राष्ट्रिय भाषा र यहाँ बोलिने पर्वती भाषिकाका शब्दहरू बीच भेद पाइन्छ । कपिलवस्तु जिल्लामा नेपाली भाषाका अतिरिक्त अन्य भाषा मगर, नेवारी, मुसलमान आदि भाषा भए पनि ती भाषा-भाषीको सङ्ख्या न्यून रहेको छ। ती जातिहरूको व्यवहारिक भाषा नेपाली भाषा नै रहेको छ।

## २.१६ निष्कर्ष

शाक्यवंशी राजा शुद्धोधनको राजधानीका रूपमा रहेको खजहनी जिल्ला विं सं. २०१९ सालमा नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरेपछि लुम्बिनी अञ्चल कपिलवस्तु जिल्लाका नाउँबाट प्रख्यात भयो । यस जिल्लाको नाउँ साङ्ख्य दर्शनका प्रणेता कपिलमुनिको नाउँसँग सम्बन्धित रहेको छ। नेपाल अधिराज्यको मध्य दक्षिण भागमा अवस्थित यो जिल्ला प्राचीन कालदेखि आवादी क्षेत्रको रूपमा रहेको छ।

अति प्राचीन कालदेखि प्रख्यात यस कपिलवस्तु जिल्लामा बुद्धकालीन समयमा शाक्यवंशी राजा शुद्धोधनको दरबार बनेको थियो । यी ऐतिहासिक स्थल अहिले केवल भग्नावशेषका रूपमा रहेका र सम्राट् अशोकले स्थापना गरेका स्तम्भहरूको उचित संरक्षण गर्न सकेमा तीर्थयात्रीहरू र पर्यटकहरूबाट हुने आम्दानीले यस जिल्लाको आर्थिक स्थितिमा सहयोग पुग्न सक्ने देखिन्छ । यो जिल्ला ऐतिहासिक तथा पुरातात्त्विक दृष्टिकोणले निकै महत्त्वपूर्ण रहेको छ। यस जिल्लामा पूर्व-पश्चिम राजमार्गको स्थापना र औलो रोगको उन्मुलन भएपश्चात् बसाइँ सराइँ गरेर आउने मानिसको सङ्ख्या दिनानुदिन बढ्दै गइरहेको छ।

भू-बनोटका आधारमा हेर्दा यो जिल्लाको अधिकांश भाग तराईको समथर भूमिमा रहेको छ। यस भागलाई उत्तरको भावर प्रदेश र दक्षिणको समथर भूमि गरी २ भागमा बाँडिएको छ । कपिलवस्तु जिल्लाको अशिकांश भू-भाग जङ्गलले ढाकेको छ । पूर्वमा रूपन्देही, पश्चिममा दाङ जिल्लासँग जोडिएर रहेको यो कपिलवस्तु जिल्लाको भू-भाग मध्यभागको भावर प्रदेश र दक्षिणको समथर भूमिले बनेको छ । यस जिल्लामा बसाइँ सराइँमा तीव्रगतिमा वृद्धि भैरहेको कारण जनसङ्यामा तीव्र वृद्धि, शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा विकास हुन थालेको देखिन्छ । गर्मीमा अति गर्मी, जाडोमा अति जाडो पनि हुने विषम खालको हावापानी भएको यस जिल्लाको जङ्गलमा विभिन्न वनस्पति तथा

जडिबुटीहरू पाइन्छन् । यस जिल्लाका नदीनालाहरू महाभारत र चुरे शृङ्खलाबाट सुरु भएर दक्षिणतर्फ बग्दछन् र यहाँका नदीनालामा वर्षा याममा पानीको प्रवाह बढी हुन्छ भने हिउँदमा कम हुन्छ ।

नेपालको अन्तरिम संविधान २०६३ ले यस जिल्लालाई पाँचवटा निर्वाचन क्षेत्रमा विभाजन गरेको छ । यस जिल्लामा एक नगरपालिका (कपिलवस्तु नगरपालिका) र ७७ गा.वि.स. रहेका छन् । यी गा.वि.स.लाई १५ इलाकामा विभाजन गरिएको छ । यस जिल्लाको सदरमुकाम तौलिहवा हो । यस जिल्लाका प्रमुख सहरअन्तर्गत तौलिहवा र कृष्णनगर रहेका छन् । यी सहरमा कपिलवस्तुका अन्य क्षेत्रमा भन्दा व्यापारिक, औद्योगिक, यातायात, स्वास्थ्य गतिविधि राम्रो रहेको पाइन्छ ।

यस जिल्लामा बसोबास गर्ने विभिन्न जातजातिका मानिसहरू छन् । जातिगत विविधताको साथमा भाषा र धर्ममा पनि विविधता पाइन्छ । यसरी जाति, भाषा, संस्कृति र धर्मगत विविधताको प्रभाव यहाँको सामाजिक जनजीवनमा परेको पाइन्छ । यहाँको सामाजिक जनजीवनमा नेपालको पश्चिमाञ्चल विकास क्षेत्रीय रीतिरिवाजका साथै भारतसँगको सीमावर्ती जिल्ला भएकाले भारतीय संस्कृतिले पनि ठूलो प्रभाव पारेको छ ।

प्राचीन समयदेखि व्यापारिक तथा कृषि पेसामा परिचित यस जिल्लाका बासिन्दाहरू कृषि,व्यापार, उद्योग, श्रमिक आदि पेसामा संलग्न रहेर आर्थिक विकासमा जुटिरहेका छन् भने पर्यटकहरूको आगमनले पनि यस जिल्लाको आम्दानीको स्रोत केही बढेको छ । यहाँको शैक्षिक विकास वि.सं.१९७२ सालमा स्थापित श्रीराम पुस्तकालयबाट र औपचारिक पठनपाठनको थालनी वि.सं. १९७८ सालमा शिवालय मन्दिरबाट भएको हो । यसलाई संस्कृत शिक्षालय भनिएको थियो । २०१५ सालपछि यस जिल्लाको शैक्षिक विकास तीव्र गतिमा अगाडि बढिरहेको छ ।

समग्रमा भन्नुपर्दा कपिलवस्तु जिल्ला पहाडको फेँदीमा रहेको तराईको समथर भूमिमा फैलिएको एक रमणीय जिल्ला हो । यो जिल्ला जात, धर्म, भाषा, भेषभूषा, संस्कृति अनि संस्कारको सङ्गम स्थल बनेको छ । त्यसैगरी यस जिल्लामा यातायात, सञ्चार, व्यापार, उद्योग, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा दिनानुदिन विकास हुँदै गइरहेको छ । यस जिल्लामा रहेको ऐतिहासिक स्थल तिलौराकोटले यस जिल्ललाई सधैँ विश्वको सामु चिनाइराखेको छ र यही स्थानले प्रत्येक नेपालीलाई शान्तिका प्रतीकको रूपमा उभ्याएको छ ।

# तेस्रो परिच्छेद

# कपिलवस्तु जिल्लाका साहित्यिक सङ्घसंस्थाहरू

## ३. परिचय

कपिलवस्तु जिल्लामा विभिन्न प्रकारका साहित्यिक सङ्घसंस्थाहरू स्थापना भएका छन् । यी संस्थाहरूले प्रत्यक्ष अप्रत्यक्ष रूपमा साहित्यिक प्रतिभाहरूलाई अगाडि बढ्नको लागि प्रेरणाको स्रोतको रूपमा काम गरिरहेका छन् । साहित्य समाजको ऐना हो भने साहित्यिक सङ्घसंस्था साहित्यिक प्रतिभाहरूलाई बाटो देखाइदिने, प्रेरणा दिने, साहित्यिक खुराक दिने र भाषा साहित्यको विकास गर्ने माध्यम हुन् । यस जिल्लामा भएका साहित्यिक संस्थाहरूले साहित्यिक प्रतिभाहरूका रचनाहरूलाई प्रकाशित गर्ने, साहित्यिक गोष्ठी गर्ने, साहित्यिक प्रतिभाहरूलाई प्रेरणा दिनेजस्ता कार्यहरू गर्दै आएका छन् । कुनै सङ्घसंस्था आफ्नो स्थापना कालदेखि हालसम्म निरन्तर रूपमा अघि बढिरहेका छन् भने कुनै संरक्षणको अभावले गर्दा सेलाउँदै गएका छन् । तल तिनै साहित्यिक संस्थाहरूको चर्चा गर्ने प्रयास गरिएको छ :

## ३.१ कपिलवस्तु जिल्लाका साहित्यिक संस्थाहरू

### ३.१.१ नवयुवक सङ्घ : तौलिहवा (२००३)

'वि.सं. २००३ सालमा कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा बजारमा भोलानाथ शर्माको सक्रियतामा नवयुवक सङ्घ गठन भएको थियो । युवा वर्गको चरित्र निर्माण गरी सामाजिक एवम् शैक्षिक विकास गर्नु यस संस्थाको मुख्य उद्देश्य थियो ।'[१] 'राणा प्रधानमन्त्री पद्मशमशेरले घोषणा गरेको वैधानिक कानुनले दिएको अधिकारका परिधिमा रही कानुनकै छात्र शम्भुप्रसाद ज्ञवालीको सल्लाह एवम् सहयोगबाट त्यतिबेला युवक सङ्गठनको विधानसमेत निर्माण भएको थियो । विधानत : यो सङ्गठन शुद्ध सामाजिक एवम् शैक्षिक चरित्रको रहे पनि आन्तरिक उद्देश्य भने युवाशक्तिलाई एकीकृत गरी शैक्षिक एवम् राजनैतिक रूपमा सचेत बनाउनु थियो । यसप्रकार आवश्यक विधानसमेत तयार पारेपछि भोलानाथ शर्मा, मृगेन्द्रसिंह श्रेष्ठ, शेरबहादुर श्रेष्ठ, तेजकुमार बौद्धाचार्य धर्मबहादुर श्रेष्ठ, गिरिबहादुर ज्ञवाली, के.बी. ज्ञवाली, टेकबहादुर पन्थी लगायतका अन्य ४०-५० जना युवाहरू तौलिहवा बजारअन्तर्गत पर्ने 'बाबाको बगैँचा'मा अधिवेशनको लागि जम्मा भएका थिए । 'नवयुवक सङ्घ'को प्रथम अधिवेशनको उद्घाटन

---

[१]. भवेश्वर पङ्गेनी, पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन, २००७, पृ. १४४।

गर्ने क्रममा त्यतिबेला साहित्यिक क्षेत्रमा अभिरुचि राख्ने भोलानाथ शर्माले रवीन्द्रनाथ टैगोरको बङ्गाली भाषमा रचित 'जय होक जय होक' नव अरुणोदय अषगत संशय' रचनाको सामुहिक प्रार्थना गराएका थिए'[२] 'यसबाट कपिलवस्तुका युवाहरूमा भाषा साहित्यको विकासमा लाग्ने प्रेरणा प्राप्त भएको थियो । नवयुवक सङ्घका यसप्रकारका कार्य अगाडि बढाउने क्रममा तत्कालीन समयमा यस संस्थालाई ठूलो समस्या परेको थियो । शिक्षाको चेतना जाग्यो भने जनताहरू राणा सरकारको विरोधमा सरिक होलान् भन्ने डरले राणा सरकारले तत्कालै शेरबहादुर श्रेष्ठलगायतका अन्य केही युवाहरूलाई पक्राउ गरी यातना दियो । प्रशासनले जतिसुकै बन्देज लगाए पनि कपिलवस्तुका ती नव युवाहरू गुप्त रूपमा उक्त 'सङ्घ'का माध्यमबाट आफ्नो उद्देश्यअनुरुप काम गरिरहे ।'[३] यसरी भोलानाथ शर्मालगायतका केही युवाहरूले छरिएर रहेको युवा शक्तिलाई एकत्रित गरी देशको भाषा-साहित्यिक विकासमा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ ।

### ३.१.२ गौतम टिम : तौलिहवा (२००४)

'गौतम टिम : तौलिहवाको गठन वि.सं. २००४ सालमा कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा भएको हो । मृगेन्द्रसिंह श्रेष्ठ, के.बी. ज्ञवाली, भोलानाथ शर्मा, शेरबहादुर श्रेष्ठ, नारायणप्रसाद श्रेष्ठ, धर्मबहादुर श्रेष्ठ, टेकबहादुर पन्थी आदि यस टिमका संस्थापक सदस्यहरू थिए ।'[४] भर्खर-भर्खर बर्माबाट आएका युवा खेलाडी गिरिबहादुर ज्ञवालीको सक्रियता र संयोजकत्वमा गौतम टिम गठन भएको थियो ।'[५] प्रमोद गृह एवम् नवयुवक सङ्घजस्ता संस्थाले पढ्न-लेख्न त्यति रुचि नराख्ने युवाहरूलाई समेट्न सकेका थिएनन् । त्यसैले खेलकुदको माध्यमबाट यी सर्वसाधारण युवाहरूलाई समेट्दै नव युवक सङ्घमा संलग्न गराउने र उनीहरूमा शैक्षिक, राजनैतिक तथा साहित्यिक चेतनाको विकास गराउने उद्देश्य यस संस्थाले राखेको थियो । यस टिमको स्थापनाले एकातिर यहाँका युवाहरूलाई साहित्यिक क्षेत्रमा लाग्ने प्रेरणा मिलेको थियो भने अर्कोतिर खेलमैदानमा हाकिम, कर्मचारी, साहू, महाजन एवम् सर्वसाधरण जनताका छोराहरू एक भएर फुटबल खेल्ने हुँदा यिनीहरूका बीचको भेदभावको दुरी साँघुरिदै गएको थियो ।'[६] यसरी सामाजिक दृष्टिले पनि यो संस्थाले उपलब्धिपूर्ण काम गर्दै आएको थियो तर तत्कालीन राजनैतिक परिस्थितिका कारण यो संस्थाले आफ्नो सोचाइलाई पूर्णता दिन सकेन, यो त्यत्तिकै बन्द हुनुपऱ्यो

---

[२]. ऐजन, पृ. १४५ ।

[३]. ऐजन, पृ. १४६ ।

[४]. भीम शर्मा, कर्मचारी मिनल केन्द्र, कपिलवस्तुका गतिविधिहरू, शान्तिदूत (वार्षिक) वर्ष ४, अङ्क २, २०५८, पृ. ८१ ।

[५]. भवेश्वर पङ्गेनी,पूर्वत्, पृ. १४८ ।

[६]. ऐजन, पृ. १४८ ।

### ३.१.३ कपिलवस्तु साहित्यिक परिषद् (२०४४)

कपिलवस्तु जिल्लाको उत्तरी क्षेत्रमा रहेका युवाहरूलाई साहित्यिक क्षेत्रमा लाग्ने प्रेरणा दिने उद्देश्यले यो संस्था स्थापना भएको थियो । 'वि.सं. २०४४ सालको सुरुवाततिर कपिलवस्तु जिल्लाको मोतीपुर-६ मा अवस्थित दयाराम न्यौपानेको घरमा भएको छोटो साहित्यिक भेलाले 'कपिलवस्तु साहित्यिक परिषद्' गठन गरेको थियो संयोजक नारायणप्रसाद पौडेल र सदस्यमा मुमाराम खनाल, कमल चुँदाली तथा दयाराम न्यौपाने रहेको उक्त परिषद्को सल्लाहकारमा मेघराज ज्ञवाली रहनु भएको थियो । सो परिषद्ले बहुदलीय प्रजातन्त्र आउनुभन्दा अगाडि जिल्लाको उत्तरी क्षेत्रमा केही साहित्यिक कार्यक्रम सञ्चालन यरी त्यस क्षेत्रमा साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । २०४७ सालपछि यो साहित्यिक परिषद्ले कुनै क्रियाशीलता देखाउन सकेन । हाल यो संस्था सुषुप्त अवस्थामा रहेको छ ।'[७]

### ३.१.४ कपिलवस्तु साहित्यिक समाज (२०५०)

कपिलवस्तु साहित्यिक समाज (२०५०) साहित्यिक क्षेत्रमा अत्यधिक क्रियाशील र चर्चित समूह हो । भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण गर्ने र साहित्यिक प्रतिभाहरूको क्षमता प्रस्फुटन गराउने मूल उद्देश्य राखी कपिलवस्तुका भाषा-साहित्यप्रेमी व्यक्तित्वहरूको अथक प्रयासमा यो संस्था स्थापना भएको हो । 'वि.सं २०५० सालमा कपिलवस्तु साहित्यिक समाजको नाममा दर्ता भएको यो संस्थालाई २०५४।९।१७ मा पुनर्गठन गरी नव कपिलवस्तु साहित्यिक समाजमा नामन्तरण गराइएको देखिन्छ । यसको दर्ता नं. ०३८।०५०।०५१ हो । यो साहित्यिक समाजको स्थापनाको लागि कवि दैवज्ञराज न्यौपाने तथा अर्का साहित्यिक व्यक्तित्व विष्णुराज आत्रेय ( लाटो साथी ) ले प्रेरणा दिएका थिए । यस संस्थाका संस्थापक अध्यक्ष हरिराज आत्रेय हुन् भने संरक्षकमा विष्णुराज आत्रेय (लाटो साथी) रहेका छन् । यो साझा चौतारीमा सबै जम्मा भई सबैको सहयोग प्राप्त भएमा भिक्षुको सपना साकार पार्न सकिन्छ । यस संस्थाले नियमित कार्यक्रमको रूपमा २०५४ सालदेखि साहित्यिक गोष्ठी सञ्चालन गराउँदै आएको देखिन्छ । कार्यक्रममा बाल प्रतिभा, नव प्रतिभाहरू र स्थापित कलाकार तथा भाषा साहित्य प्रेमीहरूको जमघट हुन्छ । सुरु-सुरुमा कपिलवस्तु बहुमुखी क्याम्पसमा आयोजना हुने नियमित साहित्यिक गोष्ठी हाल शोभादेवी भोलानाथ ट्रस्टमा आयोजना गरिन्छ । त्यसैगरी लुम्बिनी अञ्चलका साहित्यिक प्रतिभाहरूलाई प्रोत्साहन र सम्मान गर्ने उद्देश्यले यस समाजले प्रत्येक दुई-दुई वर्षमा वितरण गर्ने गरी वि.सं. २०५२ सालमा भिक्षु पुरस्कार स्थापना गरेको छ । कपिलवस्तु साहित्यिक समाज र रुपक स्मृति प्रतिष्ठानबीच

---

[७]. नारायणप्रसाद पौडेल, नेपाली साहित्यको विकासमा कपिलवस्तुको योगदान, शान्तिदूत, २०५९, पृ. २१ ।

भएको सम्झौताअनुसार पुरस्कार राशी रु. ५०००।- र व्यवस्थापन पक्षको लागि रु ५०००।- गरी रु. १००००।- रुपक स्मृति प्रतिष्ठानले सहयोग गरेको छ । वि.सं. २०५७ सालसम्म रु. ५०००।- पुरस्कार राशी रहेकोमा वि.सं.२०५९ सालदेखि यस साहित्यिक समाजले प्रदान गर्ने पुरस्कार राशीमा वृद्धि गरी रु. ११, १११।- पुऱ्याएको छ ।'[८] हालसम्म यस संस्थाले लुम्बिनी अञ्चलभित्रका साहित्यकार मोदनाथ 'प्रश्रित', कुलमणि देवकोटा, टीकाराम पन्थी, विष्णुराज आत्रेय (लाटो साथी), मोदनाथ शास्त्री, डा. घनश्याम न्यौपाने 'परिश्रमी', वनमाली निराकार जस्ता साहित्यिक प्रतिभाहरूलाई माथि उल्लेख भए अनुसारको रकम प्रदान गर्दै ताम्रपत्र तथा दोसल्ला ओढाई सम्मान गरेको छ । 'विभिन्न साहित्यकारहरूको जन्म-जयन्ती तथा विविध उपलक्ष्य र सन्दर्भ पारेर यस समाजले प्रतियोगितात्मक तथा सहभागितात्मक साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्ने परम्पराको थालनीसमेत यस संस्थाले गरेको छ । यस साहित्यिक संस्थालाई अग्रगतिमा लैजान हाल समाजका तत्कालीन अध्यक्ष हरिराज शर्मा, वर्तमान अध्यक्ष भक्तिराम पन्थीलगायतका व्यक्तिहरू सक्रियताका साथ जुटिरहनुभएको छ । यसैगरी यस संस्थाको उन्नतिका लागि विशेष योगदान पुऱ्याउनेहरूमा विष्णुराज आत्रेय, नारायण पौडेल, ढुण्डिराज अर्याल, फणिनारायण सिग्देल, भक्तिराम पन्थी, रुद्र ज्ञवाली, तेजकुमार बौद्धाचार्य मुख्य हुनुहुन्छ । आफ्नै भवन निर्माणको लागि जग्गाको खोजी तथा पुरस्कारको अक्षयकोषका लागि दाताहरूको माया, मुखपत्र प्रकाशनको लागि सक्रिय व्यक्तित्वहरूको खोजीका साथै संस्थालाई अझ गति दिने व्यक्तित्वहरू खोज्दै कसासले आफ्ना उज्याला दिनहरूको आशा राखेको छ ।'[९]

## ३.१.५ लुम्बिनी कपिलवस्तु बचाऔं अभियान (२०५३)

लुम्बिनी अञ्चलका तीन जिल्ला कपिलवस्तु, रूपन्देही र नवलपरासीमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् पुरातात्विक र पर्यटकीय क्षेत्रको सर्वाङ्गीण विकास गर्ने, प्रचारप्रसार गर्ने र प्राकृतिक सम्पदाको संरक्षण गर्ने उद्देश्यले 'लुम्बिनी कपिलवस्तु बचाऔँ अभियान' नामक यो संस्था वि.सं. २०५३ सालमा स्थापना भएको हो । नारायण पौडेलको अध्यक्षतामा स्थापना भएको यो संस्थाको कार्यालय कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा दर्ता भइसकेको यो संस्थाको दर्ता नं. १०२।०५३।०५४ हो ।'[१०] यस संस्थाले समय-समयमा विभिन्न समाचारमूलक पत्रिकाहरू प्रकाशन गर्दै आएको छ । यसका साथै कपिलवस्तु जिल्लाको सांस्कृतिक परम्पराको जगेर्ना गर्नका लागि त्यस

[८]. कपिलवस्तु साहित्यिक समाज - एक परिचय, शान्तिदूत, २०५८, पृ. ७५ ।
[९]. कसासका वर्तमान अध्यक्ष भक्तिराम पन्थीले २०६६ भाद्र ३ गते दिएको जानकारीअनुसार ।
[१०]. नारायणप्रसाद पौडेल, पूर्ववत्, पृ.२६ ।

किसिमका कार्यक्रमहरू पनि सञ्चालन गरिरहेको छ । हाल आएर यस संस्थाले 'प्रकृतिको उपहार अजिगरा ताल' नामक पत्रिका प्रकाशन गरेको छ ।

## ३.१.६ कपिलवस्तु सांस्कृतिक समूह (२०५५)

यस संस्थाको स्थापना वि.सं.२०५५ सालमा भएको हो । राजेश ज्ञवाली, गोपाल भण्डारी, साहस शर्मा आदिको सक्रियतामा यो संस्था गठन गरिएको हो । 'जिल्लाप्रशासन कार्यालय कपिलवस्तुमा दर्ता भएको यस संस्थाको दर्ता नं. १५५।०५५।०५६ रहेको छ । जिल्लाभित्रको लोक संस्कृति जगेर्ना गर्ने तथा साहित्यिक गतिविधिलाई अगाडि बढाउने उद्देश्यले स्थापित भएको यस संस्थाले जिल्लास्तरीय लोकगीत प्रतियोगिता सम्पन्न गरेको छ ।'[११] आर्थिक समस्याका कारण यस संस्थाले सोचेअनुरुप आफ्ना कार्यक्रमहरू सञ्चालन गर्न सकिरहेको छैन । हाल यो संस्था निष्क्रिय रहेको छ ।

## ३.१.७ कर्मचारी मिलन केन्द्र (२०५७)

राष्ट्र सेवाको पवित्र भावना मनमा सँगालेर आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा यस जिल्लाभित्र स्थायी रूपमा बसोवास गर्दै आएका तथा अधिराज्यका विभिन्न स्थानबाट आएका कर्मचारीहरूको साझा चौतारीको रूपमा वि.सं. २०५७ सालमा यो संस्थाको जन्म कपिलवस्तुको सदरमुकाम तौलिहवामा भएको हो । जिल्लाभित्र कार्यरत कर्मचारीबीच समन्वय कायम गरी आपसी हित, मेलमिलाप, सहयोग र समझदारी वृद्धि गर्ने मूल उद्देश्य राखी स्थापना भएको यो संस्थाले जिल्लाभित्रको सांस्कृतिक पक्षको विकास गर्न सहकारी भावनालाई अंगाल्दै सामाजिक, एवम् परोपकारी तथा शारीरिक गतिविधिलाई अगाडि बढाउने दोस्रो उद्देश्य राखेको छ । यस संस्थाले विभिन्न अवसरमा जिल्लास्तरका भेला, सम्मेलन र साहित्यिक गोष्ठीहरू सम्पन्न गर्दै आएको छ । 'यस क्रममा वि.सं.२०५७ पौष २७ गते राष्ट्रिय एकता दिवसको अवसरमा विभिन्न कार्यालयकाबीचमा जिल्लाव्यापी हाजीरी जवाफ प्रतियोगिता, २०५७ साल फागुण ७ गते राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा जिल्लाव्यापी कविता प्रतियोगिता, २०५८ साल फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा कपिलवस्तु, नगरपालिका क्षेत्रभित्रका शैक्षिक प्रतिष्ठानबीच हाजिरीजवाफ प्रतिगोगिता, जिल्लास्तरीय कविता प्रतियोगिताजस्ता थुप्रै कार्यक्रम सम्पन्न गरी प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने प्रतियोगीलाई पुरस्कार प्रदान गर्दै आएको छ ।'[१२] जिल्लाभित्रका साहित्यिक प्रतिभाहरूलाई साहित्य लेखनमा आकृष्ट गर्न यो संस्थाले वि.सं.२०५७ सालदेखि वार्षिक मुखपत्रको रूपमा 'शान्तिदूत' पत्रिका प्रकाशन गर्न थालेको छ । अहिले यस पत्रिकाका ९

[११]. ऐजन, पृ. २९ ।
[१२]. गिरिराज ज्ञवाली, कर्मचारी मिलन केन्द्र कपिलवस्तुका गतिविधिहरू, शान्दिूत, २०५९, पूर्ववत्, पृ. ७८ ।

अङ्कहरू प्रकाशित भैसकेका छन् । जिल्ला प्रशासन कार्यालय तौलिहवाको हाताभित्र यस संस्थाको आफ्नो छुट्टै एउटा भवन पनि रहेको छ ।

### ३.१.८ बहुजातीय सांस्कृतिक परिवार (२०५७)

नेपालमा रहेका विभिन्न जातजातिहरूको लोक संस्कृतिको संरक्षण, संवर्द्धन गर्ने उद्देश्यले वि.सं.२०५७ सालमा कपिलवस्तु जिल्लाको गजेहडा-७ सिद्धिपुरमा बहुजातीय सांस्कृतिक परिवार गठन भएको हो । 'जिल्ला प्रशासन कार्यालयमा दर्ता भैसकेको यस संस्थाको दर्ता नं. ४१८।०६२।०६३ रहेको छ । संस्थाका अध्यक्ष केशवबहादुर आलेको अध्यक्षतामा ११ सदस्यीय कार्यकारिणी समिति गठन भएको यस संस्थाले राष्ट्रिय तथा स्थानीय स्तरमा आयोजित विभिन्न कार्यक्रममा सहभागी भई उत्कृष्ट स्थान प्राप्त गरेको छ । यस क्रममा वि.सं.२०६१ सालमा राष्ट्रिय एकता दिवस तथा पृथ्वी जयन्तीको अवसरमा काठमाडौँमा आयोजित कार्यक्रममा झाँकी ऱ्याली प्रदर्शन गर्नाका साथै बुद्धचरित्र नृत्य प्रदर्शन गरेको थियो । २०६२ साल जेठ महिनामा पोखराको दीपेन्द्र सभा गृहमा आयोजित पश्चिमाञ्चल क्षेत्रीय लोक सांस्कृतिक प्रतियोगितामा भाग लिई यसले चौथो स्थान प्राप्त गरेको थियो । २०६१ सालको दोस्रो बौद्ध शिखर सम्मेलनका अवसरमा लुम्बिनीमा बौद्ध संस्कृतिसम्बन्धी नृत्यहरू प्रस्तुत गरेको छ भने जिल्लाभित्र समय-समयमा सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्दै यहाँका युवाहरूलाई आफ्नो भाषा, साहित्य र संस्कृतिको संरक्षण र त्यसको विकासमा लाग्ने प्रेरणा दिँदै आएको छ ।'[१३] मूलत : समाजमा पाइने धार्मिक भेदभावका कारण दलित तथा जनजाति वर्ग पछाडि पर्नु परेको हुँदा ती दलित तथा जनजाति वर्गका व्यक्तिहरू अन्य वर्ग सहरको अवसर प्रदान गर्ने खालका सडक नाटकहरू देखाउँदै आएको छ । हाल यो संस्था आफ्नो उद्देश्य पूरा गर्ने कार्यमा निरन्तर जुटिरहेको छ ।

### ३.१.९ स्वतन्त्र सेनानी दया शङ्कर मुन्सी स्मृति प्रतिष्ठान (२०५७)

यो प्रतिष्ठान मूलत : राणाशासनको अन्त्य गरी देशमा बहुदलीय प्रजातन्त्रको स्थापनाका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउने कपिलवस्तुका राजनैतिक व्यक्तित्व स्वतन्त्र सेनानी दया शङ्कर मुन्सीको स्मृतिमा वि.सं. २०५७ सालमा खडा भएको हो । यो प्रतिष्ठानको कार्यलय जिल्ला सदरमुकाम तौलिहवाको धनौराटोलमा रहेको छ । यस प्रतिष्ठानका अध्यक्ष गोपाल भण्डारी रहेका छन् । 'जिल्ला प्रशासन कार्यालय तौलिहवामा दर्ता भइसकेको यस प्रतिष्ठानको दर्ता नं. २४६।०५७।०५८ हो । यस प्रतिष्ठानले स्वतन्त्र सेनानी दयाशङ्कर मुन्सीको जन्म-जयन्तीको अवसर पारी जिल्लाभित्रका विद्यालयमा अध्ययनरत छात्र-छात्राहरूका बीचमा कविता प्रतियोगिता, कथा प्रतियोगिता तथा निबन्ध

[१३]. नारायणप्रसाद पौडेल, नेपाली साहित्यको विकासमा कपिलवस्तुको योगदान, पूर्ववत्, पृ. ४५ ।

लेखन प्रतियोगिताजस्ता साहित्यिक कार्यक्रमहरू राख्दै आएको छ । यसबाट विद्यालयमा अध्ययनरत छात्र-छात्राहरूलाई  साहित्यिक क्षेत्रमा लाग्ने प्रेरणा प्राप्त भएको छ । उनीहरूको प्रतिभा प्रस्फुटनमा महत्त्वपूर्ण सहयोग पुगेको छ । यस संस्थाले जिल्लाभित्रबाट एस.एल.सी. परीक्षामा उत्कृष्ट स्थान प्राप्त गर्ने छात्रछात्राहरूलाई पुरस्कार वितरण गर्ने कार्यमा निरन्तरता दिएको छ । उनकै सम्झनामा अहिले हरिवंश दयाशङ्कर मेमोरियल स्कुल तौलिहवा बजारमा सञ्चालित छ । आज पनि यो संस्थाले आफ्ना कार्यक्रमहरू निरन्तर रूपमा अगाडि बढाइरहेको छ ।'[१४]

## ३.१.१० नेपाल पत्रकार महासङ्घ : कपिलवस्तु  (२०५९)

नेपाल पत्रकार महासङ्घ कपिलवस्तुको स्थापना पत्रकार नारायणप्रसाद पौडेलको संयोजकत्वमा वि.स..२०५८ सालमा कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा भएको हो । यसको मुख्य उद्देश्य कपिलवस्तु जिल्लाभित्रका विभिन्न गतिविधिहरूलाई समेटेर समाचारमूलक पत्रपत्रिकाहरू प्रकाशनगर्ने, जिल्लाको लोक संस्कृतिलाई जगेर्ना गर्दै यहाँका युवाहरूलाई साहित्यिक क्षेत्रमा लाग्ने प्रेरणा दिनका साथै यहाँका प्रतिभाहरूको अन्तर्निहित क्षमतालाई प्रस्फुटन गराउन सहयोग पुऱ्याउने रहेको छ । नारायणप्रसाद पौडेलको अध्यक्षतामा २६ सदस्यीय कार्यकारिणी समिति गठन भएको यस महासङ्घले स्थानीय समाचार सम्प्रेषण गर्नाका अतिरिक्त जिल्लाका समसामयिक गतिविधिमा लेख प्रकाशन गर्दै आएको छ ।

## ३.१.११ घरघरमा किताब (२०५९)

पढ्ने बानीको विकासका लागि समूहमार्फत् घर-घरमा किताब उपलब्ध गराउने र समाजमा व्याप्त उत्पीडित समुदायको शैक्षिक स्तर उकास्ने उद्देश्यअनुरुप 'घर-घरमा किताब' नामक यो संस्था वि.स.२०५९ सालमा स्थापना भएको हो । वि. स.२०५९ साल फागुन १८ गतेदेखि यस संस्थाले आफ्ना उद्देश्यअनुरुपका कार्यक्रमहरू औपचारिक रूपमा अगाडि बढाउँदै लगेको छ । नेपाली भाषा साहित्यमा अत्यन्त रुचिराख्ने साहित्यकार होमराज आचार्यको सक्रियतामा यो संस्था खुलेको हो । गुणादेवी पन्थीको अध्यक्षतामा ९ सदस्यीय कार्यकारिणी समितिमा सरस्वती अर्याल, थानकलादेवी, दुर्गा अर्याल र अन्य पाँचजना रहेका छन् । यस संस्थाले कपिलवस्तु जिल्लाका सात गा.वि.स.मा गतिशील पुस्तकालयका माध्यमबाट सर्वसाधारण व्यक्तिहरूलाई इतिहास, राजनीतिक दर्शन, भााषा-साहित्यलगायत विविध विधाका पुस्तकहरू पढ्न पाउने सुविधा प्रदान गरेको छ । यस संस्थाले हालसम्म करिब १०० वटा पाठक समूह गठन गरिसकेको छ । यी प्रत्येक समूहमा ५-१५ जनासम्म सदस्य रहेका छन् । त्यसैगरी यस संस्थाले आफ्नो केन्द्रीय

---

[१४]. ऐजन, पृ.५० ।

कार्यालयको रूपमा १२×३० को वरन्डासहितको तीन कोठे भवन निर्माण गरेको छ । यो भवन मोतीपुर-४ बोडगाउँको जलेश्वरधाम मन्दिरको नजिक रहेकोछ । यस संस्थाले पाठकहरूको लागि मानार्थ सदस्य,आजीवन सदस्य, सल्लाहकार सदस्य र साधारण सदस्य चार प्रकारका सदस्यताहरू प्रदान गरेको छ । सर्वसाधरण पाठकहरूका लागि कार्ड शुल्कस्वरुप रु. ५।- लिएर पढ्न पाउने व्यवस्थासमेत यस संस्थाले मिलाएको छ ।'[१५] विविध विधाका १०५० वटा पुस्तकहरू सङ्कलित यस संस्थामा दैनिक रूपमा ५०।६० जना विद्यार्थी, अन्य साहित्य प्रति रुचि राख्ने व्यक्ति र यस संस्थाले प्रवर्द्धन गरेका विभिन्न समूहका थुप्रै पाठकहरूले कार्यालयमै बसेर तथा घर-घरमै किताब लगी अध्ययन गरेर लाभ लिएका छन् । अहिलेको राजनीतिको प्रभावका कारण पुस्तकालयमा रहेका कतिपय पुस्तकहरू पाठकवर्गबाट फिर्ता हुन नसक्दा यस संस्थााले ठूलो समस्या भोग्नु परेको देखिन्छ । यो संस्था सञ्चालन गर्नको लागि होमराज आचार्यबाट पूर्ण रूपमा आर्थिक सहयोग प्रदान गरिएको छ । संस्थाको तर्फबाट **देशको आवाज** नामक पत्रिका प्रकाशित गर्दै आफ्नो लक्ष्य पूरा गर्न निरन्तर रूपमा यो संस्था अगाडि बढिरहेको छ ।

### ३.१.१२ सृजनशील साहित्य समाज (२०६१)

कपिलवस्तु जिललाको मोतीपुर-४ बोर्डगाउँमा वि.सं. २०६१ सालमा सृजनशील साहित्य समाज नामक साहित्यिक संस्था स्थापना भएको हो । कपिलवस्तु जिल्लाभित्र रहेका नवप्रतिभाहरूको खोजी गर्ने र तिनीहरूको प्रतिभा प्रस्फुटन गराउनुका साथै कपिलवस्तु जिल्लालाई साहित्य संसारको माध्यमबाट अगाडि बढाउने मुख्य उद्देश्य यस संस्थाले राखेको छ । यसै साहित्य समाजका संस्थापक अध्यक्ष भेषराज खनालको अध्यक्षतामा ७ सदस्यीय कार्यकरिणी समिति गठन गरिएको यस संस्थाले पृथ्वी जयन्तीको अवसरमा रचना वाचन  कार्यक्रम सञ्चालन गरेको देखिन्छ । त्यसैगरी विद्यालय स्तरीय रचना वाचन कार्यक्रम मासिक शृङ्खलाको रूपमा महिनाको दोस्रो शनिबार विविध साहित्यिक कार्यक्रम यस संस्थाले आयोजना गर्दै आएको छ । यस संस्थाले हालसम्म विभिन्न साहित्यिक स्मारिकाहरू प्रकाशन गरिसकेका छ ।

### ३.१.१३ एम्स सांस्कृतिक समूह (२०६१)

एम्स सांस्कृतिक समूहको गठन वि.सं.२०६१ सालमा भएको हो । यस सांस्कृतिक समूहका अध्यक्ष गणेश श्रीवास्तव हुन् । कपिलवस्तु जिल्ला प्रशासन कार्यलयमा दर्ता भइसकेको यसको दर्ता नं. ३९९।०६१ हो । जिल्लाभित्रको लोक सांस्कृतिक जगेर्ना गर्ने उद्देश्यले स्थापित यस समूहले समय-समयमा स्थनीय प्रतिभाहरूका बीच नेपाली तथा हिन्दी भाषामा लोक दोहरी गीत प्रतियोगिता राख्दै आएको छ । जिल्लाभित्रका विद्यालयमा

[१५]. चूरामणि पौडेल, पूर्ववत्, पृ. ४० ।

अध्ययनरत छात्र-छात्राहरूलाई राष्ट्रियताको भावना जागरण गराउदै आएको यस समूहले आउँदा दिनहरूमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने सोच राखेको छ । ’[१६]

## ३.१.१४ वाणगङ्गा साहित्यिक प्रतिष्ठान (२०६१)

कपिलवस्तु जिल्लाको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउदै आएको वाणगङ्गा साहित्यिक प्रतिष्ठानको स्थापना वि.सं. २०६१ सालमा मोतीपुर-६ लौगाईमा भएको हो । हाल यसको कार्यलय वाणगङ्गा उच्च मा.वि.मा रहेको छ । उच्च मा.वि.का प्राचार्यको अध्यक्षतामा ११ सदस्यीय कार्यकरिणी समिति गठन भएको छ । कपिलवस्तु जिल्लामा यत्रतत्र छरिएर रहेका साहित्यिक प्रतिभाहरूलाई एकत्रित गरी साहित्यिक सिर्जना उजागर गर्ने र नव प्रतिभाहरूमा अन्तर्निहित प्रतिभालाई प्रस्फुटित गर्ने उद्देश्य यस संस्थाको रहेको छ । साहित्यिक दृष्टिबाट कपिलवस्तुलाई बाहिरी क्षेत्रहरूसँग परिचित गराउने एवम् दोहोरो साहित्यिक सञ्चार गर्ने मूल लक्ष्य लिएर वाणगङ्गा साहित्यिक प्रतिष्ठान बामे सरिरहेको छ । आफ्नो उद्देश्य सफल पार्ने क्रममा निरन्तर जुटिरहेको यस संस्थाले विभिनन अवसर पारी थुप्रै कार्यक्रम सञ्चालन गरिसकेको छ । यस क्रममा मोती जयन्तीको अवसरमा अन्तर मा.वि. स्तरीय खुल्ला कविता प्रतियोगिता र प्रतिभा सम्मान गर्ने क्रममा कपिलवस्तु जिल्लामा बसी ‘**कल्पना**’ र ‘**ज्योत्स्ना**’जस्ता खण्डकाव्य रचना गर्ने साहित्यिक प्रतिभा हरिराज शर्मा र ‘मर्मपुराण’ खण्डकाव्यका रचनाकार नित्यानन्द पाण्डेलाई सम्मान गरिएको थियो । साहित्यिक लेख, रचना, पत्र-पत्रिका, प्रतिष्ठानको मुख पत्र तथा अन्य पुस्तक  प्रकाशन गर्ने उद्देश्यअनुरुप हाल यो संस्थाले ‘साहित्य सुधा’ शीर्षकको मुखपत्र प्रकाशन गरिसकेको छ ।

## ३.१.१५ निष्कर्ष

धार्मिक, पुरातात्त्विक एवम् पर्यटकीय दृष्टिले प्राचीन समयदेखि अति ठूलो महत्त्व बोक्दै आएको कपिलवस्तु जिल्लालाई भाषा, कला, संस्कृति र साहित्यिक क्षेत्रबाट पनि माथिल्लो स्तरमा पुऱ्याउनको लागि अनेकौं प्रयासहरू हुँदै आइरहेको पाइन्छ । विभिन्न साहित्यिक सङ्घ संस्थाहरूको स्थापना भएबाट पनि यस्ता प्रयास भएको मान्न सकिन्छ । एसियाका मात्र नभएर विश्वशान्तिका प्रतीकको रूपमा चिनिने भगवान् गौतम बुद्धको गृहनगरी कपिलवस्तुलाई विविध क्षेत्रबाट माथि उकास्न यस्ता प्रयासहरू हुनु अति प्रशंसनीय पनि मान्न सकिन्छ । अति ठूलो प्राचीन महत्त्व बोकेको कपिलवस्तु जिल्ला विकासमा अलि पछाडि परेको भएपनि यसले भवानी भिक्षुजस्ता महान् साहित्यकार जन्माएर आफ्नो महत्त्वलाई अझ उचाइमा पुऱ्याएको मान्न सकिन्छ । उनै भिक्षुले गरेको साहित्यिक योगदान र साहित्यिक सपनालाई साकार पार्नको लागि अहिले यस जिल्लाका

[१६]. भीम शर्मा, कर्मचारी मिलन केन्द्र, शान्तिदूत, २०५८, पूर्ववत्, पृ. ९१ ।

विभिन्न क्षेत्रमा करिब एक दर्जनभन्दा बढी साहित्यिक सङ्घ संस्थाहरू स्थापना भइसकेका छन्  जसले साहित्यिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्दै र उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन् ।

वि.सं. १९७२ सालमा स्थापित श्रीराम पुस्तकालयबाट शिक्षा क्षेत्रलाई विकसित गर्ने कार्यको थालनी सँगै विभिन्न साहित्यिक संस्थाहरूले पनि जन्म लिँदै आएको देखिन्छ । आफ्नो साहित्यिक यात्रालाई उचाइको विन्दुमा पुऱ्याएर यस क्षेत्रलाई अगाडि बढाउने लक्ष्य बोकेका यी साहित्यिक संस्थाहरू स्थापित भएपछि आफ्नो यात्रालाई अगाडि बढाउने क्रममा केहीले भने गन्तव्य स्थलमा नपुग्दै विश्राम लिन पुगेको पनि पाइन्छ । यस क्षेत्रमा रुचि राख्ने केही व्यक्ति जिल्लाबाटै अन्यत्र जानुले पनि यसो भएको हो । तर जे-जति र जुन-जुन संस्थाहरूले आजसम्म पनि स्थापना कालदेखि अति सक्रिय रूपमा काम गर्दै आएका छन्, त्यो सह्राहनीय नै मान्न सकिन्छ । कपिलवस्तु जिल्लाको भाषा, कला, साहित्य र संस्कृतिको विकास, बिस्तार र संवर्द्धनको लागि भएका यी र यस्ता प्रयासहरूले गर्दा कैयौं पुराना स्थापित साहित्यकारलाई प्रोत्साहन मिलेको छ भने नवोदित साहित्यिक स्रष्टालाई पनि स्थापित हुनमा थप सहयोग पुग्न गएको छ ।

यसरी कपिलवस्तु जिल्लामा स्थापना भएका यी साहित्यिक सङ्घ संस्थाहरूले जुन सहयोग, योगदान र साहित्यिक भूमिका निभाउँदै आएका छन्, तिनले अझै क्रियाशील भएर साहित्यिक विकास गर्न यस क्षेत्रमा रुचि राख्ने साहित्यानुरागी, भाषाप्रेमी, संस्कृतिप्रेमी र कलाप्रेमीहरूको माया, ममता र स्नेहको अपेक्षा यी संस्थाहरूले पनि राखेका छन् ।

# चौथो परिच्छेद

# नव कपिलवस्तु साहित्यिक समाजको अध्ययन

## ४.१ पृष्ठभूमि

भगवान् गौतम बुद्ध र साङ्ख्य दर्शनका प्रणेता महर्षि कपिलमुनि तथा प्राचीन ऐतिहासिक एवम् पुरातात्त्विक महत्त्वका दृष्टिले प्रसिद्ध भूमि कपिलवस्तु महान् व्यक्तित्त्वहरूको उद्‌गम स्थलका रूपमा चिनिन्छ। ऐतिहासिक, धार्मिक, पुरातात्त्विक एवम् पर्यटकको पावन भूमि कपिलवस्तु जिल्लाभित्र भाषा, साहित्य तथा कला संस्कृतिको विकास, बिस्तार र प्रबर्द्धनको लागि स्थापित विभिन्न साहित्यिक संस्थाहरूमध्ये 'नव कपिलवस्तु साहित्यिक समाज' २०५० सालमा 'कपिलवस्तु साहित्यिक समाज' (कसास) नामबाट स्थापित भई अगाडि बढेको साहित्यिक संस्था हो । यो साहित्यिक संस्था कपिलवस्तु साहित्यिक समाज (कसास) नामबाटै जि. प्र. का. कपिलवस्तुमा पहिलो पटक दर्ता भएको संस्था हो । यसको दर्ता नं. ०३८।०५०।०५१ हो । यही संस्था नवीकरण नगरिएका कारण पुन : २०५४ मा जि.प्र.का. कपिलवस्तुमा 'नव कपिलवस्तु साहित्यिक समाज' नामबाट दर्ता भएको देखिन्छ । कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा स्थापित यस साहित्यिक संस्था स्थापनाको प्रमुख (मुख्य) उद्देश्य यस क्षेत्रलगायत सिङ्गो कपिलवस्तु जिल्लाभित्रकै साहित्य सिर्जन परम्परालाई उचाइमा पुर्‍याउने रहेको छ ।'[1]

नेपाली आख्यान साहित्यका उच्च धरोहर भवानी भिक्षु (वि.सं १९६६-२०३८) तथा साहित्यकार विष्णुराज आत्रेय (लाटो साथी) आदि विभिन्न साहित्यकारहरू जन्माउने थलो कपिलवस्तु जिल्ला तराईमा पछाडि परेको र साहित्यिक गतिविधिका दृष्टिले समेत अनुर्वर मानिने यस ठाउँमा भाषा, साहित्य तथा कला, संस्कृतिको उत्थान विकास र बिस्तारका साथै यिनको संरक्षण गर्ने संस्थाको अभाव अनुभव गरी समाजोत्थानको भावनाले अभिप्रेरित भई यो साहित्यिक संस्था स्थापना गरिएको पाइन्छ । 'कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा जस्तो साहित्यिक खडेरी परेको परिवेशमा खासगरीकन यस संस्थाको स्थापना यसै क्षेत्रका प्रबुद्ध व्यक्तित्व लेखनाथ भण्डारीको सुझाव तथा कवि दैवज्ञराज न्यौपाने र विष्णुराज आत्रेय (लाटो साथी) को प्रेरणाले भएको पाइन्छ । यिनै महान् व्यक्तित्त्वहरूको राय सल्लाह, सुझाव र प्रेरणास्वरुप यस क्षेत्रका अन्य साहित्यिक प्रतिभाहरू र तिनका रचनाहरूलाई बाहिर ल्याउनाको साथै बाल प्रतिभाहरूको क्षमता प्रस्फुटन गराउने, नवोदित साहित्यिक प्रतिभाहरूको क्षमता अभिवृद्धि गर्ने र स्रष्टाहरूलाई

---

[1]. नव कसासका तत्कालीन अध्यक्ष हरिराज शर्माले २०६६ भदौ ६ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।

प्रोत्साहनस्वरुप सम्मान गरी साहित्यिक गतिविधिलाई अगाडि बढाउने उद्देश्य रहेको पाइन्छ । यसका अतिरिक्त साहित्यिक धरोहर भवानी भिक्षुको साहित्यिक सपना साकार पारी यस क्षेत्रलाई पनि साहित्यिका दृष्टिकोणले राष्ट्रिय स्तरमै उच्च पार्ने र आफ्नो गरिमालाई कायमै राखी अग्रगतिमा लैजाने रहेको छ । यस क्षेत्रलाई प्राचीन ऐतिहासिक स्थलको साथसाथै साहित्यिक गतिविधिका दृष्टिले पनि अग्रगति दिने उद्देश्यले यस साहित्यिक संस्थाको स्थापना भएको हो ।'[२]

यस साहित्यिक संस्थाको स्थापनापश्चात् यसले आफ्ना कार्यक्रमहरूलाई निरन्तर रूपमा अगाडि बढाउँदै आएको छ । मासिक रूपमा हरेक महिनाको पहिलो शनिबार आफ्ना कार्यक्रम सम्पन्न गर्दै आएको यस संस्थाले स्थापनाको निकै लामो समयपछि वि.सं. २०६० सालबाट आफ्ना मासिक साहित्यिक कार्यक्रमलाई हरेक महिनाको पहिलो शुक्रबार सम्पन्न गर्दै आएको छ । यसका अतिरिक्त विभिन्न उत्सव समारोह तथा जन्मजयन्तीको अवसर पारेर पनि नव कपिलवस्तु साहित्यिक समाजले साहित्यिक कार्यक्रमहरू सम्पन्न गर्दै आएको पाइन्छ । लुम्बिनी अञ्चलभित्र जन्मिएर वा यसै अञ्चलभित्र रहेर उच्च तवरले साहित्यिक कलम चलाई साहित्यको श्रीवृद्धिमा सहयोग पुऱ्याउने साहित्यिक स्रष्टालाई हरेक २/२ वर्षमा यस अञ्चलभित्रका कुनै एक जना साहित्यकारलाई भिक्षु पुरस्कारद्वारा २०५२ सालदेखि सम्मान गर्दै आएको पनि देखिन्छ ।

कपिलवस्तु जिल्लाको साहित्यक संसारलाई उच्चतम विन्दुमा पुऱ्याई भवानी भिक्षुकै चिन्तनशीलतालाई जोगाई राख्नुका साथै साहित्यिक टेवालाई थप नयाँ गोरेटो र नयाँ पाइलोमा पुऱ्याउने उद्देश्यले स्थापित नव कपिलवस्तु साहित्यिक समाज जिल्लाकै प्रमुख साहित्यिक संस्थाका रूपमा चिनिँदै आएको छ ।

## ४.२ नामकरण

नव कपिलवस्तु साहित्यिक समाज २०५० सालमा कपिलवस्तु साहित्यिक समाज (कसास) नामबाट जि.प्र.का.कपिलवस्तुमा दर्ता भएको साहित्यिक संस्था हो । यस संस्थालाई नवीकरण नगरिएकोले २०५४।०९।१७ मा पहिलेको कपिलवस्तु साहित्यिक समाज शब्दका अगाडि नव शब्द थपी नव कपिलवस्तु साहित्यिक समाज भनी नामकरण गरिएको देखिन्छ ।'[३]

कपिलवस्तु जिल्लाकै नामबाट नामकरण गरिएको यस संस्थामा जिल्लाभित्रका जुनसुकै भाषा, धर्म, वर्ग,लिङ्ग आदिप्रति आस्था भएका व्यक्ति पनि आबद्ध भई काम गर्न

[२]. नव कसासका वर्तमान अध्यक्ष भक्तिराम पन्थीले २०६६ भदौ २३ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।
[३]. नव कसासको विधान पुस्तिका २०५० अनुसार ।

पाउने व्यवस्था यसको विधानमा उल्लेख गरिएको पाइन्छ । यसका अतिक्ति यस संस्थाप्रति शुभेच्छा राख्ने अन्य जुनसुकै व्यक्ति पनि यसमा आबद्ध भई कार्य गर्न पाउने व्यवस्था पनि उल्लेख भएको छ । कपिलवस्तु जिल्लाभित्र यसभन्दा अगाडि पनि विभिन्न नामबाट विभिन्न समयमा विभिन्न साहित्यिक सङ्घ संस्थाहरूको स्थापना नभएका त होइनन् तर सिङ्गो कपिलवस्तु जिल्लालाई समेट्न सक्ने यस संस्थाको नामकरणले पनि यसको आयामलाई बृहत् रूपमा बुझ्न सकिन्छ ।

## ४.३ स्थापना र पदाधिकारीहरूको गठन

'नव कपिलवस्तु साहित्यिक समाज' २०५० सालमा 'कपिलवस्तु साहित्यिक समाज (कसास) का नाममा कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवास्थित कपिलवस्तु नगरपालिका वार्ड नं. ४ आनन्दवागमा स्थापना गरिएको साहित्यिक संस्था हो । भाषा, साहित्य तथा कला संस्कृतको विकास र संरक्षण गर्ने उद्देश्यले भाषा साहित्य प्रेमीहरूको अभिरुचि र सक्रियतामा स्थापना भएको यो साहित्यिक साझा संस्था महान् साहित्यकार भवानी भिक्षुकै साहित्यिक सपनालाई मूर्त रूप दिई यस क्षेत्रलाई पनि साहित्यिक दृष्टिकोणले हराभरा पार्ने अभिलाषा राखेर यस क्षेत्रका साहित्यअनुरागी व्यक्तित्त्वहरूको प्रयासमा स्थापना भएको यो साझा साहित्यिक मझेरीमा सवै भाषा, धर्म, संस्कृतिका व्यक्तिहरूले साहित्यको न्यानो र रापिलो घाम ताप्न पाउँछन् अर्थात् साहित्य प्रेमीहरूको समावेशी साहित्यिक द्वार यसको स्थापना कालदेखि नै खुला रहेको देखिन्छ ।

'कपिलवस्तु साहित्यिक समाज'का नाममा जि.प्र.का. कपिलवस्तुमा दर्ता हुन पुगेको यस साहित्यिक संस्थाको संस्थापक अध्यक्षमा यसै क्षेत्रका क्रियाशील अग्रणी साहित्यिक व्यक्तित्त्व हरिराज शर्मा (हराश) रहेको देखिन्छ । यसमा अन्य १० जनासहित जम्मा ११ जना पदाधिकरीहरू रहने व्यवस्था गरिएको छ । यस साहित्यिक संस्थालाई संरक्षण र विकास गर्नको लागि संरक्षक र सल्लाहाकार समिति पनि पहिलो कार्यकालमै गठन भएको पाइन्छ । वि.सं. २०५० सालमा स्थापित भएर विभिन्न दिवस, उपलक्ष्य, जन्म जयन्ती आदिमा आफ्नो नियमित मासिक साहित्य शृङ्खला अगाडि बढाउँदै आएको छ । यस साहित्यिक संस्थाको पुनर्गठन गरी नव कपिलवस्तु साहित्यि समाज २०५४ मा स्थापित भएपछि यसले आफ्ना साहित्यिक कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गर्दै आएको पनि देखिन्छ ।'[४]

[४]. कसासको विधान तथा उपस्थिति पुस्तिका २०५० अनुसार ।

'वि.सं. २०५० सालमा पहिलो पटक यो संस्था स्थापित हुँदा गठित पदाधिकारी तथा संरक्षक र सल्लाहकार समितिको बैठक बसेको देखिन्छ । उक्त बैठकमा उपस्थित हुनेहरूको नामावली यहाँ उल्लेख गरिएको छ -'[५]

| | | |
|---|---|---|
| प्रमुख संरक्षक | - | भोलानाथ शर्मा |
| संरक्षक | - | विष्णुराज आत्रेय |
| सल्लाहकार | - | गिरिबहादुर ज्ञवाली |
| सल्लाहकार | - | शेरबहादुर श्रेष्ठ |
| सल्लाहकार | - | रामेश्वर पाण्डे |
| अध्यक्ष | - | हरिराज शर्मा |
| उपाध्यक्ष | - | षडानन्द पौडेल |
| सचिव | - | माधव पन्थी |
| सह सचिव | - | गोविन्द पौडेल |
| कोषाध्यक्ष | - | जानका आचार्य |
| सदस्य | - | गङ्गाप्रसाद सिंह |
| सदस्य | - | विश्वराज पान्डे |
| सदस्य | - | तेजकुमार बौद्धाचार्य |
| सदस्य | - | भीमबहादुर रेग्मी |
| सदस्य | - | नारायण पौडेल |
| सदस्य | - | मनोज पौडेल |

## ४.४ भेला आयोजना तथा निर्णय

नव कपिलवस्तु साहित्यिक समाज स्थापना सम्बन्धी गरिएको भेला र त्यस भेलाले गरेका निर्णयहरूका साथै यसका उद्देश्य तथा विधानलाई यहाँ उल्लेख गरिएको छ -

'कपिलमुनिको बस्ती नामले प्राचीन कालदेखि परिचित यस कपिलवस्तु जिल्लामा भाषा, साहित्य एवम् संस्कृतिको संरक्षण गर्ने संस्थाको अभाव अनुभव गरी समाजोत्थानको भावनाले अभिप्रेरित भई कपिलवस्तु बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख गङ्गाप्रसाद सिंहको अध्यक्षतामा मिति २०५०।५।१५ गते मङ्गलबारका दिन भेलाको आयोजना गरियो । उक्त भेलामा निम्न उपस्थिति रहेको पनि देखिन्छ - गङ्गाप्रसाद सिंह, विनोदकुमार सिंह, हरिराज शर्मा, हुमबहादुर कुँवर, विश्वराज पाण्डेय, विपिनविहारी मिश्र, पद्माकर शुक्ल, माधवराज पन्थी, भीमबहादुर रेग्मी, नीलम श्रीवास्तव, नवराज

[५]. ऐजन ।

तिवारी,जगदीश चौधरी, विष्णुदेव यादव, तेजकुमार बौद्धाचार्य, शत्रुधनलाल श्रीवास्तव, रामप्रसाद पन्थी, बलराम घिमिरे, जानका भट्टराई, चन्द्रकान्त शर्मा, षडानन्द पौडेल’[६] आदि ।

उपर्युल्लिखित व्यक्तिहरूको हस्ताक्षर पनि निर्णय तथा विधान पुस्तिकामा उल्लेख गरिएको छ ।

माथि भेलाले गरेका विभिन्न निर्णयहरू, संस्थाका विधानहरू, उद्देश्य, पदाधिकारी गठन सम्बन्धी नियमहरूलगायत, उनीहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी कुराहरूलाई यसको विधान पुस्तिकामा उल्लेख गरेको पाइन्छ जसलाई प्रस्तुत शोध कार्यमा देखाउने प्रयास गरिएको छ ।

## ४.४.१ प्रथम बैठक र निर्णयहरू

वि.सं.२०५०।५।१५ गतेका दिन कपिलवस्तु बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख गङ्गाप्रसाद सिंहको अध्यक्षतामा भेला आयोजना गरिएको थियो । उक्त भेलाले भाषा, साहित्य, कला एवं संस्कृतिको संरक्षण एवम् संवर्द्धन गर्न र नयाँ प्रतिभाको विकास गर्नका लागि कपिलवस्तु साहित्यिक समाज (कसास) नामक साहित्यिक संस्था सञ्चालन गर्ने निणर्य गर्नुका साथै संस्थाको उद्देश्य, कार्यक्रम र विधान निर्माण गर्न सहायक क्याम्पस प्रमुख हरिराज शर्माको अध्यक्षतामा माधवराज पन्थी र षडानन्द पौडेलको जिम्मा लगाएको देखिन्छ ।’[७]

## ४.४.२ दोस्रो बैठक

मिति २०५०।५।१८ गतेका दिन कपिलवस्तु बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख हरिराज शर्माको  अध्यक्षतामा बसेको कपिलवस्तु साहित्यिक समाज (कसास) को भेलामा निम्नानुसारको उपस्थिति रहेको देखिन्छ ।

उपस्थिति -गङ्गाप्रसाद सिंह, विनोदकुमार सिंह, हरिराज शर्मा, हुमबहादुर कुँवर, विश्वराज पाण्डेय, विपिन विहारी मिश्र,पदमाकर शुक्ल, माधवराज पन्थी, भीमबहादुर रेग्मी, नीलम श्रीवास्तव, नवराज तिवारी,जगदीश चौधरी, विष्णुदेव यादव, तेजकुमार बौद्धाचार्य, शत्रुधनलाल श्रीवास्तव, रामप्रसाद पन्थी, बलराम घिमिरे, जानका भट्टराई, चन्द्रकात शर्मा, षडानन्द पौडेल’[८]आदि ।

---

[६]. ऐजन ।

[७]. कसासको २०५०।५।१५ गते बसेको भेलाले गरेको निर्णयअनुसार ।

[८]. कसासको २०५०।५।१८ गते बसेको भेलाले गरेको निर्णयअनुसार ।

### ४.४.३ कसासको विधान (२०५०) को समीक्षा

कपिलवस्तु साहित्यिक समाजको स्थापनासँगै यसको विधान निर्माण गरेको देखिन्छ । संस्था स्थापनामा भूमिका खेल्ने साहित्यिक व्यक्तित्वहरू षडानन्द पौडल र माधवराज पन्थीद्वारा तयार पारिएको मस्यौदा विधानलाई संस्थाको दोस्रो बैठकमा उपस्थित भेलाले आवश्यक संशोधन गरी विधान स्वीकृत गरेको पाइन्छ ।'[९] यही विधानका आधारमा 'कपिलवस्तु साहित्यिक समाज' नामक संस्था दर्ता भएको देखिन्छ । कपिलवस्तु साहित्यिक समाज 'नव कपिलवस्तु साहित्यिक समाज'मा नामान्त्रण हुँदा पनि यसै विधानलाई आधार मानेको देखिन्छ । हस्तलिखित रूपमा तयार गरेको विधान दशवटा पृष्ठ सङ्ख्यामा रहेको छ । उक्त विधानलाई शोधपत्रको परिशिष्ट खण्डमा राखिएको छ । विधानमा उल्लेखित प्रस्तावना यसप्रकार रहेको छ - "समाजको सर्वाङ्गीण विकासको निम्ति कला, संस्कृति र साहित्यिक क्षेत्रबाट टेवा पुऱ्याउन आ-आफ्नो क्षेत्रमा विकसित भएका भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण एवम् संवर्द्धन गर्दै पुराना तथा नयाँ साहित्यिक प्रतिभालाई सामुहिक एवम् साङ्गठनिक रूपबाट अगाडि बढाउनका निम्ति एउटा साहित्यिक संस्थाको आवश्यकता अनुभव गरी कसपलवस्तुका साहित्यानुरागीहरूको भावनालाई मूर्त रूप दिन साहित्य प्रेमीहरूको भेलाले 'कपिलवस्तु साहित्यिक समाज' कसास नामक संस्था स्थापना गरेको देखिन्छ ।'[१०]

कपिलवस्तु जिल्लामा साहित्यिक विकास गर्ने उद्देश्यले स्थापना गरिएको कपिलवस्तु साहित्यिक समाजले आफ्नो विधानमा उल्लेख गरेका कुराहरू विधानका शीर्षकहरूमा विस्तृत रूपमा देखाइएको छ । यसका प्रमुख उद्देश्यहरू निम्नलिखित रहेका देखिन्छन् -

क) राष्ट्रिय भाषा र स्थानीय भाषा साहित्यको संरक्षण तथा संबर्द्धन गर्ने ।

ख) नेपाली भाषा, साहित्य र अन्य भाषाका साहित्यको संरक्षण तथा संबर्द्धन गर्ने ।

ग) ऐतिहासिक तथा धार्मिक एवम् पुरातात्त्विक महत्त्वका कला एवम् संस्कृतिको संरक्षण र विकासको निम्ति अनवरत प्रयास गर्ने ।

घ) पुराना साहित्यकारका रचनाको प्रकाशन तथा अनुसन्धान गर्ने ।

ङ) नयाँ साहित्यिक प्रतिभाको विकासको निम्ति संगठित एवम् संस्थागत प्रयासको सुरुवात र विकास गर्ने ।

च) साहित्यका विविध विधा तथा पक्षहरूमा प्रकाश पारी जनतामा साहित्यिक जागरण फैलाउने आदि ।'[११]

---

[९]. कसासको विधान पुस्तिका २०५० अनुसार ।

[१०]. ऐजन ।

[११]. ऐजन ।

कसासको विधानमा एकदेखि सातसम्म गरी जम्मा सातवटा परिच्छेदहरू रहेका छन् । ती सातवटा परिच्छेदहरूभित्र रहेका विधान शीर्षकहरूको सङ्क्षिप्त समीक्षा गर्ने प्रयास यहाँ गरिएको छ ।

विधानको परिच्छेद एकमा 'सङ्क्षिप्त नाम र प्रारम्भ', 'परिभाषा', 'संस्थाको छाप', 'संस्थाको कार्यालय' जस्ता विधान शीर्षकहरू राखिएका छन् । परिच्छेद दुईअन्तर्गत 'संस्थाको उद्देश्य' रहेको छ । यस्तै परिच्छेद तीनमा 'सदस्यको योग्यता', 'सदस्यको प्रकार', 'सदस्य शुल्क र सदस्यता प्रदान गर्ने विधि', 'सदस्यको अयोग्यता र सदस्यता समाप्ति' विधान शीर्षकहरू राखिएका छन् । परिच्छेद चारमा उल्लेखित विधान शीर्षकहरूमा 'साधारण सभा', 'साधारण सभाको अधिवेशन', 'साधारण सभाको काम, कर्तव्य र अधिकार', 'कार्यसमितिको गतिविधि', 'कार्यसमितिको बैठक' र 'कार्यसमितिको काम, कर्तव्य र अधिकार' रहेका छन् । परिच्छेद पाँचको शीर्षक 'पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार' रहेको छ ।

विधानको पच्छिेद छमा 'आर्थिक स्रोत', 'चलअचल सम्पत्तिको विवरण', 'कोष', 'लेखा परीक्षण' शीर्षकहरू रहेका छन् । विधानको अन्तिम परिच्छेदको रूपमा सातौँ परिच्छेद रहेको छ । यस परिच्छेदअन्तर्गतका शीर्षकहरूमा 'निर्वाचन सम्बन्धी व्यवस्था', 'उम्मेदवार हुन अयोग्यता', 'स्पष्टीकरण', 'अविश्वासको प्रस्ताव', 'राजीनामा', 'नियम बनाउन सक्ने', 'संस्थाको विघटन' आदि शीर्षकहरू रहेका छन् ।

## ४.५ भवानी भिक्षु पुरस्कार तथा जन्म-जयन्ती समारोह

### ४.५.१ साहित्यकार भवानी भिक्षु

नेपाली आख्यान साहित्यका उच्च धरोहर साहित्यकार भवानी भिक्षुको जन्म पिता इन्द्रप्रसाद गुप्ता र माता शान्ति देवीको कोखबाट वि.सं. १९६६ साल जेठ २१ गते कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवाको समीपमा पर्ने गोटिहवा गाँउमा भएको हो । 'उनको वास्तविक नाम नोहरराम गुप्ता भएपनि नेपाली साहित्यमा उनी भवानी भिक्षुका नामले सुपरिचित छन् ।'[१२] जातीय रूपमा तराई मुलका भिक्षुले नेपाली साहित्यमा पुऱ्याएको योगदान अति नै महत्त्वपूर्ण मानिन्छ । 'घरमै भारतीय शिक्षकबाट अक्षरारम्भ गरी पढाइलाई अगाडि बढाएका भिक्षुले भारतको वनारसबाट हिन्दी भाषा साहित्यमा दोस्रो श्रेणीमा कुलभूषण परीक्षा उत्तीर्ण गरेका छन् ।'[१३] भिक्षु भारतको कानपुरबाट प्रकाशित हुने 'प्रताप' पत्रिकामा १९८५ तिर हिन्दी भाषाको कविता छपाएर साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । वनारसबाट निस्कने 'कहानी' पत्रिकामा कथा प्रकाशित

---

[१२]. पारसमणि भण्डारी र अन्य, नेपाली गद्य र नाटक, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार २०६४, पृ. ७४।
[१३]. अच्युतरमण अधिकारी (सम्पा.), उन्नयन, भवानी भिक्षु विशेषाङ्क, पृ. ४५६ ।

गरी हिन्दी भाषाका कविता, कथा र उर्दूमा सायरी लेख्ने भिक्षुले विशाल भारत, माधुरी आदि पत्रिकामा आफ्ना रचनाहरू प्रकाशित गराएका छन् ।'[१४]

नेपाली भाषा र साहित्यमा हात चलाउनमा उनलाई ऋद्धिबहादुर मल्ल र सिद्धिचरण श्रेष्ठबाट प्रेरणा प्राप्त भएको मानिन्छ । स्थानीय जमिन्दार पशुतिप्रताप पुरीको सहकर्मी बनेर काठमाडौं पुगेका भिक्षुको 'शारदा पत्रिकाका सम्पादक ऋद्धिबहादुर मल्लसगँ भेट भएको थियो । उनैको नेपाली भाषा-साहित्यमा कलम चलाउने आग्रह र सिद्धिचरणको सान्निध्यले प्रभावित भिक्षुले नेपाली भाषामा कलम चलाउने उत्प्रेरणा प्राप्त गरेका हुन् ।'[१५]

वि.सं.२००७ सालमा देशमा उदाएको प्रजातन्त्र सँगसँगै लेखकहरूले पनि स्वतन्त्रता पाए । त्यसपछि भिक्षु पनि वि.सं.२००९ देखि प्रचार विभागका सहायक निर्देशक भई सरकारी जागिरमा संलग्न भए । उनी वि.सं.२०१४ सालमा रोयल नेपाल एकेडेमीको स्थापना भएपछि त्यसका सदस्य भएका थिए । साहित्य विभागका संयोजक भई अनेक प्रकाशनको परिकल्पना र कार्यान्वयन गरेर संस्थालाई उन्नत तुल्याउन योगदान पुऱ्याउन उनले महत्त्वपूर्ण भूमिका खेलेका थिए । वि.सं. १९९५ मा **शारदा** पत्रिकामा 'मानव' कथा लिएर कथा क्षेत्रमा परिचित बनेका भिक्षुले सामाजिक विषयका सापेक्षतामा सार्वदेशिक तथा सार्वकालिक सन्दर्भका मानवीय विश्लेषण गरेका छन् । वि.सं.१९९६ मा राणाहरूद्वारा सिद्धिचरण श्रेष्ठ थुनिएपछि **शारदा**को सम्पादक र प्रकाशनको जिम्मा लिएका भिक्षुले **शारदा**लाई उन्नत तुल्याउनमा सक्रिय भूमिका निर्वाह गरेका थिए । उनी **धरती** पत्रिकाका सम्पादक पनि भएका थिए । उनले २०३२ सालमा 'आगत' उपन्यासका लागि मदन पुरस्कार प्राप्त गरेका थिए । २०३६ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले त्रिभुवन प्रज्ञा पुरस्कारद्वारा उनलाई सम्मान गरेको थियो । यिनको मृत्यु वि.सं.२०३८ साल वैशाख ४ गते काठमाडौंमा भएको हो । उनका हालसम्म प्रकाशित कृतिहरू यसप्रकार छन् - 'कथा सङ्ग्रह : 'गुनकेशरी' (२०१७), 'मैयाँ साहेब' (२०१७), 'आवर्त'२०२४, 'अवान्तर' (२०३४), । उपन्यास : 'शुभद्रा बज्यै' (२०१९), 'आगत' (२०३२), 'पाइप नं. २' (२०३४), 'सुन्तली' (२०४० गरिमामा प्रकाशित) । कविता सङ्ग्रह : 'छाया' (२०१७), 'प्रकाश' (२०१७), 'परिष्कार' (२०१७),'[१६] ।

कपिलवस्तुजस्तो तराईमा पछाडि परेको जिल्ला र जातीय हिसाबले तराई मुलका भिक्षुको मातृभाषा अवधी भए पनि यिनले नेपाली भाषा र साहित्यमा उल्लेख्य योगदान पुऱ्याउन सफल भएका छन् । विभिन्न भाषा भाषिको ज्ञान भएका भिक्षुले साहित्यको

---

[१४]. पारसमणि भण्डारी र अन्य, पूर्ववत्, पृ. ७५ ।
[१५]. ऐजन, पृ. ७५ ।
[१६]. नेपाली कथा भाग-४, सम्पादक डा. दयाराम श्रेष्ठ, साझा प्रकाशन, दोस्रो संस्करण, २०६० ।

क्षेत्रमा पु¥याएको योगदानलाई उच्च कदर गर्दै उनको सम्भनामा जन्म-जयन्तीको अवसर पारेर कपिलवस्तु साहित्यिक समाजले वि.सं. २०५२ सालदेखि लुम्बिनी अञ्चल स्तरीय कवि सम्मेलन गरी साहित्य स्रष्टा सम्मान गर्दै आएको छ । प्रत्येक २/२ वर्षमा वितरण गरिने भवानी भिक्षु पुरस्कारबाट हालसम्म लुम्बिनी अञ्चलभित्रका आधा दर्जनभन्दा बढी साहित्यिक स्रष्टाहरू सम्मानित भएका देखिन्छन् । कपिलवस्तु साहित्यिक समाज र रुपक स्मृति प्रतिष्ठानबीच भएको सम्झौताअनुसार रुपक स्मृति प्रतिष्ठानले सहयोग गर्दै आएको उक्त पुरस्कार राशी लुम्बिनी अञ्चलभित्रका ६ जिल्लाअन्तर्गतका साहित्यिक प्रभिाहरूमध्ये हरेक २/२ वर्षमा क्रमशः १/१ जनालाई प्रदान गरिन्छ । हरेक २/२ वर्षमा वितरण गरिने भिक्षु पुस्कारबाट लुम्बिनी अञ्चलका ६ वटै जिल्लाका ६ जना साहित्यिक प्रतिभाहरू सम्मानित भइसकेपछि पनि पुन : लुम्बिनी अञ्चलकै अन्य प्रतिभाहरूलाई सम्मान र पुरस्कार दिइएको देखिन्छ । यसरी भवानी भिक्षुले साहित्यको क्षेत्रमा पु¥याउनु भएको योगदानलाई अन्य व्यक्तिले पनि अनुशरण गरी थप उचाइको विन्दुमा पु¥याइयोस् भनेर उनै भिक्षुका नामबाट भिक्षु पुरस्कारको स्थापना गरिएको कुरा यस संस्थाका पदाधिकारीहरूबाट बुझिएको छ ।

## ४.५.२ प्रथम भिक्षु पुरस्कार प्रदान समारोह

'मिति२०५२ साल जेठ २१ गते साहित्यकार भवानी भिक्षुको ८१ औं जन्म-जयन्तीको अवसरमा कपिलवस्तु साहित्यिक समाजले लुम्बिनी अञ्चल स्तरीय कवि सम्मेलन एवम् भिक्षु पुरस्कार प्रदान तथा साहित्य स्रष्टा सम्मान'[१७] कार्यक्रमको आयोजना गरेको देखिन्छ । कपिलवस्तु साहित्यिक समाजद्वारा आयोजना गरिएको उक्त प्रथम भिक्षु पुरस्कार लुम्बिनी अञ्चल अर्घाखाँची जिल्ला निवासी उत्कृष्ट साहित्यकार मोदनाथ 'प्रश्रित' लाई प्रदान गरिएको देखिन्छ । संस्थाले गरेको स्रष्टा सम्मान तथा कवि गोष्ठी कार्यक्रममा निम्नलिखित साहित्यानुरागी व्यक्तित्त्वहरूरुको उपस्थिति रहेको पाइन्छ - 'हरिराज शर्मा, षडानन्द पौडेल, गोविन्दराज पौडेल, नारायण पौडेल, मनोज पौडेल, तेजकुमार बौद्धाचार्य, गङ्गाप्रसाद सिंह, विश्वराज पाण्डे, दिनेश ज्ञवाली, डा. रामेश्वर पाण्डेय, भोलानाथ शर्मा, डा.विष्णुराज आत्रेय, गिरिबहादुर कार्की, केदारमान अमात्य, गोबर्धन श्रेष्ठ, कृष्णबहादुर चौधरी, श्यमासुन्दर चौधरी, रामलौटन तिवारी, राघवशरण सिंह, बेदुराम घिमिरे, देवेन्द्रनाथ मिश्र, कोमलप्रसाद दुबे, समयप्रसाद शुक्ल, सूर्यबहादुर श्रेष्ठ, कपिल लामिछाने, कृष्णबहादुर दर्जी, कृष्णबहादुर गन्धर्व, रामबहादुर जिम्बा, बेदुराम भुसाल, गुणानिधि भुसाल, मख्खनलाल गुप्ता, शम्भुप्रसाद, डा. गुरुप्रसाद रजौरिया, पुण्यप्रसाद अर्याल, माधवप्रसाद ज्ञवाली, शिवा आले, गुरुप्रसाद पङ्गेनी, लक्ष्मण निर्मल,

[१७]. कसासको निर्णय पुस्तिका २०५२ अनुसार ।

अनिरुद्रप्रसाद सिंह, बालगोविन्द चौधरी, जगदीशमूर्ति कोइराला, किशोरमूर्ति कोइराला, जगतमान के.सी. यमबहादुर के.सी., जगदीश पासी, मोहम्मद मोइन, राजेशकुमार रौनी, श्रीधर ज्ञवाली, रामनारायण चौधरी, पशुपतिमणि त्रिपाठी, हविव अहमद, नेत्रप्रसाद न्यौपाने, सालिकराम पौडेल,बाबुराम भण्डारी, जगन्नाथ मरासिनी, रुक्माङ्गत ज्ञवाली,नरेन्द्रबहादुर श्रेष्ठ, जितेन्द्र कुर्मी, मोहम्मद इदरिस नेपाली, विष्णुबहादर शाही, पुरुषोत्तम आचार्य, बलाराम ज्ञवाली, मोहन ज्ञवाली, लोकनाथ गौतम, ज्ञानेन्द्रप्रसाद भुसाल, राम हरिजन, खुमबहादुर शाही, शङ्कर धिताल, रवीन्द्र उप्रेती, डोलेन्द्र थापा, सरोज ज्ञवाली, प्रशान्त शर्मा, खगराज गौतम, साहस शर्मा, अर्जुन भट्टराई, निरज भट्टराई, आशिष आचार्य, रामु गिरी, नवीन पोखेल, रमेशकुमार गिरी, कपिल गौतम, चन्द्रमणि गौतम, रमेश ज्ञवाली, पदम प्रवासी, बोमकहादुर थापा, कृष्ण पौडेल, रवीन्द्र कोइराला, आजाद अहमद, सञ्जयसिंह ज्ञवाली, युवराज गद्दी, गुनाखर गैरे, नवराज 'वनवासी' लोकबहादुर रानामगर, जागेरश्वर अधिकारी, रामप्रसाद पन्थी, भोजराज सापकोटा, अरविन्दकुमार श्रीवास्तव, थानेश्वर गैरे, अम्बिका प्रधान, राममिलन, शिवराम पराजुली, विष्णुप्रसाद पन्थी, कृष्णप्रसाद पौडेल, उज्ज्वल शर्मा, नारायणप्रसाद सुवेदी, सालिकराम शर्मा, रुद्रमणि गिरी, रामचन्द्र अर्याल, यज्ञप्रसाद खनाल, गङ्गा लिगल, सुमन राणा, मोदनाथ शास्त्री, चन्द्रप्रसाद अधिकारी, ज्ञानेन्द्रकुमार आचार्य, दयाप्रसाद घिमिरे, बूँद राना, वनमाली निराकार, अमर शाह, नारायण पौडेल, खगेन्द्रप्रसाद बस्याल, लक्ष्मण ज्ञवाली, गोविन्द बेल्बासे, पुरुषोत्तम, शान्तराज आचार्य, तुल्सीराम खनाल, सरोज आचार्य, लोकनाथ अर्याल, नरु अल्छी, वली मुहम्मद, कपिलराम खनाल, वीरेन्द्रप्रसाद त्रिपाठी, तुल्सीराम, भक्तविनाय भुसाल, नेत्रप्रासद, निर्मल वि. क., रिना नेपाल, अनिता श्रीपाल, विष्णुकुमार विश्वकर्मा, जयप्रकाश गुप्ता, सरोजकमार दुबे, इन्दिरा श्रेष्ठ, रेखा आचार्य, कमला न्यौपाने, राजु आचार्य, राधा खनाल, राधा नेपाल, शोभा ज्ञवाली, कल्याणी श्रेष्ठ, लक्ष्मीदेवी शर्मा, दिलकुमारी पुडासैनी, कमला पन्थी, माया पन्थी, शिवराघव बौद्धाचार्य, श्रीधर अधिकारी, यमुना ढुङ्गेल, सबिता घिमिरे, प्रकाश घिमिरे, भवानी पौडल, यशोदा लम्साल, विजय गैरे, कविता शर्मा, मनिषा आचार्य, मञ्जु कोइराला, सिर्जना सापकोटा, मनकुमारी, कमल' सापकोटा, पार्वती शर्मा, कमला घिमिरे, सिर्जना पौडेल, लक्ष्मी पौडेल, राधिका भण्डारी, शान्ता अर्याल, निरुसिंह रायमाझी, रमा पौडेल, सीता अर्याल, जगन्नाथ श्रीवास्तव, मध्युम आलम खाँ, कमला सुवेदी, शिवकला घिमिरे, जयादेवी अर्याल, कविता पौडेल, ससुमाया शाक्य, कमला श्रेष्ठ, इन्दिरा श्रेष्ठ, विश्वनाथ खनाल, भुपेन्द्र अर्याल, धर्मानन्द घिमिरे, आलोक आत्रेय, प्रमोद शर्मा'[१८] आदि ।

---

[१८]. ऐजन ।

### ४.५.३ दोस्रो भिक्षु पुरस्कार प्रदान समारोह

'मिति २०५५।२।२१ गते साहित्यकार भवानी भिक्षुको ८४औँ जन्म-जयन्तीको अवसर पारेर नव कपिलवस्तु साहित्यिक समाजले कवि गोष्ठी एवम् स्रष्टा सम्मान कार्यक्रम'[१९] कार्यक्रम सम्पन्न गरेको देखिन्छ । नव कसासले आयोजना गरेको दोस्रो भिक्षु पुरस्कार लुम्बिनी अञ्चल पाल्पा जिल्ला निवासी प्रबुद्ध साहित्यकार कुलमणि देवकोटालाई प्रदान गरेको थियो । उहाँले गरेको साहित्यिक योगदानको कदर गर्दै गरेको स्रष्टा सम्मान कार्यक्रममा निम्नानुसारको उपस्थिति रहेको पाइन्छ - 'फणिनारायण सिग्देल, दानबहादुर श्रीवास्तव, भक्तिराम पन्थी, मनोजकुमार श्रीवास्तव, विश्वराज पाण्डे, सालिकराम पौडेल, वनमाली निराकार, दिवाकर देवकोटा, राधादेवी  देवकोटा, भगवान पोखेल, दुर्गाप्रसाद पोखेल, माधवराज गौतम, हरिराज शर्मा, कुलमणि देवकोटा, गोपालबहादुर सिंह, गोविन्दराज पौडेल, नारायणप्रसाद पौडेल, झविन्द्रराज रेग्मी दधिराम सापकोटा, युवराज आचार्य, लालकृष्ण पौड्याल  खिमानन्द गौतम, हरिप्रसाद पौडेल, ढुण्डिराज अर्याल, माधव पन्थी, श्रीधर ज्ञवाली, ऋषिराम भुसाल, हिरण्यलाल ज्ञवाली, रञ्जन सिग्देल, बाबुराम भण्डारी, सुशीला प्रधानाङ्ग, दिवाकर, देवेन्द्र पौडेल, लेखनाथ भण्डारी, शङ्करप्रसाद दुबे, इस्साद खाँ, सिद्धार्थप्रताप शाक्य, गणेशबहादुर, बैरागी काइँला, भोलाप्रसाद वास्ताकाटी, मधुसुदन बर्मा, बद्रीकुमार कार्की, केशवराज सुवेदी, सुदीप पौडेल, गोपाल भण्डारी, विक्रम सिंह, राजेन्द्र पौडेल, श्रवणकुमार पाण्डेय, स्वमी केशवानन्द, बलराम शर्मा, ज्ञानराज घिमिरे, रमेशचन्द्र उपाध्याय, चन्द्रकान्त उपाध्याय, कृष्णा मिश्रा, अश्वकुमार मिश्रा, अनुजकुमार मिश्रा, निरजकुमार मिश्रा, धीरज कुमार मिश्रा, तेजकुमार बौद्धाचार्य, रामचन्द्र पौडेल, लक्ष्मण लम्साल, ज्ञानु अधिकारी, प्रशान्त ज्ञवाली, उषा थापा, शोभा घिमिरे, दुर्गा पौडेल, निरुसिंह रायमाझी, मीना ज्ञवाली, ससुमयिँ शाक्य, मनकुमारी थापा, पार्वती शर्मा, नर्मदा ज्ञवाली, बूँद राना, मोदनाथ शास्त्री, विष्णुराज आत्रेय (लाटो साथी)'[२०] आदि ।

### ४.५.४ तेस्रो भिक्षु पुरस्कार प्रदान समारोह

'मिति २०५७।२।२१ गते नव कसासले हरेक २/२ वर्षमा वितरण गर्दै आएको भवानी भिक्षु पुरस्कार लुम्बिनी अञ्चल गुल्मी जिल्ला निवासी साहित्यकार डा. टीकाराम पन्थीलाई प्रदान'[२१] गरेको देखिन्छ । नगद राशी एवम् ताम्रपत्र र दोसल्ला ओढाई गरिएको स्रष्टा सम्मान र्कायक्रममा निम्नलिखित साहित्यानुरागीहरूको उपस्थिति रहेको पाइन्छ -

[१९]. ऐजन ।
[२०]. ऐजन ।
[२१]. ऐजन ।

'हरिराज शर्मा, डा.टीकाराम पन्थी, सुवसेन 'ओली', नारायणप्रसाद शर्मा, दीपकुमार उपाध्याय, विष्णुराज आत्रेय, फणिनारायण सिग्देल, गोविन्द पौडेल, दिनेश ज्ञवाली, तेजकुमार बौद्धाचार्य, गङ्गाप्रसाद सिंह, विश्वराज पाण्डे, दधिराम सापकोटा, नारायण पौडेल, मनोज पौडेल, लेखनाथ भण्डारी, पुरुषोत्तम आचार्य, तीर्थराज आचार्य, युवराज आचार्य, दधिराम सापकोटा, भोलाप्रसाद वास्ताकोटी, खिमानन्द गौतम, नेत्रप्रसाद अर्याल, ऋषवराज पन्थी, कालिकाप्रसाद उपाध्याय, अनिरुद्रप्रसाद सिंह, बूँद राना, आर.के. श्रेष्ठ, रुद्र दुःखी, मोदनाथ शास्त्री, श्रीधर ज्ञवाली, लालकृष्ण पौड्याल, कृष्ण श्रेष्ठ, विष्णुराज आत्रेय, सुचिता श्रेष्ठ, निरुसिंह रायमाझी, कमला घिमिरे, प्रतीक्षा घिमिरे, इनिदरा सापकोटा, सीमा सापकोटा, विपिन विहारी मिश्र, नारायण पौडेल,राजेश ज्ञवाली, भक्तिराम पन्थी, प्रतिभा पन्थी, कपिल न्यौपाने, निर्मला सुवेदी, भोलानाथ शर्मा, ललिता वास्ताकोटी, रवीन्द्रनाथ मिश्र, दानबहादुर, तेजकुमार बौद्धाचार्य, उदयनारायण, भेषराज बन्जाडे, डा. दामोदर ढकाल, थानेश्वर खनाल, भेषराज भुसाल, हरिप्रसाद पौडेल, श्यामसुन्दर गौतम, गोपाल घिमिरे, नारायण ढकाल, हुमबहादुर कुँवर, बलराम पौडेल, बालशरण रेग्मी, नरेन्द्रराज रेग्मी, विश्वम्भरनाथ शुक्ल, पुष्पराज पौडेल, केशव सुवेदी, रामकुमार सेन, अरविन्द पाण्डेय, किरण कुमार देवकोटा, धर्मराज भुसाल, राजु अर्याल, आमोद श्रेष्ठ, ससुमयिँ शाक्य, मीना ज्ञवाली, देवेन्द्र पौडेल, केशव पोखरेल, विश्वराज पाण्डे, खगेश्वर पौडेल, हीराराज रेग्मी, राधादेवी बस्याल, कमला न्यौपाने, गङ्गा खनाल, पार्वती कोइराला, दुर्गा अधिकारी, रामु कोइराला, ढुण्डिराज पौडेल, हीराराज रेग्मी, राधादेवी बस्याल, कमला न्यौपाने, गङ्गा खनाल, पार्वती कोइराला, दुर्गा अधिकारी, रामु कोइराला, ढुण्डिराज अर्याल, सुशील प्रधानाङ्ग, दानबहादुर श्रीवास्तव, शोभाखर अर्याल, पशुपतिमणि त्रिपाठी, श्यामदेव योगी, ध्रुवचन्द्र अर्याल, यादव तिवारी '[२२] आदि ।

## ४.५.५ चौथो भिक्षु पुरस्कार प्रदान समारोह

'मिति २०५९ साल जेठ २१ गते साहित्यकार भवानी भिक्षुको ८८औँ जन्म-जयन्तीको अवसर पारेर नव कपिलवस्तु साहित्यिक समाजले चौथो भवानी भिक्षु पुरस्कार प्रदान तथा कवि गोष्ठी कार्यक्रमको आयोजना'[२३] गरेको देखिन्छ । साहित्यकार भवानी भिक्षु पछिकै उत्कृष्ट साहित्यकार मानिने यसै क्षेत्रका साहित्यकार विष्णुराज आत्रेय (लाटो साथी) लाई उनले पुऱ्याएको योगदानस्वरुप यो सम्मान गरेको पाइन्छ । उक्त दिनको कार्यक्रममा उपस्थित साहित्यानुरागीहरूको नामावली पाउन सकिएन । यस संस्थाका वर्तमान अध्यक्ष भक्तिराम पन्थीका अनुसार उक्त समयको रजिष्टर हराएको बुझिन्छ ।

[२२]. ऐजन ।
[२३]. ऐजन ।

### ४.५.६ पाँचौ भिक्षु पुरस्कार प्रदान समारोह

'मिति २०६२ साल जेठ २१ गते साहित्यकार भवानी भिक्षुको ९१ औँ जन्म-जयन्तीको अवसरमा नव कपिलवस्तु साहित्यिक समाजले लुम्बिनी अञ्चल रूपन्देही जिल्ला निवासी प्रसिद्ध साहित्यकार मोदनाथ शास्त्रीलाई उनले नेपाली साहित्यमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन र कदर गर्दै यस साहित्यिक समाजले भिक्षु पुरस्कारबाट नगद राशीसहित ताम्रपत्र र दोसल्ला ओढाई सम्मान गरेको पाइन्छ ।[२४]

### ४.५.७ छैटौँ भिक्षु पुरस्कार प्रदान समारोह

'मिति २०६४ साल जेठ २१ गते नव कपिलवस्तु साहित्यिक समाजले भवानी भिक्षुको ९३ औँ जन्म-जयन्तीको अवसर पारेर लुम्बिनी अञ्चल नवलपरासी जिल्ला निवासी साहित्यकार घनश्याम न्यौपाने 'परिश्रमी'लाई नेपाली साहित्यमा पुऱ्याउनु भएको योगदानस्वरूप यो पुरस्कार प्रदान गरेको पाइन्छ ।'[२५] उक्त कवि गोष्टी एवम् साहित्यिक स्रष्टा सम्मान कार्यक्रममा निम्न लिखित साहित्यानुरागी व्यक्तित्त्वहरूको उपस्थिति रहेको पाइन्छ - 'राघवेन्द्रकुमार श्रीवास्तव, राजुप्रसाद अर्याल, ऋषिराम कँडेल, खिमानन्द पोखरेल, विष्णुराज आत्रेय, माधवराज चुँदाली, युवराज अर्याल, सालिकराम पौडेल, डन्डाप्रसाद पराजुली, अणप्रसाद उपाध्याय, शिवराम पराजुली, केशवप्रसाद ज्ञवाली, डा.घनश्याम न्यौपाने, 'परिश्रमी', समयप्रसाद भट्टराई, मोतीलाल पौडेल, ईश्वरीप्रसाद भुसाल, केशव मरहट्ठा, राजेन्द्र आचार्य, दीपककुमार उपाध्याय, रविदेव शर्मा, दिनेश ज्ञवाली, पुण्यप्रसाद अर्याल, तेजकुमार बौद्धाचार्य, माधवप्रसाद ज्ञवाली, प्रेमलाल भट्टराई, अनिल बन्जाडे, सन्दीप जयसवाल, भोजप्रताप सेन, नन्दकिशोर उपाध्याय, झविन्द्रराज रेग्मी, कृष्णप्रसाद पाण्डे, शेखरनाथ पन्थी, नेत्रप्रसाद अर्याल, ओमप्रकाश गौतम, सत्यनारायण, बाबुराम भन्डारी, हुमबहादुर बेल्बासे, फणिनारायण सिग्देल, सालिकराम घिमिरे, विश्वराज पाण्डे, हरिप्रसाद गौतम, रामकृष्ण श्रेष्ठ, बलराम घिमिरे, गोपीलाल, विष्णुप्रसाद उपाध्याय, फणिनारायण आचार्य, किरणमान बज्राचार्य, दामोदर कोईराला, सञ्जय पन्थी, धर्मराज बेल्बासे, चेतन पन्थी, मधुसुदन बेल्बासे, प्रदीप यादव, वासुदेव जमरकट्टेल, मणिराज घिमिरे बलराम शर्मा, नवेन्दु ढकाल, विश्वम्भर शुक्ल, विष्णुप्रसाद शर्मा, खुमप्रसाद आचार्य,लालकृष्ण पौडेल, आयुष्मा अर्याल, निरुसिंह रायमाझी, उमा कोइराला, इन्द्र थापा, उमा अधिकारी, शोभा, मीना पोखेल, अरुणा अर्याल, रमा अर्याल,जयादेवी,पुष्पा शर्मा, शिखा जयसवाल, हरिप्रसाद पौडेल, पदम प्रसाद खनाल,

---

[२४]. ऐजन ।
[२५]. ऐजन

शिवचन्द्र आचार्य, किशोर घिमिरे, माहन ज्ञवाली, रामदयाल ठाकुर, बूँद राना, बालकृष्ण भट्टराई, विजय सागर '[२६] आदि

### ४.५.८ सातौँ भिक्षु पुरस्कार प्रदान समारोह

'मिति २०६६ साल जेठ २१ गतेका दिन पूर्व निर्णयअनुसार नव कपिलवस्तु साहित्यिक समाजले भवानी भिक्षुको ९५ औं जन्म-जयन्तीको अवसर पारेर लुम्बिनी अञ्चल पाल्पा जिल्ला निवासी साहित्यकार तथा कथाकार वनमाली निराकारले नेपाली साहित्यको कथा विधामा पुऱ्याउनु भएको योगदानलाई कदर गर्दै यस संस्थाले भवानी भिक्षु पुरस्कारबाट सम्मानित तथा पुरस्कृत गरेको देखिन्छ । उक्त साहित्य स्रष्टा सम्मान तथा कवि गोष्ठी साहित्यिक कार्यक्रममा निम्नअनुसारको उपस्थिति रहेको पाइन्छ - अरुण शर्मा, सिर्जना पोखेल, अनिता थापा, सीता बन्जाडे, निरुसिंह रायमाझी, डा. शङ्करप्रसाद नेपाल, गङ्गा अभिलाषी , विन्दु सिग्देल, विजय शर्मा, कपिल सिंह, लीलाराज लामिछाने, लक्ष्मण पन्थी, किरण देवकोटा, दयानिधि शर्मा, सालिकराम पौडेल, नारायणप्रसाद पौडेल, अर्जुन बहादुर सिंह, मोतीलाल पौडेल, ईश्वरीप्रसाद भुसाल रामप्रसाद घिमिरे, ठन्डाप्रसाद पराजुली, माधवप्रसाद आचार्य माधव मिश्र, प्रेमचन्द्र बानियाँ, जया दुबे, शोभा, चन्द्रकान्त घिमिरे, बलराम शर्मा, शिवराज अर्याल, माधवप्रसाद ज्ञवाली, दधिराम सापकोटा, रीना सुवेदी, पार्वती शर्मा, भगवती शर्मा, सुनिता दुबे, ज्योति श्रीवास्तव, झगिकला पन्थी, प्रकाश बन्जाडे, छविलाल न्यौपाने, बलराम घिमिरे, दिनेशकुमार ज्ञवाली, गोपाल पन्थी, फणिनारायण सिग्देल, ओमप्रकाश गौतम, नेत्रप्रसाद अर्याल, रुद्र ज्ञवाली, ऋषिकेशव भारद्धाज, वनमाली निराकार, दुर्गा शर्मा, विष्णुराज आत्रेय, हरिराज शर्मा, विजय सागर, बूँद राना, मोदनाथ शास्त्री, तेजकुमार बौद्धाचार्य, हुमबहादुर कुँवर, दया घिमिरे, बेचनलनल श्रीवास्तव, माया ज्ञवाली, लक्ष्मणप्रसाद पराजुली, यमप्रसाद पन्थी, पशुपतिमणि त्रिपाठी, भक्तिराम पन्थी, रीता ज्ञवाली, नेहा भट्टराई '[२७] आदि ।

नव कसास साहित्यिक समाजले २०५२ सालमा स्थापना गेरेको साहित्यकार भवानी भिक्षु पुरस्कारबाट अहिलेसम्म आधादर्जन भन्दा बढी साहित्य स्रष्टालाई सम्मान गरेको देखिन्छ ।

## ४.६ कसासको मासिक साहित्य सङ्गम शृङ्खला

कपिलवस्तु साहित्यिक समाज (कसास) २०५० ले आफ्नो साहित्यिक यात्रा स्थापना कालदेखि सुरु गरेको भए तापनि संस्था नवीकरण नहुन्जेलसम्म आफ्ना

---

[२६]. ऐजन ।
[२७]. ऐजन ।

साहित्यिक गतिविधिलाई सशक्त रूपमा अगाडि बढाएको पाइँदैन । संस्थालाई 'नव कपिलवस्तु साहित्यिक समाज' भनी नवीकरण गरेपछि संस्थाले आफ्ना साहित्यिक गतिविधिलाई अगाडि बढाउँदै आएको पाइन्छ र आफ्नो साहित्य शृङ्खलालाई मासिक रूपमा र अन्य उत्सव, जन्म-जयन्ती आदिजस्ता अवसरहरूमा पनि नियमित रूपमा सञ्चालन गर्दै आएको पनि देखिन्छ । यसरी सञ्चानल गरिने साहित्यिक कार्यक्रमहरूमा विभिन्न प्रतिभाहरूले आ-आफ्ना रचनाहरू अभिव्यक्ति गर्ने गर्दछन् । जुनसुकै भाषा-भाषी, धर्म, जात, लिङ्ग, वर्गका व्यक्तिहरूले स्थान पाउने यस संस्थाका साहित्यिक कार्यक्रमहरूमा स्थापित साहित्यकारहरूदेखि लिएर नवोदित स्रष्टा साथै बाल प्रतिभाहरूले पनि आ-आफ्ना रचनाहरू प्रस्तुत गर्ने गर्दछन् र त्यस किसिमका बाल प्रतिभाहरूलाई प्रोत्साहन गर्नको लागि पुरस्कारसमेत प्रदान गरिएको पाइन्छ ।

नव कसासले २०५४ मङ्सिर महिनादेखि नियमित रूपमा सञ्चालन गर्दै आएको मासिक साहित्य सङ्गम प्रत्येक महिनाको पहिलो शनिबार हुने गरेकोमा २०६० बाट प्रतयेक महिनाको पहिलो शुक्रबार हुने गरेको देखिन्छ । विशेषगरी सरकारी कर्मचारीहरू शनिबारको दिनमा आ-आफ्ना घरतर्फ लाग्ने हुनाले कार्यक्रम शुक्रबार नै ४:०० बजेपछि गरिँदै आएको कुरा यस संस्थाका वर्तमान अध्यक्ष भक्तिराम पन्थीले प्रस्तुत शोधकर्तालाई जानकारी गराउनुभयो । 'प्रारम्भमा संस्थाका संस्थापक अध्यक्ष हरिराज शर्माको आफ्नै निवासमा सञ्चालन हुँदै आएको उक्त साहित्यिक कार्यक्रम भोलानाथ ट्रस्टको भवन हुँदै हाल कपिलवस्तु बहुमुखी क्याम्पसको भवन तौलिहवामा सञ्चालन'[२८] हुने गरेको देखिन्छ । यसरी सञ्चालन हुने मासिक साहित्य सङ्गम सामयिक साहित्य बारे छलफल गर्ने, रचना वाचन गर्ने र ती वाचित रचनाको समीक्षात्मक टिप्पणीसहित सुझाव दिने पनि गरिन्छ । यस मासिक साहित्यिक कार्यक्रमको २०६० र २०६१ को उपस्थित रजिष्टर नै हराएको हुनाले के-कति औं साहित्य शृङ्खला सम्पन्न भए भन्ने बारेमा यकिनसाथ बताउन भने नसकिने देखिन्छ । तर प्राप्त हस्तलिखित उपस्थिति पुस्तिकाअनुसार नव कसासको मासिक साहित्य सङ्गम शृङ्खला र त्यसमा वाचित रचनाहरूलाई तालिकामा निम्नानुसार उल्लेख गरिएको छ -

तालिका -२

नव कसासको मासिक साहित्य सङ्गम

| जम्मा सङ्गम सङ्ख्या | गीत/गजल | लेख | कविता | निबन्ध | कथा |
|---|---|---|---|---|---|
| ५४ | ४३ | २४ | १७८ | १९ | १४ |

[२८]. कसासको उपस्थिति तथा साहित्य सङ्गम पुस्तिका २०६२ अनुसार ।

उक्त तालिकाअनुसार वि.सं. २०५४ साल मङ्सिर ७ गतेदेखि २०६६ साल भदौ ५ गतेसम्म सम्पन्न गरिएको कार्यक्रमलाई उल्लेख गरिएको छ । यसरी सम्पन्न भएका मासिक साहित्य सङ्गम शृङ्खलामा सबभन्दा बढी वाचित विधाचाहिँ कविता नै रहेको देखिन्छ । साहित्य सङ्गममा जिल्लाका विभिन्न क्षेत्रबाट साहित्यिक व्यक्तित्त्वहरूको उपस्थिति रहेको देखिन्छ । संस्थाकै प्रेरणास्वरूप जिल्लामा अनेक साहित्यिक संस्थाहरू खुलेका छन् र रचना वाचन गर्ने -गराउने परम्परा पनि बस्दै गएको पाइन्छ । त्यसैले संस्थाका साहित्यिक गतिविधिले अन्य सङ्घ-संस्थाहरूलाई पनि प्रेरणादायी भूमिका निर्वाह गरेको पाइन्छ ।

### ४.६.१ सङ्गममा रचना वाचन गर्ने स्रष्टा र मूल प्रवृत्ति

नव कसासको मासिक सङ्गममा रचना वाचन गर्ने विभिन्न साहित्य साधकहरूको उपस्थिति हेर्दा राष्ट्रिय प्रतिभादेखि लिएर उदीयमान स्रष्टा र नवोदित स्रष्टाहरूको त्रिवेणीको सङ्गमका रूपमा साहित्य सङ्गम देखापरेको छ । स्थापित साधकका रचनाको प्रस्तुतिले नवोदित प्रतिभाहरूलाई प्रेरणा प्राप्त भएको देखिन्छ ।

समाजमा आएर आफूलाई चिनाउने एउटा माध्यमका रूपमा समेत यो साहित्य सङ्गम सफल रहेको छ । कहिल्यै कलम नचलाएका र कुनै सिर्जना नगरेका व्यक्तिहरू सङ्गममा आउने, सहभागी हुने गर्दागर्दै अहिले उनीहरूले गीत, गजल, कथा, कविता, लेख के हो र कसरी लेखिन्छ, भन्ने ज्ञानसमेत पाएकाले अचेल त्यस्ता नवोदित स्रष्टाका कलम तिखारिन थालेका छन् भने उनीहरूका रचनाहरू पनि उत्कृष्ट रूपमा प्रस्तुत हुन थालेका छन् । यो नै सङ्गमको महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ । त्यसैले सङ्गममा आएर रचना सुनाउने अग्रज स्थापित स्रष्टाका रूपमा ‘हरिराज शर्मा (हराश), भक्तिराम पन्थी, फणिनारायण सिग्देल, पशुपतिमणि त्रिपाठी, राघवीन्द्रकुमार श्रीवास्तव, दधिराम सापकोटा, वासुदेव जमरकट्टेल, तेजकुमार बौद्धाचार्य, नारायण पौडेल, निरुसिंह रायमाझी, अनिरुद्रप्रसाद सिंह, विपिनविहारी मिश्र, विष्णुराज आत्रेय (लाटो साथी) आदि हुनुहुन्छ भने बालप्रतिभाहरूमा मुना पन्थी, प्रतिभा पन्थी, पवन भुसाल, आयुष्मा अर्याल’[२९] आदि रहेका छन् ।

यी उल्लिखित स्रष्टाहरूका रचनामा कविता, कथा, गजल, गीत, निबन्ध, लेख आदि प्रमुख देखिन्छन् । आदर्शवादी, यथार्थवादी, प्रयोगवादी, नैतिकता, प्रगतिवादी, क्रान्तिचेत, आलोचना, सामाजिक विकृति -विसङ्गतिका विरुद्ध विद्रोह, राष्ट्रियता, शान्ति र सद्भाव प्रकट भएका मूलभूत प्रवृत्ति रहेका पाइन्छन् । विभिन्न शैली, बिम्ब, प्रतीकको प्रयोग गरेका रचना सङ्गममा वाचित हुने गरेका देखिन्छन् ।

[२९]. ऐजन ।

### ४.६.२ नव कसासका साहित्यिक गतिविधिहरू

नव कपिलवस्तु साहित्यिक समाजले आफ्ना नियमित साहित्यिक गतिविधिहरूलाई मासिकरूपमा सञ्चालन गरी अगाडि बढाउँदै आएको देखिन्छ । यस संस्थाका यी साहित्यिक गतिविधिहरूले साहित्य सर्जकहरूलाई थप नयाँ टेवा र ऊर्जा प्रदान गरेको पनि पाइन्छ । यिनै यस संस्थाले गरेका साहित्यिक गतिविधिहरूले संस्थाको महत्त्वलाई अझ उचाइको शिखर बिन्दुमा पुऱ्याएको देखिन्छ ।

### ४.६.३ विषय प्रवेश

'नव कपिलवस्तु साहित्यिक समाज (नव कसास) 'कपिलवस्तु साहित्यिक समाज' (कसास) २०५० साल भाद्र १५ गते यस क्षेत्रका केही उत्साही, राजनीतिक चेत र साहित्यिक व्यक्तित्वहरूको सोँचको उपजको रूपमा स्थापित साहित्यिक संस्था हो ।'[३०] यसको स्थापना पश्चात् समाजमा अन्धकार र अन्धविश्वासमा परेका जनतालाई सचेत पार्ने र परिवर्तनका वाहक बनाउने जनमुखी साहित्यिक कार्यक्रम गर्ने गरेको देखिन्छ । यो संस्था स्थापना भएपछि यसले गरेका विविध साहित्यिक गतिविधिहरूलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ -

### ४.६.४ भिक्षु जन्मजयन्ती

कसासको स्थापना भएको करिब २ वर्ष बित्न लाग्दा त्यसबेला बसेको बैठकले जेठ २१ गते भवानी  भिक्षु जन्म-जयन्ती मनाउने र त्यसै दिनमा साहित्य स्रष्टा सम्मान तथा पुरस्कृत गर्ने निर्णय गरेबमोजिम भव्यरूपमा कार्यक्रम सम्पन्न गरेको देखिन्छ । २०५२ साल जेठ २१ गतेबाट सुरू गरेको उक्त भिक्षु जन्म-जयन्ती प्रत्येक वर्ष जेठ २१ गते निरन्तर रूपमा सम्पन्न गर्दै आएको पाइन्छ । उक्त अवसरमा नेपाली आख्यान जगतका उत्कृष्ट साहित्यिकार भवानी भिक्षुको व्यक्तित्त्व, कृतित्व र साहित्यिक योगदान माथि विभिन्न विद्वान्हरूबाट प्रवचन गर्न लगाउने, साहित्यिक गोष्ठी सम्पन्न गर्ने, साहित्यिक कार्यक्रम गर्ने, स्रष्टा सम्मान तथा पुरस्कृत गर्नेजस्ता कार्यक्रमहरू सम्पन्न हुने गर्दछन् ।

### ४.६.५ शुभ दीपावली

कपिलवस्तु साहित्यिक समाजले '२०५३।७।२० गतेका दिन नेपालीहरूको दोस्रो महान् पर्व तिहार अर्थात् शुभ दीपावलीको अवसर पारेर आफ्नो साहित्यिक कार्यक्रम सम्पन्न गरेको देखिन्छ । सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूको सुख-शान्ति

[३०]. कसासको विधान तथा भेला आयोजना पुस्तिका २०५० अनुसार ।

एवम् दीर्घायु र धन- धान्यकी देवी लक्ष्मीमाताको प्रार्थना गर्दै उनै लक्ष्मीले सबै नेपालीलाई समृद्ध पारुन् भन्ने कामना '[३१] गरिएको देखिन्छ ।

### ४.६.६ नव वर्षको स्वागत

नव कसासले मिति २०५६ वैशाख १ गतेका दिन नव वर्षको सुखद उपलक्ष्यमा 'नव वर्ष स्वागत समारोह एवम् कवि गोष्ठी कार्यक्रमको आयोजना गरेको '[३२] पाइन्छ । 'सोही अवसरमा तौलिहवास्थित श्रीपशुपतिप्रताप पुस्तकालयमा हिन्दू खलसा त्रिशताब्दी समारोह पनि मानाउने निर्णयबमोजिम दुवैले संयुक्त रूपमा कार्यक्रम सम्पन्न'[३३] गरेको देखिन्छ । त्यसपछिका वर्षहरूमा नव कसासले नव वर्षको उपलक्ष्यमा आफ्नो साहित्यिक कार्यक्रम सञ्चालन र नव वर्ष स्वागत समारोह गर्दै आएको भए तापनि नियमित रूपमा नव वर्ष स्वागत समारोह गरेको पाइँदैन ।

### ४.६.७ भानुजयन्ती

नव कसासले २०५६ श्रावण १ गतेका दिन नेपाली साहित्यका 'आदिकवि भानुभक्तको सम्झना गर्दै १८६औँ भानु जन्म-जयन्ती मनाएको पाइन्छ । असार २९ गते पर्ने भानु जन्म-जयन्तीलाई आफ्नो संस्थाका पदाधिकारीहरूको विशेष कारणवश उक्त दिनमा आयोजना गर्न नसकिएकोले श्रावण १ गते मनाएको'[३४] जानकारी पाइन्छ । यसपछि नियमित रूपमा नभए पनि अनुकूल समय परेको खण्डमा यस संस्थाले भानु जन्म-जयन्ती मनाउने गरेको पाइन्छ ।

### ४.६.८ ईश्वी सन्को स्वागत

नव कसासले मिति २०५६।९।१७ गतेका दिन 'ईश्वी सन् २०००को शुभारम्भको अवसर पारेर आफ्नो साहित्यिक कार्यक्रम सम्पन्न गरेको'[३५] देखिन्छ । विक्रम सम्वत् जस्तै ईश्वी सन्ले पनि सबैलाई विश्वबन्धुत्वको भावना, मेलमिलाप र सद्भाव राख्न सफल बनोस् भन्ने कामनासहित उक्त कार्यक्रम सम्पन्न गरेको देखिन्छ ।

### ४.७.९ प्रजातन्त्र दिवस

'नव कसासले फगुन ७ गतेलाई प्रजातन्त्रको अभ्युदय शुभ दिन मानी मिति २०५६ साल फागुन ७ गते प्रजातन्त्र दिवस'[३६] मनाएको थियो । राणाशासनको निरङ्कुश

---

[३१]. कसासको साहित्य सङ्गम पुस्तिका २०५३ अनुसार ।
[३२]. कसासको साहित्य सङ्गम पुस्तिका २०५६ अनुसार ।
[३३]. ऐजन ।
[३४]. ऐजन ।
[३५]. ऐजन ।
[३६]. ऐजन ।

तन्त्र हटेर नेपालमा प्रजातन्त्र आएकोले उक्त दिन सबै नेपालीहरूको सौभाग्य प्राप्त भएको ठान्दै उक्त दिवस मनाएको पाइन्छ ।

### ४.६.१० सहिद दिवस

नव कसासले २०५८ साल माघ १६ गतेका दिन नेपाल आमा र नेपाली जनताका लागि प्राण आहुति दिएर सहिद बन्न पुगेका नेपाल आमाका वीर सपूतहरूको सम्झना गर्दै उनीहरूप्रति श्रद्धा-सुमन प्रकट'[३७] गरेर कार्यक्रम सम्पन्न गरेको देखिन्छ ।

### ४.६.११ कृति विमोचन

नव कसासले यस संस्थाप्रति विशेष सद्भाव राख्ने विभिन्न साहित्य सर्जकहरूका कृति विमोचन पनि गरेको पाइन्छ । विभिन्न उपलक्ष्यमा साहित्यिक कार्यक्रमको आयोजना गरेर गरिने कृति 'विमोचनमा २०५८ आषाढ २९ गते नेपाल साहित्यका आदिकवि भानुभक्तको जन्म-जयन्तीको अवसरमा यस संस्थाका संस्थापक तत्कालीन अध्यक्ष हरिराज शर्माद्वारा रचित 'ज्योत्स्ना' खण्डकाव्यको विमोचन तथा समीक्षासमेत गरिएको पाइन्छ भने २०६३।८।२३ गतेका दिन नव कसासको नियमित मासिक साहित्य सङ्गमको अवसर'[३८] पारेर यस संस्थाका कार्यकारिणी सदस्य दधिराम सापकोटाद्वारा रचित 'दीपशिखा' खण्डकाव्यको विमोचन'[३९] गरिएको पाइन्छ । २०६५/७/२३ गतेका दिन नव कसासको कार्यक्रममा हरिराज शर्माद्वारा लिखित **परिणति** खण्डकाव्य र गजलकार सुरज सिंहद्वारा रचित **सुरजका गजलहरू** नामक गजल सङ्ग्रहको दामोदर ढकाल, वनमाली निराकार, विजय सागर, बालकृष्ण भट्टराई तथा बूँद रानाबाट संयुक्त रूपमा विमोचन गरिएको पाइन्छ ।'[४०] त्यसैगरी वि.सं. २०६६ वैशाख १ गते नव वर्षको स्वागत सँगै संस्थाका तत्कालीन अध्यक्ष हरिराज शर्माद्वारा रचित '**कन्यादान**' खण्डकाव्य एवम् संस्थाका सदस्य राघवेन्द्रकुमार श्रीवास्तव (राघव)द्वारा रचित '**अवधीभजन माला**'को संयुक्त रूपमा विमोचन गरिएको पनि पाइन्छ । यसरी नव कसासले विभिन्न अवसरहरूमा विभिन्न सर्जकहरूका कृति विमोचन एवम् समीक्षा कार्यक्रम गरेको पाइन्छ ।

---

[३७]. कसासको साहित्य सङ्गम पुस्तिका २०५८ अनुसार ।
[३८]. कसासको साहित्य सङ्गम पुस्तिका २०६६ अनुसार ।
[३९]. ऐजन ।
[४०].साहित्यकार दामोदर ढकालले शोधार्थीलाई दिएको जानकारी अनुसार ।

### ४.६.१२ मोती जयन्ती

नव कसासले मिति २०६६ भाद्र ५ गतेका दिन' १४४ औँ मोती जन्म-जयन्तीको अवसर पारेर आफ्नो साहित्यिक कार्यक्रम सम्पन्न'[४१] गरेको थियो । नेपाली साहित्यका युवाकवि तथा प्रथम गजलकार मोतीराम भट्टले युवा अवस्थामै नेपाली साहित्यमा पुऱ्याएको योगदानको सम्मान गर्दै उहाँलाई स्मरण गरिएका रचनाहरू उक्त कार्यक्रममा वाचन गरिएको पाइन्छ ।

## ४.७ कसासप्रति सद्भाव राख्ने प्रमुख स्रष्टाहरूको वैयक्तिक विवरण

कसासलाई माया गर्ने र सद्भावपूर्ण व्यवहार देखाउने साहित्य साधकहरू स्थानीय स्तरदेखि राष्ट्रियस्तरसम्म ख्यतिप्राप्त एवम् चर्चित सर्जकका रूपमा रहेकाले तिनको जीवनवृत्त देखाउने प्रयास यहाँ गरिएको छ -

### ४.७.१ हरिराज शर्मा (हराश)

'साहित्यकार हरिराज शर्माको जन्म वि.स..२००९ सालमा तौलिहवामा पिता पण्डित देवराज शर्मा र माता शारदा देवीको पुत्रको रूपमा भएको हो । उनी कपिलवस्तु जिल्लाका एक अग्रणी साहित्यिक व्यक्तित्व हुन् । वि.स..२०२० सालमा हिन्दी कविता लेखी साहित्यिक क्षेत्रमा प्रवेश गरेका शर्माले वनारस हिन्दू विश्वविद्यालयबाट राजनीतिशास्त्रमा स्नातकोत्तर तहसम्मको औपचारिक शिक्षा हासिल गरेका छन् । वनारस अध्ययनका सन्दर्भमा बिहानीपख, सन्देश, छात्र प्रभा आदि पत्रिकामा थुप्रै फुटकर कविताहरू लेखी आफ्नो साहित्यिक यात्रालाई निरन्तरता दिइरहेका छन् । शर्मा कपिलवस्तु साहित्यानुरागीहरूको साझा चौतारी कपिलवस्तु साहित्यिक समाजका संस्थापक अध्यक्ष पनि हुन् । सामाजिक सङ्घ-संस्थामा प्रत्यक्ष संलग्न हरिराज शर्मा कपिलवस्तु जिल्लामा समाजसेवीका रूपमा पनि सुपरिचित छन् । यस सन्दर्भमा सिद्धार्थ प्रा.वि.का सञ्चालक समितिका अध्यक्ष (२०३०-२०३१), यशोधरा मा.वि.का सञ्चालक समितिका अध्यक्ष (२०३८-२०४६), कपिलवस्तु बहुमुखी क्याम्पस सञ्चालक समितिका सदस्य सचिव (२०४१-२०४३) र सोही क्याम्पसमा निशुल्क प्राध्यापन, २०५० पछि ८ वर्षसम्म सोही क्याम्पसमै सहायक क्याम्पस प्रमुख, २०५३ देखि जिल्ला बालकल्याण समितिका सदस्य भई महत्त्वपूर्ण भूमिका निभाएका शर्माले नेपाल नेत्रज्योति सङ्घ कपिलवस्तु शाखालाई ६ लाख मूल्य बराबरको ३ कट्ठा जग्गासमेत प्रदान गरेका छन् ।

हरिराज शर्माले केही समय पहिले कपिलवस्तु त्रैमासिक पत्रिकाको सम्पादन र जिल्ला बालकल्याण समिति कपिलवस्तुबाट प्रकाशित हुने सिद्धार्थ पत्रिकाका सम्पादक भई

[४१]. कसासको साहित्य सङ्गम पुस्तिका २०६६ अनुसार ।

महत्त्वपूर्ण कार्य गर्दै आएका छन् । कपिलवस्तु साहित्यिक समाज (कसास) मा रही प्रत्येक दुई-दुई वर्षमा भिक्षु पुरस्कारको व्यवस्था गर्ने कार्यमा संयोजक भई अविस्मरणीय कार्य गर्न सफल हराश कपिलवस्तु जिल्लाका अग्रणी साहित्य साधक हुन् । २०२६ सालमा जिल्ला पञ्चायतले आयोजना गरेको अञ्चल स्तरीय कविता प्रतियोगितामा प्रथम स्थान ओगट्न सफल हरिराज शर्माको कवित्व उच्च कोटिको रहेको छ । हरिराज शर्माले कपिलवस्तु जिल्लाको साहित्यिक उत्थानमा पुऱ्याएको योगदान निकै महत्त्वपूर्ण मानिन्छ ।'[४२]

साहित्यकार हरिराज शर्माले लामो समयदेखि साहित्य सिर्जना, सेवा र साधना गर्दै आइराखेका छन् । पछिल्लो समयमा उनले साहित्यमा Remix को प्रयोग गरेको घोषणा गरेका छन् । Remix अर्थात् समावेशी साहित्यमार्फत् समाजमा शान्ति र एकताको सन्देश उनले दिन खोजेका छन् । शान्ति, सहिष्णुता, सदाचार कायम राख्ने उनको आन्दोलनको मुख्य उद्देश्य रहेको बताएका छन् ।

समाजमा सेवाभाव नै सबैभन्दा ठूलो ठान्ने उनले हाल आफ्नो प्राध्यापन पेशालाई विश्राम दिएर समाज सेवा र साहित्य सिर्जनामा नै जुटेको देखिन्छ । हालसम्म प्रकाशित उनका साहित्यिक रचनाहरू निम्नानुसार रहेका छन् -

१. कल्पना : खण्डकाव्य
२. ज्योत्स्ना : खण्डकाव्य
३. अभिव्यक्ति एवम् परिवेश : कविता सङ्ग्रह
४. परिणति : खण्डकाव्य
५. लामो कविता लामो कपाल : लामो कविता
६. कन्यादान : खण्डकाव्य

प्रकाशोन्मुख उनका साहित्यिक कृतिहरू

७. सुसाइड नोट्स
८. पारालिगल कय ककहरा ।

## ४.७.२ तेजकुमार बौद्धाचार्य

'तेजकुमार बौद्धाचार्यको जन्म वि.सं. १९८८ सालमा कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा भएको हो । स्थानीय विद्यालयबाट शिक्षाआरम्भ गरेका बौद्धाचार्यले भारतबाट उच्च शिक्षा प्राप्त गरेका हुन् । निकै लामोसमयसम्म श्री बुद्धपद्म मा.वि. तौलिहवामा अध्यापन कार्यमा संलग्न बौद्धाचार्य हाल कपिलवस्तु बहुमुखी क्याम्पसमा अध्यापनरत छन् । कपिलवस्तु त्रैमासिक पत्रिकाका सह-सम्पादक भैसकेका

[४२]. पूर्वाञ्चल दर्पण, कपिलवस्तु : एक झलक, वर्ष ४, अङ्क ९, पौष २०६४, पृ. २ ।

बौद्धाचार्य नेपाली साहित्यको क्षेत्रमा 'हेर्छौ के ?' शीर्षकको कविता लिएर देखापरेका हुन् । नेपाली साहित्यका कविता, कथा, लेख, निबन्ध जस्ता विविध विधामा कलम चलाएका भए तापनि उनको मुख्य क्षेत्र भनेको कविता विधा नै हो । कपिलवस्तु जिल्लाकै साहित्यक व्यक्तित्व विष्णुराज आत्रेयको प्रेरणाबाट साहित्यिक क्षेत्रमा लागेको बताउने उनका रचनाहरू कपिलवस्तु त्रैमासिक, शान्तिदूत, प्रज्ञा, आनन्दभूमि, लुम्बिनी आदि पत्रपत्रिमा प्रकाशित छन् ।

साहित्यकार बौद्धाचार्यमा साहित्यिक चेतना मात्र नभएर देशप्रेमका साथै राजनीतिक चेतना पनि रहेको पाइन्छ । देश भाषणले बन्दैन, पसिनाले बन्छ, त्याग र बलिदानले बन्छ र बन्छ लगनले । कपिलवस्तु साहित्यिक समाजका संस्थापक सदस्य रहेका बौद्धाचार्य हालको नव गठित कार्यकारिणी समितिमा सदस्य पदमा रहेर काम गर्दै आएको छन् ।[४३]

## ४.७.३ भक्तिराम पन्थी

'साहित्यकार भक्तिराम पन्थीको जन्म वि.सं. २०२४ सालमा अर्घाखाँची जिल्लाको हंसपुर गा.वि.स.मा पिता टेकनारायण पन्थी र माता यमकला पन्थीको पुत्रको रूपमा भएको हो । नेपाली विषयमा स्नातकोत्तर र स्वास्थ्यमा बि.एड. गरेका पन्थी हाल कपिलवस्तु बहुमुखी क्याम्पसमा उप-प्राध्यापक भई प्राध्यापन गरिरहेका छन् । आफ्नो जीवनका प्रत्येक क्षणलाई सार्वजनिक गर्न रुचाउने पन्थी विभिन्न सरकारी तथा गैर सरकारी संस्थासँग आबद्ध छन् । उनका रचनाहरू गोरखापत्रलगायत विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका पाइन्छन् । नेपाली साहित्यका कविता ,कथा र निबन्धजस्ता विधामा कलम चलाउने पन्थी आदर्शवादी तथा यथार्थवादी प्रवृत्तिका मानिन्छन् । पुस्तकाकार कृतिको रूपमा नभए पनि फुटकर रूपमा उनका थुप्रै रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशन भएका पाइन्छन् । उदार हृदय र परोपकारी भावना भएका पन्थी यस क्षेत्रका एक बौद्धिक व्यक्तित्व र समाज सेवीको रूपमा चिनिन्छन् । २०५३ सालदेखि कपिलवस्तु साहित्यिक समाजका सचिव रहँदै आएका पन्थी हाल यस संस्थाका अध्यक्ष रहेर काम गरेका छन् । साहित्यले समाजसुधार गर्नमा भूमिका खेल्छ भन्ने पन्थी निम्नानुसारका सङ्घ-संस्थाहरूमा संलग्न रहेको देखिन्छ -

| | |
|---|---|
| १. रेयुकाई कपिलवस्तु | - कार्यकारिणी सदस्य |
| २. कपिलवस्तु साहित्यिक समाजका | - सचिव, हाल अध्यक्ष |
| ३. हर्ट नेपाल | - केन्द्रीय सदस्य |
| ४. नेपाल बुद्धिजीवी परिषद् | - जिल्ला सदस्य |

[४३]. चूरामणि पौडेल, पूर्ववत्, पृ . ८० ।

५. विश्व हिन्दू परिषद् - जिल्ला सदस्य
६. महिला सशक्तीकरण - संयोजक
७. हुर्सेक - कार्यकारिणी सदस्य
८. अभिभावक सङ्घ नेपाल - जिल्ला अध्यक्ष
९. मानव अधिकार तथा शान्तिसमाज - सदस्य
१० सहजकर्ता - विभिन्न गैर सरकारी संस्था ’[४४]आदि ।

### ४.७.४. विष्णुराज आत्रेय (लाटो साथी)

‘साहित्यकार विष्णुराज आत्रेयको जन्म वि.सं.२००३ सालमा कपिलवस्तु जिल्लाको तौलिहवामा भएको हो । यिनी नेपाली साहित्यमा लाटो साथीका रूपमा परिचित बन्न पुगेका छन् । शिक्षित र सभ्य पारिवारिक वातावरणमा हुर्किएका आत्रेयले सन् १९६८ मा त्रि.वि.बाट नेपाली विषयमा स्नातकोत्तर, सन् १९७३ मा राजनीतिक शास्त्रमा स्नातकोत्तर र सन् १९९१ मा सम्पूर्णानन्द संस्कृत विश्वद्यिालयबाट नव्यव्याकरण विषयको ‘परिभाषेन्दुशेखरस्थ : ज्ञापन सिद्ध परिभाषणां ज्ञाप्यज्ञापक भावविमर्शः’ शीर्षकमा विद्यावारिधि गरेका छन् । वि.सं. २०२३ सालदेखि प्राध्यापन पेसामा संलग्न आत्रेयले २०३१ सालदेखि त्रि.वि.मा प्राध्यापन गर्न थालेको पाइन्छ । १९८०-१९८५ सन्सम्म काशी हिन्दू विश्वद्यिालयमा नेपाली विषयका अतिथि प्राध्यापकका रूपमा प्राध्यपनरत देखिन्छन् । कवि, उपन्यासकार र कथाकारका रूपमा परिचित आत्रेयका हालसम्म प्रकाशित कृतिहरू यस प्रकार छन् -

१. ढाक्रे (खण्डकाव्य २०२४)
२. कपिलवस्तु (खण्डकाव्य २०२४)
३. हामीभित्रका म (उपन्यास २०३६)
४. हिमालयो नाम नगाधिराज ( खोजग्रन्थ २०३९)
५. अर्ज्याल वंशावली र कुलवृत्त ( खोजग्रन्थ २०४२)
६. भू-भाषीको भाषा विज्ञान -२०४५
७. नेपाली हनुमान चालिसा (स्तुतिकाव्य२०५६)
८. कवितामा लाटो साथी ( कविता सङ्ग्रह २०५९)
९ अथातो जलान जिज्ञासा (हास्यव्यङ्ग्य निबन्ध २०५६)
१०. भेटेका पुस्तक टिपेका कुरा (समीक्षा कृति २०५९)
११. नेपाली साहित्यकी प्रतिभा भारती खरेल (व्याख्यान निबन्ध २०६०)
१२. आँसुमा प्रकाश (शोककाव्य २०६२)

---

[४४]. पूर्वाञ्चल दर्पण, पूर्ववत्, पृ.५ ।

१३. नयाँ मेघदूत ( खण्डकाव्य २०२४)

संस्कृततर्फ

१४. किमुपहरामि (कविता सङ्ग्रह २०६२)

१५. सरला (उपन्यास २०३६)

१६. व्यथा विधा ( खण्डकाव्य २०३७)

१७. श्री शङ्कराचार्य : (काव्यम् सङ्ग्रह २०५३)

१८ धन्यो हिमवददेश : (राष्ट्रिय काव्यम् २०५५)'[४५]।

## ४.७.५ फणिनारायण सिग्देल (फणीन्द्र)

'फणिनारायण शर्मा (सिग्देल) को जन्म वि.सं. २०११ साल वैशाख १२ गते स्याङ्जा जिल्लाको मग्याय चिसापानीमा भएको हो । संस्कृत साहित्य विषयमा आचार्यसम्मको अध्ययन पूरा गरेका सिग्देल हाल कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवास्थित आनन्दवागमा बसोबास गर्दै आएका छन् । धेरै लामो समयदेखि तौलेश्वरनाथ संस्कृत मा.वि.तौलिहवामा अध्यापन गर्दै आएका सिग्देल यस क्षेत्रका चर्चित साहित्यिक व्यक्तित्व हुन् । विभिन्न पत्रपत्रिकामा लेख रचनाहरू प्रकाशित भएका उनका प्रकाशित साहित्यिक कृतिहरूमा, 'संस्कृत शिक्षा समस्या : समाधानका उपायहरू' (२०५७), 'श्रीमदभागवत सार' (अवतरणिका)२०६५ र 'नेपाली रचना-कारिका' (पद्यमय व्याकरण) २०६५ हुन् भने अप्रकाशित कृतिहरूमा 'श्रीमदभागवतामृत', 'पूर्वीय दर्शन सार', 'ज्यौतिष सार', 'सत्य' (लघुकाव्य), 'संस्कृत पद्य सङ्ग्रह' (भाग १ र २) 'भक्ति-सुधा', आमा म खै के गरुँ ? (समस्या पूर्ति शतक) आदि रहेका छन् ।'[४६] कपिलवसतु साहित्यिक समाजका उपाध्यक्ष भई काम गर्दै आएका सिग्देलले उक्त संस्थाको लागि महत्त्वपूर्ण भूमिका निभाएको देखिन्छ ।

## ४.७.६ ऋषिराम कँडेल

'साहित्यकार ऋषिराम कँडेलको जन्म वि.सं.२०१६ भदौ २५ गते गुल्मी जिल्लाको अमरअर्वाथोक गा.वि.स.को वडा नं. १ स्थित वेगरुङ टोलमा बुबा गुनाखर कँडेल र आमा दीनरुपाको कोखबाट भएको हो । औपचारिक रूपमा एस.एल्.सी. परीक्षा उत्तीर्ण गरिसकेपछि वन विभागशाखामा वन कार्य सहायकको कार्यभार सम्हाल्दै आएका कँडेल वि.सं.२०५० सालदेखि कपिलवस्तु जिल्लाको मोतीपुर गा.वि.स. वडा नं. ५ मा बसोबास गर्न थालेका हुन् । नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने कँडेलले

---

[४५]. चूरामणि पौडेल, पूर्ववत्, पृ . ८४ ।
[४६]. ऐजन पृ. ८६ ।

‘**रुखको महत्त्व**’ (कल्पवृक्ष २०५१, वर्ष ११, अङ्क ११०-१११) शीर्षकको कविताबाट औपचारिक रूपमा साहित्यिक लेखनको यात्रा आरम्भ गरेका हुन् । वाणगङ्गा साहित्यिक प्रतिष्ठानका सह-सचिवका रूपमा काम गर्दै आएका कँडेलका हालसम्म ‘मोती तिमी फर्की आऊ’, ‘मोती आहा ! चम्कियो’, ‘वन्यजन्तु’, ‘लक्ष्मी कृति’जस्ता कविताहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित छन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिका रूपमा ‘मनको तरङ्ग’ कविता-सङ्ग्रह छ । त्यसैगरी ‘वाणगङ्गा महात्म्य’ प्रकाशोन्मुख अवस्थामा रहेको छ । उनका रचनाहरू प्रकृतिलाई मुख्य विषयवस्तु बनाएर लेखेको पाइन्छ । छन्दप्रेमी कवि कँडेलले अग्रजकवि तथा साहित्यकारहरूको योगदानको कदर पनि गर्ने गर्दछन् ।’[४७]

कपिलवस्तु जिल्लाका चर्चित साहित्यकार मानिने कँडेल नव कसासलाई माया गर्ने र यस संस्थाको भलो चिताउने शुभ चिन्तकको रूपमा चिनिन्छन् ।

### ४.७.७ ढुण्डिराज अर्याल

‘ढुण्डिराज अर्यालको जन्म वि.सं. २०२७ सालमा गुल्मी जिल्लाको भुर्तुङ्ग गा.वि.स. वडा नं. ५ मा भएको हो । स्थानीय विद्यालयबाट प्रारम्भिक शिक्षा प्राप्त गरेका अर्यालले त्रि.वि.बाट स्नातक तथा स्नाकोत्तर तहसममको शिक्षा पूरा गरेका छन् । विद्यालयमा अध्ययन कार्यमा रहँदादेखि नै साहित्यिक रचनामा लागेका अर्यालको पहिलो प्रकाशित रचना ‘गौरीशङ्करको काखमा उनी’ (निबन्ध) हो । वि.सं २०५२ सालदेखि कविता तथा निबन्ध जस्ता साहित्यिक विधाका माध्यमबाट कपिलवस्तु जिल्लाको साहित्यिक विकाशमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएका अर्यालका धेरै रचनाहरू हाम्रो आवाज, दैनिक लुम्बिनी र मेचीकाली जस्ता राष्ट्रिय तथा स्थानीय स्तरका पत्रिकाहरूमा प्रकाशित भएका छन् । उनी कसासप्रति सद्भाव राख्ने साहित्य सर्जक हुन् ।’[४८]

### ४.७.८ नारायणप्रसाद पौडेल

‘नारायणप्रसाद पौडेलको जन्म वि.सं.२०२० साल फागुन २१ गते वागलुङ जिल्लामा भएको हो । वि.सं.२०२९ सालदेखि कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा बसोबास गर्दै आएका पौडेलको मुख्य क्षेत्र पत्रकारिता हो । २०२९ देखि २०६५ सम्म यस क्षेत्रमा बसोबास गरी हाल काठमाडौँमा रहेका पौडेल प्रगतिवादी साहित्यकार हुन् । वि.सं.२०३२ मा ‘लट्टु र छट्टु’ शीर्षकाको कथा लिएर नेपाली साहित्यमा प्रवेश गरेका पौडेल कपिलवस्तु जिल्लाको साहित्यिक इतिहासको खोज-

---

[४७]. ऐजन पृ. ८७ ।
[४८]. ऐजन, पृ. १८९ ।

अन्वेषण गर्ने पहिलो व्यक्ति हुन् । नेपाली साहित्यका विविध विधामा कलम चलाएका भए पनि उनको मुख्य योगदान समालोचना क्षेत्रमा रहेको छ । पत्रकारितालाई मूल पेसाको रूपमा लिएका पौडेल नेपाल पत्रकार महासङ्घ कपिलवस्तुका संस्थापक अध्यक्ष हुन् । समसामयिक, सामाजिक तथा आर्थिक विषयवस्तुमा आफ्नो अभिव्यक्ति प्रदान गर्ने नारायण पौडेलका फुटकर कविता, निबन्ध तथा समालोचनाहरू दैनिक लुम्बिनी, मेचीकाली, जनसङ्घर्ष, कान्तिपुर, शान्ति दूत, बुद्ध सन्देश, नेपाल पुकार, कपिलवस्तु त्रैमासिक, हाम्रो पुरुषार्थजस्ता विभिन्न राष्ट्रिय तथा स्थानीय स्तरका पत्र-पत्रिकाहरूमा छरिएर रहेका छन् । नेपाली साहित्यको क्षेत्रमा कलम चलाउँदै आएका पौडेलका 'लाहुरेको लहर' (खण्डकाव्य) र 'नेपाली साहित्यको सिंहावलोकन' (समालोचना) तथा 'यस्तो छ कपिलवस्तु' प्रकाशित पुस्तकाकार कृतिहरू हुन् ।

यथार्थवादी प्रगतिवादी धाराभित्र रहेर आफ्ना लेख रचनाहरू प्रकाशन गर्ने पौडेलका रचनाहरूमा बेरोजगारी र अभावग्रस्त जीवन, शोषणयुक्त सामाजिक संरचना, उच्च वर्गबाट पीडित नेपाली पुरुष-नारीका दुःखद अवस्था, शोषित पीडित जनताको मुक्तिको चाहना, ग्रामीण जनजीवनको चित्रण, सर्वहारा वर्गीय व्यङ्ग्य विद्रोहजस्ता विविध प्रवृत्तिहरू पाइन्छन् । आफ्नो जीवनमा पत्रकारितालाई प्रमुख पेसा बनाएका पौडेल कसासको सदस्य पदमा रहेर लामो समयसम्म काम गर्नुभयो भने हाल उहाँ यस संस्थाका सल्लाहकार रहनु भएको छ । '[४९]

### ४.७.९ दधिराम सापकोटा

'दधिराम सापकोटाको जन्म वि.सं. २००९ साल आश्विन १७ गतेका दिन गुल्मी जिल्लाको वामी गा.वि.स.को ढावटमा भएको हो । पारिवारिक परिवेशमै अक्षर पढ्न सिकेका उनले औपचारिक रूपमा आई.ए.सम्मको अध्ययन पूरा गरेका छन् । वि.सं. २०३४ सालदेखि कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा बसोबास गर्दै आएका सापकोटाले औपचारिकभन्दा पनि अनौपचारिक रूपमै अध्ययन गरी आफ्नो बौद्धिक क्षमता बढाउँदै आएका छन् । लामो समयसम्म सरकारी जागिरमा रही सेवा गरेका उनी हाल आफ्नो स्वतन्त्र व्यवसाय गरेर सामाजिक र साहित्यिक क्षेत्रको सेवामा जुटेका छन् । उनी छन्द कविको उमनामले समेत चिनिने गर्दछन् । लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा र माधव घिमिरेको शैलीमा छन्दोबद्ध कविता रच्दैआएका सापकोटा सरल, मृदुभाषी र मिलनसार व्यक्तिका रूपमा  चिनिन्छन् । उनको शैलीमा कविता लेख्ने व्यक्ति आजको नेपालमा औँलामा गन्न सकिन्छ । उनका रचना हाम्रो पुरुषार्थ, भेटघाट, शैलसन्देश, शान्ति दूत पत्रपत्रिकामा प्रशस्त छापिएका छन् ।

[४९]. ऐजन, पृ. १९१ ।

कवि सापकोटाको 'दीपशिखा' खण्डकाव्य २०६३ सालमा प्रकाशित छ । दीप र शिखा प्रेमी प्रेमिका हुन् तर विवाह हुँदैन । शिखाले दीपलाई अस्पतालबाट बोकेर लैजाँदै गर्दा बाटोमा पर्ने पुलमाथि कसैले राखेको बम पड्केर दुवैको मृत्यु हुन्छ भन्दै प्राज्ञ डा. टीकाराम पन्थी भन्छन् -पश्चिमेली शैली अपनाएको भए ती दुई पात्रमध्ये एकजनाको मृत्यु हुन्थ्यो र जीवितचाहिँ वियोग वेदनामा छट्पटाइरहन्थ्यो र काव्य वियोगान्त हुन्थ्यो तर पूर्वीय शैली अपनाइयो र काव्य वियोगान्त भएन संयोगान्त भयो । प्राज्ञ डा.विष्णुराज आत्रेय भन्छन् -दधिराम सापकोटाको हृदय कवि हृदय छ, भावुक हृदय छ, उहाँका लेखनीले कविता ओकल्छन् । उहाँको मन छन्दमा रमाउँछ, गुनगुनाउँछ । यसरी कवि सापकोटाको सिर्जनाको प्रशंसाले हिमाल छोएको छ । दीपशिखा उनको प्रथम प्रकाशित कृति हो र अब उनी तीनवाट कृतिको प्रकाशनमा जुटेका छन् । उनका 'म बोल्दिन (कविता सङ्ग्रह), 'गजलमा गाजल' (गजल सङ्ग्रह) र 'दधिरामका कविता' (कविता सङ्ग्रह) प्रकाशनको द्वारमा छन् ।'[५०]

साहित्य सिर्जनामा कलम चलाई आएका उनी विभिन्न सङ्घ-संस्थाहरूमा पनि संलग्न रहेको पाइन्छ । उनी संलग्न रहेका संस्थाहरू हुन् -

१. नेपाल रेडक्रस सोसाइटी - आजीवन सदस्य

२ किरण पुस्तकालय तम्घास- आजीवन सदस्य

३. नव कपलिवस्तु साहित्यिक समाज - सदस्य

४. नेपाल विद्धत् परिषद् कपिलवस्तु - सचिव ।

## ४.७.१० वासुदेव जमरकट्टेल

वि.सं.२०२४ साल चैत्र २४ गते लमजुङ्ग जिल्लामा बुबा ऋषिराम जमरकट्टेल र आमा पार्वती जमरकट्टेलका कोखबाट जन्मेका हुन् । उनी २०५५ सालदेखि कपिलवस्तु जिल्लामा बसोबास गर्दै आएका छन् । राजनीतिशास्त्रमा एम.ए.उत्तीर्ण गरेका उनी हाल जि.वि.स. कपिलवस्तुमा सामाजिक परिचालक भई सेवा गरिरहेका छन् । विभिन्न फुटकर रचनाहरू पत्रपत्रिकामा प्रकाशित गरेका जमरकट्टेलका हालसम्म प्रकाशित कृतिहरूमा 'मायाका फूलहरू' (कविता सङ्ग्रह) २०६२, 'चन्द्रमामा राज गर्नुपर्छ' (कविता सङ्ग्रह) २०६३ र 'आफन्त दुश्मन', (कथा सङ्ग्रह) २०६४, रहेका छन् ।

यसका अतिरिक्त उनका विभिन्न फुटकर रचनाहरू पत्रपत्रिकामा प्रकाशित छन् । उनका कविताहरू सरल, सरस र सहज छन् । ग्रामीण समाजमा प्रयोग हुने शब्दको प्रयोग देखिन्छ जसले गर्दा उनका कविताहरू सजिलैसँग बुझिन्छन् ।'[५१]

---

[५०]. पूर्वाञ्चल दर्पण, पूर्ववत्, पृ. ३ ।
[५१]. चूरामणि पौडेल, पूर्ववत्, पृ. ९२ ।

## ४.७.११ दानबहादुर श्रीवास्तव

'दानबहादुर श्रीवास्तवको जन्म वि.सं.१९८८ साल श्रावण २१ गते कपिलवस्तुको वसन्तपुर गा.वि.सं. वडा नं. ६ मा भएको हो । साधारण शिक्षा प्राप्त गरेका दानबहादुर श्रीवास्तवको साहित्यिक यात्राको थालनी उर्दू भाषा-साहित्यबाट भएको पाइन्छ । 'नेपालीमा पञ्चायती प्रजातन्त्र किन?' भन्ने राजनैतिक लेखबाट प्रवेश गरेका श्रीवास्तवमा राजनैतिक चेतना पनि उत्तिकै रहेको छ । गद्य शैलीमा कविता रचना गर्ने दानबहादुर श्रीवास्तवका फुटकर रचनाहरू कपिलवस्तु त्रैमासिक पत्रिकामा प्रकाशित छन् ।

दानबहादुर श्रीवास्तव मौलिक रचनाकार र अनुवादक दुवै हुन् । उनका रचनामा समसामयिक घटनाहरूको चित्रण एवम् प्रतिक्रिया र नेपाली समाजका विसङ्गतिप्रति व्यङ्ग्य गर्दै सुधारको निम्ति आफ्नो सुझाव दिएको पाइन्छ ।'[५२]

## ४.७.१२ राघवेन्द्रकुमार श्रीवास्तव (राघव)

'साहित्यकार राघवेन्द्रकुमार श्रीवास्तवको जन्म वि.सं. २०१३ पौष १३ गते कपिलवस्तु जिल्लाको थुन्हिया गा.वि.स. वडा नं.८ सडवा गाउँमा भएको थियो । उनको साहित्यिक उपनाम 'राघव' हो । यसै उपनामबाट आफ्ना साहित्यिक कृतिहरूमा परिचित छन् । बी.ए.सम्मको औपचारिक शिक्षा हासिल गरेका उनले अवधी, नेपाली र हिन्दी भाषामा साहित्यिक कृतिहरू रचना गर्ने गर्दछन् । अवधी मातृभाषा भएपनि उनले हिन्दी र नेपालीमा पनि त्यत्तिकै उत्कृष्ट रचनाहरू रच्ने गर्दछन् ।

साहित्यकार राघवले अवधी भजन, अवधी काव्य, कथा, गीत, गजल र मौलिक गीतहरूका अरिरिक्त हिन्दी र नेपाली भाषामा पनि यस्तै किसिमका गीत, गजल, कथा, कविता आदिको सिर्जना गरेको पाइन्छ । उनले विशेषगरी पशि्चमी संस्कृति र पशि्चमी शैलीले नेपाली भााषा-साहित्यमा प्रभाव पारेको भन्दै आफ्नो मौलिकतालाई जोगाउने खालका रचनाहरू सिर्जना गर्न रुचाउँछन् र यस्तै किसिमका मौलिक रचनाहरूको सृजना गरेका छन् । उनका विभिन्न सिर्जनाहरू राष्ट्रिय तथा स्थानीय पत्रिकाहरूमा प्रकाशित भएका छन् । हालसम्म उनको प्रकाशित पुस्तकाकार कृतिमा 'अवधी भजन माला' (२०६६) रहेको छ । नेपालीमा लेखिएको 'रामयण' र हिन्दीमा लेखिएको 'प्रीत की यही रीत' प्रकाशोन्मुख अवस्थामा छन् ।'[५३]

---

[५२]. ऐजन, पृ. ९३ ।

[५३]. राघवेन्द्रकुमार श्रीवास्तवले २०६६।८।९ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[५४]. पशुपतिमणि त्रिपाठीले २०६६/८/९ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।

हाल कपिलवस्तु नगरपालिका वडा नं.५ जमुवार टोलमा बसोबास गर्दै आएका राघव साहित्य लेखनका साथसाथै राजनैतिक क्षेत्रमा पनि क्रियाशील रही समाज सेवा गर्दै आएका छन् ।

## ४.७.१३ पशुपतिमणि त्रिपाठी

साहित्यकार पशुपतिमणि त्रिपाठीको जन्म वि.सं. २००८ साल श्रावण ३१ गते कपिलवस्तु जिल्लाको गौरी गा.वि.स. वडा नं. ६ मा भएको हो । गाउँकै प्राथमिक विद्यालयमाबाट शिक्षारम्भ गरेका त्रिपाठीले भारतको गोरखपुर विश्वविद्यालयबाट अङ्ग्रेजी साहित्यमा बी.ए.उत्तीर्ण गरेका छन् । उनी लामो समयदेखि शिक्षण पेशामा संलग्न छन् ।

जिल्ला पञ्चायत कपिलवस्तुबाट प्रकाशित पत्रिका 'कपिलवस्तु' मा वि.सं. २०२७ सालमा विज्ञान सम्बन्धी लेख र कविता प्रकाशन गरेर साहित्यिक क्षेत्रमा प्रवेश गरेको पाइन्छ । साहित्यकार त्रिपाठीले आफ्नै मातृभाषा अवधी र नेपाली भाषामा आफ्ना रचनाहरू पत्रपत्रिकाहरूमा प्रकाशित गराउँदै आएका छन् । उनका असङ्ख्य फुटकर रचनाहरू प्रकाशित हुँदै आएका छन् । सामाजिक, वैज्ञानिक र केही राजनीतिक विषयवस्तुमा कलम चलाउन रुचाउने र समाजका विकृति, विसङ्गति र शोषण विरुद्ध आफ्ना साहित्यिक रचनाहरू मार्फत् आवाज उठाउने गरेको पाइन्छ । कपिलवस्तु जिल्लामा रहेर नेपाली र अवधी दुवै भाषामा साहित्य सिर्जना गरी साहित्यिक योगदान पुऱ्याउँदै आएका त्रिपाठी नव कपिलवस्तु साहित्यिक समाजका सदस्य छन् । उक्त संस्थाप्रति अमूल्य गोगदान पुऱ्याउँदै आएका छन् ।

## ४.८ कसासका संस्थापक सदस्यहरू

कपिलवस्तु साहित्यिक समाजको गठन वि.सं.२०५० भाद्र १५ गते भएको हो । यो समयमा बहुदलीय शासन व्यवस्थाको प्रारम्भ भएको थियो । यस समयमा शिक्षाको क्षेत्रमा पनि व्यापक परिर्वतन र विकास भएको पाइन्छ । यस अवस्थामा कपिलवस्तु जिल्लाको सदरमुकामको सेरोफेरोमा बस्ने केही प्रबुद्ध व्यक्तिहरूले यस क्षेत्रमा एउटा अति क्रियाशील साहित्यिक संस्थाको अभाव महसुस गरी कसास कपिलवस्तु साहित्यिक समाज (संस्था) स्थापना गरेको देखिन्छ । यसमा ११ सदस्यीय कार्यकारिणी समितिको गठन गरेको पनि देखिन्छ । त्यसको नामावली निम्नानुसार रहेको छ -

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | हरिराज शर्मा |
| २ | उपाध्यक्ष | षडानन्द पौडेल |
| ३ | सचिव | माधव पन्थी |

| | | |
|---|---|---|
| ४ | सह सचिव | गोविन्द पौडेल |
| ५ | कोषाध्यक्ष | जानका आचार्य |
| ६ | सदस्य | गङ्गाप्रसाद सिंह |
| ७ | ” | विश्वराज पान्डे |
| ८ | ” | तेजकुमार बौद्धाचार्य |
| ९ | ” | भीम बहादुर रेग्मी |
| १० | ” | नारायण पौडेल |
| ११ | ” | मनोज पौडेल |

उपर्युल्लिखित कार्यकारिणी समिति संस्था नवीकरण सँगसँगै पुनर्गठन भई नयाँ समिति गठन भएको पनि देखिन्छ ।

## ४.८.१ पुनर्गठित समितिका पदाधिकारीहरू (वि.सं.२०५४-२०६६ जेठ २१ सम्म)

कपिलवस्तु साहित्यिक समाज (कसास) वि.सं.२०५४मा नवीकरण गरिएको छ । नवगठित सदस्यहरूको नामावली यसप्रकार रहेको छ -

| क्र.स. | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | हरिराज शर्मा |
| २ | उपाध्यक्ष | फणिनारायण सिग्देल |
| ३ | सचिव | भक्तिराम पन्थी |
| ४ | कोषाध्यक्ष | दिनेश ज्ञवाली |
| ५ | सदस्य | दधिराम सापकोटा |
| ६ | सदस्य | नारायणप्रसाद पौडेल |
| ७ | सदस्य | निरुसिंह रायमाझी |
| ८ | सदस्य | मनोज पौडेल |
| ९ | सदस्य | तेजकुमार बौद्धाचार्य ।[५५] |

## ४.८.२ नव कपिलवस्तु साहित्यिक समाजका वर्तमान सदस्यहरू (वि.सं.२०६६ जेठ २२ गतेदेखि हालसम्म)

| क्र.स. | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | भक्तिराम पन्थी |
| २ | उपाध्यक्ष | पार्वती शर्मा |

[५५]. संस्थाका वर्तमान अध्यक्ष भक्तिराम पन्थीले मिति २०६६।५।२३ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।

[५६]. ऐजन ।

| | | |
|---|---|---|
| ३ | सचिव | अञ्जन सिग्देल |
| ४ | कोषाध्यक्ष | दिनेश ज्ञवाली |
| ५ | सदस्य | पशुपतिमणि त्रिपाठी |
| ६ | सदस्य | राघवेन्द्रकुमार श्रीवास्तव |
| ७ | सदस्य | वलि मोहम्मद मोहविन |
| ८ | सदस्य | श्यामप्रकाश श्रीवास्तव |
| ९ | सदस्य | दधिराम सापकोटा |
| १० | सदस्य | निरुसिंह रायमाझी |
| ११ | सदस्य | तेजकुमार बौद्धाचार्य । |

उपर्युल्लिखित ३ वटा तालिकाहरूमा देखाएअनुसार संस्थापक समितिमा ११ सदस्य, पुनर्गठित समितिमा ९ सदस्य र वर्तमान समितिमा ११ सदस्य सङ्ख्या रहेको पाइन्छ ।[५६]

## ४.८.३ कसासका संस्थापक संरक्षक तथा सल्लाहकार सदस्यहरू

| | |
|---|---|
| प्रमुख संरक्षक | भोलानाथ शर्मा |
| संरक्षक | विष्णुराज आत्रेय (लाटो साथी) |
| सल्लाहकार | गिरिबहादुर ज्ञवाली |
| सल्लाहकार | शेरबहादुर श्रेष्ठ |
| सल्लाहकार | रामेश्वर पाण्डे |

## ४.८.४ कसासका वर्तमान सल्लाहकार सदस्यहरू

सल्लाहकार सदस्यहरू
विष्णुराज आत्रेय (लाटो साथी)
हरिराज शर्मा (हराश)
फणिनारायण सिग्देल (फणीन्द्र)
विश्वराज पाण्डे
नारायण पौडेल
वासुदेव जमरकट्टेल[५७]

---

५६. ऐजन ।
५७. कसासको विधान तथा निर्णय पुस्तिका २०५० अनुसार ।

## ४.९ निष्कर्ष :

साहित्य भनेको मानव जीवन जगत्का मार्मिक अनुभूतिहरूको अधिव्यक्ति हो । यसमा कलात्मक सौन्दर्यको अनुभूति हुन्छ । साहित्यक स्रष्टाका सिर्जनामा विचार सल्बलाएको हुन्छ, यहीविचार वा भावयुक्त अभिव्यक्ति नै कला हो । यस्तो साहित्यिक कलामा कुनै किसिमको सीमा वा बन्धन हुँदैन । यस्तै भावना बोकेका स्रष्टाहरू साहित्य साधनामा लागेको पाइन्छ । यस्तै भावना बोकेर कपिलवस्तु जिल्लाको तौलिहवास्थित 'कपिलवस्तु साहित्यिक समाज' (कसास) को जन्म भएको पाइन्छ । विशेषगरी यस क्षेत्र (तौलिहवा र यसको सेरोफेरो) मा बस्ने केही बौद्धिक, चिन्तनशील र साहित्यप्रति अभिरुचि राख्ने व्यक्तिहरूको प्रयासले वि.सं.२०५० सालमा 'कपिलवस्तु साहित्यिक समाज' (कसास) का नामबाट स्पापित यस संस्थाले यसक्षेत्रको कला, साहित्य, भाषा र संस्कृतिको संरक्षण, संवर्द्धन र विकास गर्नमा ठूलै टेवा पुऱ्याएको छ । यसले सञ्चालन गर्दै आएका साहित्यिक गतिविधिहरूले यस क्षेत्रका साहित्य स्रष्टा तथा साहित्यानुरागीहरूका लागि प्रेरणाको काम पनि गरेको छ । कपिलवस्तु जिल्लाको दक्षिणी सेरोफेरोमा देखा परेको साहित्यिक खडेरीलाई हटाएर साहित्यिक हरियाली छाउने जस्तो महान् दायित्व यस संस्थाले पूरा गरेको छ । वि.सं. २०५२ सालमा भवानी भिक्षु जन्म जयन्तीबाट साहित्यिक गतिविधि सञ्चालन गर्दै आएको यस संस्थाले वि.सं.२०५४ सालदेखि आफ्ना साहित्यिक शृङ्खलालाई नियमित रूपमा सञ्चालन गर्दै आएको छ । तर देशको राजनैतिक अस्थिरता र द्वन्द्व कालीन समयमा आफ्ना नियमित कार्यक्रमलाई शृङ्खलाबद्ध रूपमा अगाडि बढाउन सकेको देखिँदैन ।

२०५४ सालदेखि मासिक रूपमा सञ्चालन गर्दै आएका आफ्ना साहित्यिक कार्यक्रमहरू र गतिविधिहरूलाई भानु जन्म-जयन्ती, मोती-जयन्ती, भिक्षु-जयन्तीका अतिरिक्त विभिन्न उत्सव तथा नव वर्षको सुखद उपलक्ष्यमा पनि यसले अगाडि बढाउँदै आएको पाइन्छ । यस संस्थाले गर्ने साहित्यिक भेटघाट, कवि गोष्ठी एवम् मासिक साहित्य सङ्गममा वाचित रचनाहरूका समीक्षा तथा बालप्रतिभाका रचनाहरूको मूल्याङ्कन र उनीहरूलाई प्रदान गरिने पुरस्कारले साहित्य स्रष्टा र बाल प्रतिभाहरूलाई थप उत्साह दिएको पाइन्छ । साथै यस संस्थाले प्रत्येक २/२ वर्षमा लुम्बिनी अञ्चलभित्रका ६ वटै जिल्ला अन्तर्गतका १ जना साहित्य स्रष्टालाई चिनाउने र प्रेरणा दिने कार्यले गर्दा पनि यसको योगदानलाई निकै महत्त्वपूर्ण मान्न सकिन्छ ।

# पाचौँ परिच्छेद

# साहित्यमा नव कपिलवस्तु साहित्यिक समाजले पुऱ्याएको योगदान

## ५.१ विषय प्रवेश

कपिलवस्तु जिल्लाको साहित्यिक इतिहासलाई खोज-अन्वेषणगरी अध्ययन गर्दै जाँदा सबैभन्दा पुरानो साहित्यक संस्थाको रूपमा वि.सं. १९७२ सालमा स्थापित श्रीराम पुस्तकालय रहेको कुरा पुष्टि भएको छ । त्यसपछि क्रमशः पशुपतिप्रताप पुस्तकालय (१९९३), नवयुवक सङ्घ तौलिहवा (२००३), प्रमोद गृह पुस्तकालय (२००३), कपिलवस्तु साहित्यक परिषद् (२०४४), कपिलवस्तु वाचनालय (२०४७) आदि स्थापना भएको देखिन्छ । यति धेरै साहित्यिक र सांस्कृतिक सङ्घसंस्थाहरू स्थापना भए पनि केहीले आफ्नो साहित्यिक तथा सांस्कृतिक यात्रालाई निरन्तरता दिँदै आइरहेका छन् भने केहीचाँहि इतिहासको गर्भमा विलीन हुन पुगेका छन् । यस अवस्थामा कपिलवस्तु जिल्लाभित्र भाषा, साहित्य तथा कला र संस्कृतिके संरक्षण र विकास गर्नको लागि अर्को साहित्यिक संस्थाका रूपमा नव कपिलवस्तु साहित्यिक समाज (साहित्यिक संस्था) जन्मेको देखिन्छ । यो संस्था वि.सं.२०५० भाद्र १५ गतेका दिन कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवास्थित आनन्दवागमा स्थापित भएको हो । यस क्षेत्रमा साहित्यिक खडेरीले मुर्झाएको परिवेशलाई नयाँ जीवन दिनको लागि नेपाली साहित्यका उच्च धरोहर स्व.भवानी भिक्षुको साहित्यिक सपनालाई साकार पार्ने उद्देश्यले यस क्षेत्रका बौद्धिक तथा साहित्यिक चिन्तकहरूले यसको स्थापना गरेको पाइन्छ । आफ्नो स्थापना कालदेखि अनेकौँ साहित्यिक उकाली-ओराली गर्दै यात्रा गरेको यस संस्थाले साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । मासिक रूपमा निरन्तर साहित्यिक गतिविधि तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको यस संस्थाले भवानी भिक्षु पुरस्कारबाट पनि आधा दर्जन भन्दा धेरै साहित्य सष्टालाई सम्मान तथा पुरस्कार प्रदान गरेको देखिन्छ । नव कपिलवस्तु साहित्यिक समाजको स्थापना भएपछि यसले थुप्रै नवोदित साहित्य स्रष्टा तथा बाल प्रतिभाहरूलाई जन्म दिएको छ । यसका साथै पुराना स्थापित साहित्य स्रष्टालाई पनि थप नयाँ ऊर्जा प्रदान गरको पाइन्छ ।

यस संस्थाको स्थापना हुनु र भवानी भिक्षु पुरस्कारको स्थापना हुनुले जिल्लाको तौलिहवा सेरोफेरो मात्र नभएर सिङ्गो कपिलवस्तुलगायत लुम्बिनी अञ्चलकै साहित्यिक गरिमालाई उच्च तहमा पुऱ्याएको देखिन्छ । यसरी यस संस्थाको स्थापनाले आफ्नो स्थापना कालदेखि आजसम्म भवानी भिक्षु पुरस्कारबाट सम्मान तथा पुरस्कृत भएका व्यक्तिहरूको नामावली तथा सङ्क्षिप्त परिचय दिने प्रयास यहाँ गरिएको छ -

श्री मोदनाथ प्रश्रित (अर्घाखाँची)

श्री कुलमणि देवकोटा (पाल्पा)

श्री टीकाराम पन्थी (गुल्मी)

श्री विष्णुराज आत्रेय (लाटो साथी) कपिलवस्तु

श्री मोदनाथ शास्त्री (रूपन्देही)

श्री घनश्याम न्यौपाने 'परिश्रमी' (नवलपरासी)

श्री वनमालीराज शर्मा (वनमाली निराकार) पाल्पा

उपर्युल्लिखित साहित्यिक स्रष्टाहरूको सङ्क्षिप्त परिचय यस प्रकार रहेको छ -

### ५.१.१ मोदनाथ 'प्रश्रित'

साहित्यकार मोदनाथ 'प्रश्रित'को जन्म वि.सं. १९९९ साल असार ६ गते अर्घाखाँची जिल्लाको खिदिम हर्राबोटमा भएको हो । यिनी पिता घनश्याम पौडेल र माता बालिका देवी पौडेलका सुपुत्र हुन् । यिनी साहित्यको क्षेत्रमा ' प्रश्रित'का नामले प्रख्यात छन् । उनले वि.सं.२०१४ सालमा अर्घाखाँचीको हरिहर संस्कृत पाठशालामा पूर्व मध्यमा र २०१८ सालमा उत्तर मध्यमा उत्तीर्ण गरेका थिए । वि.सं.२०२० सालमा वाराणसेय संस्कृत विश्वविद्यालयबाट संस्कृत साहित्यमा शास्त्री उत्तीर्ण गरेका 'प्रश्रित' ले वि.सं.२०२१ सालमा निखिल भारत वर्षीय आयुर्वेद विद्यापीठसँग सम्बन्धित सन्यासी संस्कृत महाविद्यालयबाट आयुर्वेद विषयमा आचार्य उत्तीर्ण गरेका छन् । त्यसैगरी वि.सं.२०२४ सालमा त्रि.वि.बाट नेपाली बिषयमा स्नातकोत्तर तहको परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरी पुनः वि.सं. २०३१ सालमा वाराणसेय संस्कृत विश्वविद्यालय वनारसबाट संस्कृत साहित्यमा आचार्य उत्तीर्ण गरेका छन् ।

'प्रश्रित' वि.सं.२०२१ सालदेखि रूपन्देही जिल्लामा बसोबास गर्न थालेका हुन् । यिनी वि.सं. २०१४ सालदेखि वि.सं.२०१८ सालसम्म नेपाली काङ्ग्रेस पार्टीसँग सम्बद्ध रहेभने वि.सं. २०१९ सालदेखि वि.सं.२०२३ सालसम्म राजनीतिबाट टाढारही साहित्य सिर्जनामा लागेका हुन् । त्यसपछि वि.सं. २०२४ सालदेखि पुनःमार्क्सवादी राजनीतितर्फ आकृष्ट भएका हुन् । वि.सं. २०२६ सालदेखि ने. क.पा. एमालेका केन्द्रीय सदस्य र सल्लाहकार समेत रहेका 'प्रश्रित'ले २०४८ सालको आम निर्वाचनमा अर्घाखाँची जिल्लाको क्षेत्र नर.२ बाट उम्मेदवारी दिएका थिए । पछि वि.सं.२०५१ सालको मध्यावधि निर्वाचनमा रूपन्देही जिल्लाको क्षेत्र नं.३ बाट ने.क.पा. एमालेका तर्फबाट निर्वाचित भई ने. क.पा. एमालेको नौ महिने शासन कालमा शिक्षा तथा संस्कृति मन्त्री समेत बनेका थिए । जेलनेल समेतको अनुभूति पाएका प्रश्रितले केही समय प्राध्यापनसमेत गरेको पाइन्छ । राजनीतिका अतिरिक्त साहित्यिक क्षेत्रमा विशेष संलग्नता प्रारम्भदेखि नै रहेको

पाइन्छ । साहित्यकार प्रश्रितले किरण (२०१५), अर्घाखाँखी छात्रप्रभा (२०१९) वनारस, गुराँस (२०२२) भैरहवा, दोभान २०२५(बुटवल) जस्ता साहित्यिक पत्रिकाका साथै लुम्बिनी सन्देश (२०२२), मुक्ति मोर्चा (२०२९) जस्ता समाचार प्रधान पत्रिकाको सम्पादनसमेत गरेका छन् । यिनी प्रगतिशील लेखक सङ्घको केन्द्रीय महासचिव (२०४४) र जन सांस्कृतिक मञ्च तथा प्रगतिशील लेखक कलाकार सङ्घकोसल्लाहाकार समेतरहेका छन् । मोदनाथ 'प्रश्रित' आफ्ना हजुरबुबा दधिराम मरासिनीका प्रभावले साहित्यतर्फ आकृष्ट भएका हुन् । साहित्यिकार 'प्रश्रित' घरायसी साहित्यिक वातावरणबाट प्रेरित तथा प्रभावित भई साहित्य सिर्जनामा लागेका हुन् । साहित्य सिर्जना र प्रेरणाको स्रोत भने संस्कृत साहित्य हो । यिनी प्रगतिवादी साहित्यकार  हुन् । वि.सं. २००९ सालदेखि कलम चलाएका प्रश्रितको पहिलो रचना 'दश अवतार स्तुति' कविता (२००९) हो । वि.सं.२०१५ सालमा प्रकाशित 'छात्र जीवन' किरण पत्रिकामा प्रकाशित पहिलो कविता हो । वि.सं. २००५३ सालमा हितोपदेश मित्रलाभ खण्डकाव्यको नेपालीमा छायानुवाद गरेका थिए भने यो २०१५सालमा छापिएको थियो । मोदनाथ 'प्रश्रित'का हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू यसप्रकार छन् । -

(१) 'हितोपदेश मित्रलाभ' कथा (अनुवाद २०१५), (२) 'आमाको आँसु' (कविता सङ्ग्रह) २०१९, (३) ' बुबा खै' (शोक काव्य २०२०), (४) 'मानव' (महाकाव्य) २०२३, (५) 'पचास रुपैयाँको तमसुक' (सहलेखन नाटक) २०२७, (६) 'देवासुर सङ्ग्राम' (ऐतिहासिक काव्य) २०३०, (७) 'जीवाणुदेखि मानवसम्म' (जीवशास्त्रीय निबन्ध २०३२), (८) 'आमाको काखमा' नाटक २०३२, (९) 'नारी बन्धन र मुक्ति' (निबन्ध) २०३३,(१०) 'देश भक्त लक्ष्मीवाइ' (उपन्यास) २०३३, (११) 'वैचारिक विकासको सन्दर्भमा देवकोटा' (समालोचना) २०३५, (१२) 'गोलघरको सन्देश '(लामो कविता) २०४०, (१३) 'भूतप्रेतको कथा' (निबन्ध) २०४२, (१४) 'अतीतका पाइलाहरू' (संस्मरण) २०४३, (१५) 'सहिदको रगत' (कविता सङ्ग्रह), २०४०,  (१६) 'नारीहरूलाई कसरी असल बनाउने' (निबन्ध सङ्ग्रह) २०४४, (१७) 'चोर' (नारी उपन्यास) २०४४, (१८) 'आस्था र प्रथा' (निबन्ध सङ्ग्रह) २०४४,(१९) 'हिन्दू धर्म र नारी' (निबन्ध) २०४६, (२०) 'केही सांस्कृतिक निबन्धहरू' (निबन्ध) २०४७, (२१) 'जब हुरी चल्छ' (गीत सङ्ग्रह) २०४९, (२२) 'सपनाहरू उपहार देशलाई' (नाटक) २०४९, (२३) 'मन्त्रीजी' (नाटक) २०५१, (२४) 'मानसपटका तस्वीरहरू' (संस्मरण) २०४९, (२५) 'नयाँ जनवादी संस्कृति' (निबन्ध) (२६) 'जनसंस्कृतिको नयाँ दिशा' २०४८, (२७) 'जातपात र छुवाछुतको इतिहास' २०४७, (२८) 'गुटफुट विरुद्ध कम्युनिष्ट आन्दोलन र पार्टी एकताको पक्षमा' (राजनीतिक लेख सङ्ग्रह) २०५४ आदि ।

नव कपिलवस्तु साहित्यिक समाजद्वारा भवानी भिक्षु पुरस्कारबाट पुरस्कृत तथा सम्मानित हुने पहिलो व्यक्ति नै साहित्यकार 'प्रश्रित' हुन् ।[1]

## ५.१.२ कुलमणि देवकोटा

नेपाली साहित्यका उज्ज्वलमणि कुलमणि देवकोटाको जन्म पिता माधवप्रसाद देवकोटा र माता दमयन्ती देवकोटाको कोखबाट वि.सं. १९८५ सालको मङ्सिरमा पाल्पा जिल्लाको तानसेनमा भएको थियो भने वि.सं.२०५९ आषाढ महिनामा उनी यस संसारबाट आफ्नो भौतिक शरीर त्याग गरेका थिए । कुलीन तथा शिक्षित परिवारमा जन्मिएका देवकोटाले भाषा पाठशाला तानसेन, पाल्पाबाट वि.सं.१९९९मा संस्कृततर्फको प्रथम परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरी गवर्नमेन्ट संस्कृत कलेज वनारसबाट वि.सं.२००५ मा साहित्य विषयमा मध्यमा प्रथम श्रेणीमै उत्तीर्ण गरेका थिए । यु.पि.बोड भारतबाट अङ्ग्रेजीमा पनि हाईस्कुल उत्तीर्ण गरेका यिनले नेपाली राष्ट्रिय विद्यापीठ वीरगन्जबाट साहित्य विशारद र साहित्य रत्न (हिन्दी) उत्तीर्ण गरेका देवकोटाले विशिष्ट श्रेणीमा शास्त्री उत्तीर्ण गरी त्रि.वि.बाट नेपालीमा एम.ए. गरेका हुन् । नेपाली साहित्यका कविता विधामा अत्यन्तै सफलतापूर्वक कलम चलाउने उनका प्रकाशित कृतिहरूमा 'ज्ञानको त्यो भोक', 'युवक', 'पाल्पाली आधुनिक गीत', 'छरिएका फूल' (कविता सङ्ग्रह), 'प्रौढ नागरिक शास्त्र' (हिन्दी), 'साक्षरताको प्रसार' (कविता सङ्ग्रह), 'मानव अधिकारको अन्तरराष्ट्रिय घोषणापत्र' (अङ्ग्रेजीबाट नेपाली अनुवाद), 'पुतलीको फूल' (नेपाली नर्सरी राइम्स), 'नेपाली बगली कोश' (२०२६), 'गाईजात्रा विशेषाङ्क' (हास्य व्यङ्ग्य कविता सङ्ग्रह (२०२९), 'मुडुली बज्यै' (२०३०), 'सञ्चयिनी' (२०३८), 'श्रमजीवीको स्मृतिमा' (२०४७), 'बुद्धलोक' (२०५०) आदि ।

उनले उपर्युल्लिखित कृतिहरूका अतिरिक्त थुप्रै अप्रकाशित कृतिहरूको रचना गरेको पाइन्छ । विभिन्न भाषाबाट अनुवाद गरिएका उनका कृतिहरू पनि थुप्रै पाइन्छन् । पथ-प्रदर्शक, पाल्पा सन्देश, प्रगति, बालसखा, लुम्बिनी सन्देश आदि पत्रिकाहरूका सम्पादक बनेका देवकोटा श्री ५महेन्द्र विशेषाङ्क २०१५का प्रधान-सम्पादकसमेत बन्न पुगेका थिए । विभिन्न साहित्यिक तथा अन्य संस्थाहरूमा संलग्न रही कार्य गरेको देखिन्छ । साहित्यकार देवकोटा प्राच्य चर्चा केन्द्र पाल्पाका अध्यक्ष, विश्व हिन्दू महासङ्घ पाल्पा शाखाका अध्यक्ष, पाल्पा साहित्य समाजका सल्लाहकार भई लामो समयसम्म योगदान पुऱ्याएको पाइन्छ । पेसागत दृष्टिकोणले उनले २०१९ देखि २०२२ सम्म चीनको रेडियो पेकिङको हिन्दी शाखामा हिन्दीभाषा विशेषज्ञको पदमा रही काम गरेको पाइन्छ ।

[1]. देवीलाल न्यौपाने, रूपन्देही जिल्लाको साहित्यिक विकासमा सिद्धार्थ साहित्य परिषद्को योगदान, अप्र. शोधपत्र, त्रि.वि.भैरहवा बहुमुखी क्या. २०६४ ।

यसैगरी नेपाली भाषा साहित्यको सह-प्राध्यापक भई लामो समयसम्म त्रि.वि.वि.मा प्राध्यापन गरी वि.सं.२०४०मा सेवा निवृत्त भएको देखिन्छ ।

नेपाली भाषा र साहित्यको अनवरत सेवा गर्ने देवकोटालाई विभिन्न पदक एवम् पुरस्कारबाट सम्मान गरिएको पाइन्छ । नव कपिलवस्तु साहित्यिक समाजले पनि साहित्यको क्षेत्रमा उनले पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै उनलाई वि.सं.२०५५मा भवानी भिक्षु पुरस्कारबाट सम्मान गरेको थियो । यस संस्थाबाट पुरस्कृत हुने दोस्रो साहित्य स्रष्टा व्यक्तित्व कवि देवकोटा भएको देखिन्छ ।'[२]

## ५.१.३ टीकाराम पन्थी

साहित्यकार टीकाराम पन्थीको जन्म वि.सं.१९९३ मा गुल्मी जिल्लाको अर्खले गा.वि.स.वडा नं. ८ मा भएको थियो । उनी वि.सं.२०६६ मङ्सिरमा यस संसारबाट सदाका लागि विदा भए तापनि उनको साहित्यिक नाम सदा अमर रहनेछ । संस्कृत व्याकरणमा आचार्य गरेका पन्थीले वि.सं.२०२४मा संस्कृत व्याकरणमा विद्या वारिधि गरेका थिए । संस्कृत तथा नेपाली दुवै भाषा-साहित्यको ज्ञान प्राप्त गरेका पन्थी वि.सं.२०३१-२०३२ सम्म वाग्लुङ क्याम्पसमा क्याम्पस प्रमुख र त्यसपछि त्रि.ब.क्याम्पस पाल्पामा २०४८सम्म सह-प्राध्यापक भई प्राध्यापन गरेको पाइन्छ । वि.सं. २०४९देखि २०५२सम्म तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयको शिक्षाध्यक्ष भई कार्य गरेको देखिन्छ । त्यसपछि नेपाल संस्कृत विश्वविद्यालय केन्द्रीय विभागमा पनि प्राध्यापन गरेको पाइन्छ । उनी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, नेपाली भाषा विभाग आदिमा पनि संलग्न भइको पाइन्छ ।

'घिटिक सो' (कथा सङ्ग्रह),'सुधर्मा' (ऐतिहासिक खण्डकाव्य), 'मङ्गलग्रह' (काव्य), 'सांस्कृतिक चिन्तन', 'भाषिक चिन्तन', 'सांस्कृतिक समीक्षण', 'अर्वाचीन रेसुङ्गा', 'रुरुवृत्तम्', 'ने नेपाल', 'काव्य चतुष्ट्य विमर्स', 'केही जनश्रुतिहरू', आदि कृतिहरूका रचयिता पन्थी नव कपिलवस्तु साहित्यिक समाजबाट वि.सं. २०५७ मा भवानी भिक्षु पुरस्कारबाट सम्मानित तथा पुरस्कृत भएको पाइन्छ ।'[३]

## ५.१.४ विष्णुराज आत्रेय (लाटो साथी)

साहित्यकार विष्णुराज आत्रेयको जन्म वि.सं. २००३ सालमा कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा भएको हो । उनी नेपाली साहित्यमा लाटो साथी उपनामले चिनिन्छन् । यस क्षेत्रका प्रसिद्ध साहित्यकार भवानी भिक्षुपछि चर्चित एवम् राष्ट्रिय

---

[२]. कुलमणि देवकोटाको जीवनवृत्तबाट लिइएको ।

[३]. टीकाराम पन्थीका सुपुत्र गोपाल पन्थीले २०६६/१०/२९ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।

ख्यातिप्राप्त व्यक्ति हुन् लाटो साथी । साहित्यका विविध विधामा उनको कलम चलेको पाइन्छ । शिक्षित र सभ्य पारिवारिक वातावरणमा हुर्किएका आत्रेयले सन् १९६८ मा नव्य व्याकरण विषयमा आचार्य, सन् १९७० मा त्रि.वि.बाट नेपाली विषयमा स्नातकोत्तर, सन् १९७३ मा राजनीतिशास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेको देखिन्छ । उनले सन् १९९१मा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट नव्य व्याकरण विषयको 'परिभाषोन्दुशेखरस्थ : ज्ञापक सिद्धपरिभाषणां ज्ञाप्य ज्ञापक भाव विमर्शः' शीर्षकमा विद्यावारिधि गरेका छन् । वि.सं. २०२३ सालदेखि प्राध्यापन पेसामा संलग्न आत्रेयले २०३१ सालदेखि त्रि.वि.मा प्राध्यापन गर्न थालेका हुन् । सन् १९८०-१९८५ सम्म काशी हिन्दू विश्वविद्यालयमा नेपाली विषयका अतिथि प्राध्यापकका रूपमा रहेका आत्रेय सन् १९८५मा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयमा पनि अतिथि प्राध्यापक रहेको पाइन्छ भने वि.सं. २०४५देखि नेपाल संस्कृत विश्वविद्यालयमा प्राध्यापनरत छन् । कवि, उपन्यासकार र कथाकारका रूपमा परिचित आत्रेयका हालसम्म प्रकाशित कृतिहरू यसप्रकार छन् -

१. ढाक्रे (खण्डकाव्य २०२४), २. कपिलवस्तु (खण्डकाव्य २०२७), ३. हामीभित्रका म (उपन्यास २०३६), ४.हिमालयो नाम नगाधिराज (खोजग्रन्थ २०३९), ५ अर्ज्याल वंशावली र कुलवृत्त (खोजग्रन्थ २०४२), ६. भू-भाषिकी (भाषा विज्ञान २०४५), ७. नेपाली हनुमानचालीसा (स्तुतिकाव्य २०५६), ८. कवितामा लाटो साथी (कविता सङ्ग्रह २०५९), ९. अथातो जलान जिज्ञासा (हास्यव्यङ्ग्य २०५९), १०. भेटेका पुस्तक टिपेका कुरा (समीक्षा कृति २०५९) ११. नेपाली साहित्यकी प्रतिभा भारती खरेल (व्याख्यान निबन्ध २०६०), १२. आँसुमा प्रकाश (शोक काव्य २०६२), १३. नयाँ मेघदूत (लोकलयमा खण्डकाव्य), १४. श्रीगण्डकी देवघाट माहात्म्य (२०६३), १५. श्रीस्वस्थानी (खण्डकाव्य २०६४)

संस्कृततर्फ- १६. किमुपहरामी (कविता सङ्ग्रह २०३६), १७. सरला (उपन्यास २०३६), १८. व्यथाविधा (खण्डकाव्यम् २०३७), १९. श्री शङ्कराचार्य : (काव्यम् २०५३), २०. धन्यो हिमवददेश : (राष्ट्रिय काव्यम् २०५५)

सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उनका कृतिहरू उत्तिकै उत्कृष्ट मानिन्छन् । आत्रेयले नेपाली साहित्यको क्षेत्रमा निकै योगदान पुऱ्याएका छन् र भवानी भिक्षुले हासिल गरेको साहित्यिक प्रतिभा यिनले पनि देखाई यस क्षेत्रकै साहित्यिक गरिमालाई उच्च पार्न सफल भएका छन् । कपिलवस्तु जिल्लाको तौलिहवामा स्थापित साहित्यिक संस्था 'नव कपिलवस्तु साहित्यिक समाज' को स्थापनामा उल्लेखनीय भूमिका खेलेका आत्रेयले नेपाली साहित्यमा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन र कदर गर्दै यस संस्थाले उनलाई वि.सं.२०५९ सालमा भवानी भिक्षु पुरस्कारबाट सम्मान गरेको थियो । भवानी

भिक्षु पुरस्कारबाट पुरस्कृत हुने चौथो साहित्य स्रष्टा डा.आत्रेय हुन् । आज पनि उनले नेपाली साहित्यको क्षेत्रमा सफलतापूर्वक कलम चलाइरहेका छन् भने नव कपिलवस्तु साहित्यिक समाजको सल्लाहकार भई यस संस्थालाई आवश्यक पर्ने सरसल्लाह र सुझाव दिने अग्रणी व्यक्तित्व मानिन्छन् ।[४]

## ५.१.५ मोदनाथ शास्त्री

साहित्यकार मोदनाथ शास्त्रीको जन्म वि.सं.२००२ जेठ २ गते स्याङ्जा जिल्लाको किचनास गा.वि.स. मा पिता तुलसीराम उपाध्याय र माता दमयन्ती उपाध्यायका कोखबाट भएको हो । यिनको न्वारनको नाम मोदनाथ उपाध्याय हो भने साहित्यमा मानबहादुर थापाका नामले साहित्य सिर्जना गरेको पनि पाइन्छ ।[५] साहित्यप्रतिको प्रेरणा स्रोत माता दमयन्ती उपाध्यायलाई बताउने शास्त्रीले पिताजीबाट घरमै अक्षरारम्भ गरेका हुन् । उनले निम्वार्क संस्कृत विश्वविद्यालय वृन्दावनबाट पूर्वमध्यमा र वाराणसी संस्कृत विश्वविद्यालय वनारसबाट साहित्य शास्त्रीको उपाधि हासिल गरेका हुन् । यिनले अङ्ग्रेजी विषयमा स्नातक र संस्कृतबाट आचार्यको अध्ययन अधुरै छाडेका हुन् । साहित्यकार शास्त्रीको स्थायी बसोबास वि.सं.२०२५ सालदेखि रूपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिकास्थित वडा नं. ७ भृकुटी पथमा रहेको छ । यिनले वि.सं.२०३२ सालदेखि नै सिद्धार्थनगरस्थित इन्द्रराज्य लक्ष्मी मा.वि. मा शिक्षण पेसा अँगाल्दै आएका शास्त्री हाल आएर अवकास प्राप्त जीवन व्यतीत गरेका छन् । यिनलाई साहित्य लेखनमा प्रेरणा भने अम्बिकादत्त व्यासको ‘शिवराज विजय’ उपन्यासबाट भएको हो ।

रूपन्देही जिल्लामा स्थापित सिद्धार्थ साहित्य परिषद्का संस्थापक कोषाध्यक्ष र केही समय उपाध्यक्षसमेत भई कार्य गरेका शास्त्रीको प्रथम प्रकाशित रचना ‘नवज्योति’ पत्रिकामा ‘बसन्त’ शीर्षकको कविता हो । ‘साहित्य भनेको समाजको दर्पण हो । यो समाजलाई बदल्ने शक्ति पनि हो’ भन्ने उनको दृष्टिकोण रहेको छ । यिनले ‘भानु’ महाकाव्य (२०२४), आफ्नो २३ वर्षको उमेरमा लेखेका हुन् । यिनका पुस्तकाकार कृतिहरू हुन् -(१) ‘भानु’ महाकाव्य (२०२४), (२) ‘हाम्रो लक्ष्य’ (नाटक) २०३०, (३) ‘रुद्री मोदानुवाद’ (अनुदित) २०४४, (४) ‘मोदानुवाद शुक्लयजुर्वेद’ (प्रथम भाग) २०४५, द्वितीय भाग २०५०, (५) ‘ब्रह्माण्ड पुराण’ २०४६, (६) ‘मोदरामायण’ (खण्डकाव्य) २०५०, (७) ‘मोदविवाह पद्धति’ (अनुदित) २०५२, (८) ‘बुद्ध चरित्र’ (खण्डकाव्य) २०५६, (९) ‘मोदगीता’ (अनुदित) २०५७, (१०) ‘गोपीउद्धवमिलन’ (गीति- नाटक) २०५६, (११) ‘सूर्य-वातावरण’ (कविता सङ्ग्रह) २०५६, (१२) ‘रासलीला’ (गीति-नाटक) २०५६, (१३)

[४]. चूरामणि पौडेल, पूर्ववत् ।
[५]. देवीलाल न्यौपाने, पूर्ववत् ।

'राजसत्ता' (नाटक) २०५८, (१४) 'गणेषमान' (महाकाव्य) २०५९, (१५) 'बुबा' (उपन्यास) २०६०, (१६) 'ज्वलन्त नक्षेत्र' (महाकाव्य) २०६० आदि ।

साहित्यकार शास्त्री 'साहित्य सन्ध्या पुरस्कार' (२०५६), बुटवल साहित्य कला संस्कृति प्रतिष्ठानद्वारा सम्मानित (२०५७), गणेशमान सिहं फाउन्डेसनद्वारा प्रशंसा (२०५९), वामदेव जोशी स्मृति पुरस्कारबाट सम्मान पत्र (२०५९), तन्नेरी प्रतिभा सम्मान (२०६०) र सिद्धार्थ साहित्य पुरस्कार (२०६०) बाट सम्मानित र पुरस्कृत भएका छन् ।

मोफसलमा रहेर पनि चारवटा महाकाव्यलगायत दर्जनौं कृतिहरू लेखेर प्रकाशनमा ल्याएका शास्त्रीले नयाँ युवा साहित्य स्रष्टाहरूलाई प्रगतिशील साहित्यतर्फ लाग्ने सल्लाह, सुझाव र सद्प्रेरणा दिने गर्दछन् । नव कपिलवस्तु साहित्यक समाजले २०६२ सालमा उनलाई सम्मान गरेको पाइन्छ । उनी साहित्यकार भवानी भिक्षु पुरस्कारबाट सम्मानित हुने पाँचौं साहित्य स्रष्टा हुन् ।[६]

## ५.१.६ घनश्याम न्यौपाने 'परिश्रमी'

साहित्यकार घनश्याम न्यौपाने 'परिश्रमी'को जन्म वि.सं.२०१५ साल आषाढ १४ गते स्याङ्जा जिल्लाको श्रीकृष्णगण्डकी गा.वि.स. वडा नं. २ स्थित बलाम नित्यडाँडा गाउँमा पिता रुक्माङ्गत न्यौपाने र माता तारादेवी न्यौपानेका कोखबाट भएको हो । यी साहित्यमा 'परिश्रमी'को उपनामले परिचित छन् । वि.सं.२०४७ सालदेखि नवलपरासी जिल्लामा बसोबास गर्दै आएका साहित्यकार 'परिश्रमी' नवलपरासी जिल्लाका मात्र नभएर नेपालकै एक ख्याति प्राप्त प्रतिभा हुन् । बाबु आमाका एक मात्र छोरा भएको हुनाले यिनको बाल्यकाल सुखपूर्वक बितेको पाइन्छ । बाबु रुक्माङ्गत न्यौपाने पनि संस्कृत साहित्यका अध्येता भएका हुनाले र एक शिक्षित व्यक्ति भएको हुनाले छोराको पढाइको लागि घरमा राम्रो वातावरण सिर्जना गरेको पाइन्छ । अध्ययनको सिलासिलामा भारतको गोरखपुरमा बस्दा (गोरखनाथ संस्कृत महाविद्यालय, गोरखपुरबाट प्रकाशित हुने वार्षिकपत्रिका) वि.सं.२०२९मा कविता प्रकाशित गरी औपचारिक रूपमा नेपाली साहित्यको यात्रामा प्रवेश गरेका न्यौपानेले त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यमा एम.ए. र पुनः संस्कृत साहित्यमा आचार्य उत्तीर्ण गरी लामो समयदेखि शिक्षण पेसा अवलम्बन गर्दै आइरहेका छन् । शिक्षणका क्रममा पूर्वी नेपालका विभिन्न क्षेत्रमा पुगेका परिश्रमीले नेपाली भाषा साहित्यका कविता, गजल, समालोचना आदि विधामा कलम चलाएको पाइन्छ । उनी नेपालका एक उत्कृष्ट गजलकारका रूपमा चिनिन्छन् । उनले

[६]. देवीलाल न्यौपाने, पूर्ववत् ।

नेपाली र हिन्दी गजलको तुलनात्मक अध्ययन शीर्षकमा भारत विहारको डा. भीम राव अम्बेडकर विश्वविद्यालयबाट गजल विधामा विधावारिधि हासिल गरेका छन् ।[७]

शिक्षण पेसाकै क्रममा जन्मस्थली स्याङ्जाको बलाम नित्यडाँडाबाट नवलपरासी जिल्लाको माकर-४, बर्दघाटमा सपरिवार बसाइँसराइँ गरी आएका 'परिश्रमी'ले नवलपरासीका विभिन्न माध्यमिक विद्यालय तथा महाविद्यालय (क्याम्पस) मा पनि अध्यापन गरेका छन् । उनी आफूमात्र साहित्य सिर्जना गर्दैनन्, अरुलाई पनि लेख्ने प्रेरणा प्रदान गर्दछन् । उनले विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूको स्थापनामा विशेष योगदान दिएको पाइन्छ । 'परिश्रमी' वर्तमान समयका धेरै गजलकार तथा समालोचकका साहित्यिक गुरु हुन् । उनको प्रेरणा र सद्भाव पाएर धेरै व्यक्तिहरू सर्जक बनेका छन् ।

गजल गुरुचेला परम्परामा हुर्कदै र बढ्दै जाने मान्त्रिक विधा भएकोले यिनी स्वदेश तथा विदेशका विभिन्न ठाउँहरूमा गजल प्रशिक्षणको लागि पुगेको पाइन्छ । उनले लहडकै भरमा कुनै पनि साहित्यिक विधामा कलम चलाउनेहरूले साहित्यिक गरिमालाई खस्काएको बताउँछन् । न्यौपानेका हालसम्म प्रकाशित कृतिहरू यसप्रकार छन् -

१. अन्त्यमा (खण्डकाव्य) २०३६

२. यो मौसम (गजल सङ्ग्रह) २०५०

३. घामको छहारीमा (गजल सङ्ग्रह) २०५३

४. साहित्य सन्दर्भ (समालोचना सङ्ग्रह) २०५५

५. जून चुहेको रात (गजल सङ्ग्रह) २०६०

६. जुनु मामा (बाल गजल सङ्ग्रह) २०६० संयुक्त

७. आधुनिक नेपाली व्याकरण (व्याकरण)

८ राम्रा चाचा मीठा पापा (बाल गजल सङ्ग्रह) २०६३

९. गजल भूमिकावली २०६३

१० गजल सौन्दर्य मीमांसा २०६४

उनका धेरै फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । साहित्यिक कार्यक्रमका सिलसिलामा नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विभिन्न ठाउँहरूमा पुगेका न्यौपानेका नेपाली साहित्यका विभिन्न विधाका अप्रकाशित रचनाहरू पनि प्रशस्तै छन् । विगत लामो समयदेखि नेपाली भाषा साहित्यको उन्नयनका लागि उनले गरेको योगदानको कदर गर्दै नेपाल तथा विदेशका विभिन्न साहित्यिक तथा गैरसाहित्यिक दर्जनौं सङ्घ संस्थाले उनलाई सम्मान प्रदान गरेका छन् । २०६४ सालको

[७]. देवीलाल न्यौपाने, पूर्ववत् ।

भवानी भिक्षु पुरस्कारद्वारा उनलाई नव कपिलवस्तु साहित्यिक समाजले पनि पुरस्कृत तथा सम्मान गरेको देखिन्छ ।[८]

### ५.१.७ वनमाली निराकार

साहित्यकार वनमाली निराकारको जन्म वि.सं.२००६ साल चैत ७ गते पाल्पा जिल्लाको सदरमुकाम तानसेन वडा नं. १०मा भएको हो । नेपाली साहित्यमा उनी 'निराकार' साहित्यिक उपनामबाट सुपरिचित छन् । नेपाली विषयमा एम.ए. गरेका निराकारले भारतको नयाँ दिल्लीबाट डिप्लोमा इन् जर्नालिजम पनि गरेको पाइन्छ । लामो समयदेखि शिक्षण पेसामा संलग्न निराकार हाल भैरहवा बहुमुखी क्याम्पस रूपन्देहीमा प्राध्यपन गर्दै छन् । विद्यार्थी जीवन कालदेखि नै साहित्यमा अभिरुचि राख्ने साहित्यकार निराकारले वि.सं. २०२६ सालदेखि प्रतिवद्ध रूपमा साहित्यिक क्षेत्रमा प्रवेश गरी साहित्यिक कृतिहरू लेखन र प्रकाशन गर्दै आएका छन् । कथालाई मुख्य विधा बनाई साहित्य लेखन कार्यमा क्रियाशील व्यक्तित्व साहित्यकार निराकारले कविता, मुक्तक, नाटक आदि विधामा सफलतापूर्वक कलम चलाएको पाइन्छ ।

साहित्यिक व्यक्तित्वका धनी वनमाली निराकार नेपालको पश्चिमाञ्चल विकास क्षेत्रकै वर्तमानका उत्कृष्ट कथाकारका रूपमा चिनिन्छन् । देशका पूर्वी तथा पश्चिमी क्षेत्रहरूमा भएका र हुने विभिन्न साहित्यिक कार्यक्रममा विशेषगरी आख्यान विधाअन्तर्गतका साहित्यिक गोष्ठी, सभा, सम्मेलन, सेमिनार आदिमा प्राय : उनले नै यस क्षेत्रको प्रतिनिधित्व गरी सहभागी हुने गरेको देखिन्छ । देशमा पञ्चायती शासन व्यवस्था र त्यसले जनतामाथि गरेको दुर्व्यवहारबाट परिचित बनेका निराकारले त्यो शासन व्यवस्थाको अन्त्य र देशमा प्रजातन्त्रको पुनर्स्थापनाको लागि भएका विभिन्न कार्यमा संलग्न भएको पाइन्छ । चाहे कथा र कविताका माध्यमबाट होस् वा वि.सं. २०३६ सालमा भएको ऐतिहासिक जनमत सङ्ग्रहमा जनताको अभिव्यक्ति स्वतन्त्रताको लागि बहुदलीय शासन व्यवस्थाका निम्ति नैतिक समर्थन जुटाउने र सर्वसाधारण जनतालाई अन्याय, अत्याचार र शोषणप्रति सचेत तुल्याउने 'सडक कविता क्रान्ति'मा प्रत्यक्ष रूपमा संलग्न भएर होस् उनले यस्ता ऐतिहासिक घटनाक्रमहरूमा पनि निर्भीकतापूर्वक कलम चलाएर देश र जनताको मुक्तिका लागि आवाज उठाउनमा अग्रसर भएको पाइन्छ । देशमा प्रजातन्त्रको पुनर्स्थापना र बहुदलीय शासन व्यवस्थाको क्रियाकलाप र व्यहारप्रति उनले आफ्ना कृतिहरूमा आवाज उठाउने गर्दछन् ।

---

[८]. साहित्यकार घनश्याम न्यौपानेले शोधार्थीलाई दिएको जानकारीअनुसार ।

देशका विभिन्न जिल्लाहरूमा हुने साहित्यिक गतिविधि र क्रियाकलापपमा संलग्नता देखाउने निराकारले पाल्पा जिल्लाको साहित्यिक विकास र बिस्तार गर्नको लागि निकै क्रियाशीलता देखाएको पाइन्छ । पछिल्ला दिनहरूमा रूपन्देही जिल्लामा रही उनले साहित्य सिर्जना गरिरहेका छन् र आफ्नो साहित्यिक कलमलाई अनवरतरूपमा अगाडि बढाइरहेका छन् । प्राध्यापन पेसामा निकै उत्साहसाथ आफ्नो शिक्षण कौशल प्रस्तुत गर्ने साहित्यकार वनमाली निराकार विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूमा पनि आवद्ध रही काम गरेको पाइन्छ । उनी 'पाल्पा साहित्य समाज'का सल्लाहकार, 'सिर्जनशील साहित्यिक समाज' भैरहवाका सल्लाहकार तथा नेपाली लेखक सङ्घका केन्द्रीय सदस्य भई साहित्यिक सङ्घ-संस्थाको विकास र बिस्तारको लागि त्यत्तिकै सक्रियताका साथ सहयोग, सरसल्लाह र सुझावको लागि भूमिका निभाएको पाइन्छ । उनका प्रकाशित साहित्यिक कृतिहरूमा 'समयको पर्खाल' (कथा सङ्ग्रह २०४६), 'लोकतन्त्रको शङ्खनाद' (सहलेखन२०६२), 'पत्र-सञ्चयन' (२०६३), 'विवरुका कथाहरू'(२०६५) आदि रहेका छन् । यी कृतिहरूका अतिरिक्त थुप्रै कविताहरू, कथाहरू, लेख-निबन्धहरू पनि विभिन्न पत्र-पत्रिकामा प्रकाशित हुँदै आएको देखिन्छ ।

साहित्य लेखनमा उल्लेखनीय योगदान पुऱ्याउने साहित्यकार निराकार विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूबाट पुरस्कार तथा सम्मानित पनि भएका छन् ।

उनी सिर्जनशील साहित्यिक समाज भैरहवाबाट २०६१ मा, न्यूहोराईजन बुटवलबाट २०६४ मा, कवि कुलमणि देवकोटा स्मृति पुरस्कार पाल्पाबाट २०६५ मा, महाकवि देवकोटा शतवार्षिकी सम्मान २०६५, छविलाल पाल्पाली प्रतिमा पुरस्कार पाल्पा साहित्यिक समाजबाट २०६५ मा, भवानी भिक्षु पुरस्कार नव कपिलवस्तु साहित्यिक समाजबाट २०६६ मा तथा गजल सागरसम्मान बुटवलबाट २०६६ मै पुरस्कृत तथा सम्मानित भई आफ्नो साहित्यिक गरिमालाई उचाइको विन्दुमा पुऱ्याउन सक्षम तथा सफल भएका छन् । यिनले साहित्यिक यात्रालाई निकै सक्रियताका साथ अगाडि बढाउँदै लगेको देखिन्छ ।[९]

## ५.२. नव कपिलवस्तु साहित्यिक समाजको उद्देश्य र यसका गतिविधिहरू

यस संस्थाको प्रमुख उद्देश्य भनेको यस क्षेत्रको भाषा, साहित्य तथा कला र संस्कृतिको उत्थान, विकास संरक्षण र संवर्द्धन गर्नु रहेको छ । यसका साथसाथै विभिन्न भाषा-भाषीका साहित्यिक सर्जकहरूको साहित्यिक व्यक्तित्वलाई प्रस्फुटन गर्नु पनि रहेको छ । यस क्षेत्रका स्थापित साहित्यकार तथा नवोदित साहित्यिक स्रष्टाहरूका कृतिहरूलाई बाहिर ल्याई यस क्षेत्रको साहित्यिक फाँटलाई उर्वर तुल्याउनु पनि यस साहित्यिक

[९]. साहित्यकार वनमाली निराकारले २०६६/१०/१६ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।

संस्थाको उद्देश्य हो । विशेषगरी भाषा साहित्यको माध्यमद्वारा यस क्षेत्रका जनतालाई जगाउनु, साहित्यप्रति प्रेरणा दिनु र साहित्यको विकास-विस्तार गरी कपिलवस्तु जिल्लालाई पनि अन्य जिल्ला सरह अगाडि बढाउनु यसको उद्देश्य रहेकोले संस्था स्थापना कालदेखि नै विभिन्न प्रयासहरू भएको देखिन्छ ।

### ५.२.१ गतिविधिहरूको निरूपण

यस संस्थाले स्थापना कालदेखि गरेका विभिन्न साहित्यिक गतिविधिहरूलाई तथा विभिन्न जन्म-जयन्तीलाई सफलतासाथ मनाएका कार्यक्रमहरूलाई संक्षिप्त रूपमा देखाउने प्रयास गरिएको छ -

भवानी भिक्षु जयन्ती, भानु जयन्ती, मोती जयन्ती आदिका साथै नव वर्ष, प्रजातन्त्र दिवस, सहिद दिवस आदिलाई पनि भव्यताका साथ मनाएको पाइन्छ ।

## ५.३ नव कपिलवस्तु साहित्यिक समाजका शक्ति र सीमा

### (क) शक्ति :

कपिलवस्तु साहित्यिक समाजको स्थापना यस क्षेत्रका प्रबुद्ध व्यक्तित्वहरूको क्रियाशीलता र सहभागितामा वि.सं २०५० भाद्र १५ गते भएको हो । यस साहित्यिक संस्थामा संलग्न साहित्यिक प्रतिभाहरू स्थानीय स्तरदेखि राष्ट्रियस्तरसम्मका रहेका छन् । साहित्यकार विष्णुराज आत्रेय (लाटो साथी), साहित्यकार हरिराज शर्मा (हराश), तेजकुमार बौद्धाचार्य, भक्तिराम पन्थी, दधिराम सापकोटा, फणिनारायण सिग्देल, राघवेन्द्रकुमार श्रीवास्तव, वासुदेव जमरकट्टेल आदिले साहित्यको क्षेत्रमा देखाउनु भएको सक्रियता यसको शक्तिको रूपमा पाउन सकिन्छ । यस संस्थामा आवद्ध र यसलाई माया गर्ने साहित्यिक स्रष्टाहरू विभिन्न सहकारी तथा गैर-सरकारी क्षेत्रमा काम गरी अनुभवी बनेकोले र उनीहरू महत्त्वपूर्ण तथा गरिमामय पदमा पुगी आफ्नो जिम्मेवारीलाई बफादारीसाथ वहन गरेकोले पनि यस संस्थाको महत्त्व अझ धेरै झल्किएको हो । उपर्युल्लिखित व्यक्तित्वहरूका अतिरिक्त अन्य जागरुक र बुद्धिजीवी व्यक्तित्वहरूको मनस गर्भबाट जन्मिएको संस्था हो । यसले २०५२ सालदेखि वर्षेनि साहित्यकार भवानी भिक्षुको जन्म-जयन्ती मनाउने गरेको र उक्त अवसरमा कवि गोष्ठी सम्पन्न गर्दै आइरहेको पाइन्छ । यही अवसरमा विभिन्न साहित्यिक व्यक्तित्वहरू भेला पार्ने, तिनका रचना वाचन गर्ने पुरस्कार प्रदान गर्ने आदि महत्त्वपूर्ण कार्यहरू गर्दै आएको छ । जिल्लामा स्थापित भएका धेरै साहित्यिक संस्थाहरूमध्ये यो संस्था सबैभन्दा जागरुक, क्रियाशील र सशक्त जीवित संस्था हो भन्नुमा दुईमत देखिँदैन ।

नव कपिलवस्तु साहित्यिक समाजले आफ्नो स्थापना कालदेखि कैयौँ नवोदित र उदीयमान स्रष्टाहरूलाई साहित्यिक क्षेत्रमा अगाडि बढ्नमा सहयोग र बाल प्रतिभाहरूका अन्तर्निहित क्षमताहरूलाई प्रस्फुटन गर्नमा निकै भूमिका खेलेको छ । यस संस्थाले आफ्नो सेरोफेरो मात्र नभएर समग्र जिल्लाभित्रकै साहित्यिक स्रष्टाहरूलाई साझा मञ्च प्रदान गरेको छ । हरेक भाषा, धर्म, वर्ग, वर्णका व्यक्तिहरूले यस संस्थालाई साझा चौतारी मान्दछन् ।

नव कपिलवस्तु साहित्यिक समाजले आयोजना गर्ने विभिन्न कार्यक्रमहरू राष्ट्रियस्तरकै हुने गरेका पाइन्छन् । राष्ट्रका महत्त्वपूर्ण क्षेत्रमा पुगेका वरिष्ठ साहित्य सर्जकहरूलाई सम्मान र पुरस्कारबाट पुरस्कृत गर्ने सन्दर्भमा होस् चाहे अन्य साहित्यिक कार्यक्रमहरूमा होस् प्रत्येक कार्यक्रम र गतिविधि राष्ट्रिस्तरका देखिएका छन् । यहाँ उल्लेखित सबै विषयहरू यस संस्थाका गतिविधिहरू र यसले पुऱ्याएको योगदान नै वास्तवमा यसका शक्ति हुन् र यी सम्पूर्ण गतिविधिहरू महत्त्वपूर्ण उपलब्धिका रूपमा रहेका देखिन्छन् ।

## (ख) सीमा

नव कसासका माथि उल्लेख गरिएका केही शक्ति र उपलब्धिहरूको विवेचना पश्चात् यस संस्थाका केही दुर्बल अथवा आलोचनीय पक्षसमेत देखा परेका छन् । ती पक्षलाई यहाँ सीमाअन्तर्गत राखेर केही संक्षिप्त रूपमा चर्चा गर्ने प्रयास गरिएको छ । यो संस्था स्थापना भएपछि केही समयसम्म यसले सशक्त र जागरुक रूपमा आफ्नो साहित्यिक यात्रालाई अगाडि बढाउन सकेको पाइँदैन । यसका विधानहरूमा संस्थाको आफ्नै भवन हुनेछ भनी उल्लेख गरेको र यसले आफ्नो मुखपत्रद पनि प्रकाशन गर्ने कुरा गरे पपि  अनजसम्म त्यो हुन सकिरहेको देखिँदैन । आफ्नो छुट्टै भवनको अभावमा यसले विभिन्न समयमा विभिन्न ठाउँहरूमा आफ्ना साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइन्छ । यस साहित्यिक संस्थाले एउटा निश्चित भवन या अन्य कुनै ठाउँमा कार्यक्रम सञ्चालन गर्न सकेमा अझ प्रभावकारी हुन सक्ने देखिन्छ । अर्को कुरा यस संस्थाले आजसम्म जे-जति साहित्यिक गतिविधिहरू सञ्चालन गऱ्यो तिनलाई केवल हस्तलिखित रूपमा मात्र अभिलेख गरेको र कुनै पनि पत्र-पत्रिका आदिमा प्रकाशित नगराएको वा प्रकाशित भएकालाई पनि सुरक्षित राख्न नसकिएको हुँदा यस संस्थासम्बन्धी गहिरो खोज-अध्ययन र अनुसन्धान गरी सम्पूर्ण कुराहरू बाहिर ल्याउनमा अलि कठिनाइ पनि पर्ने देखिन्छ । यदि यस संस्थाले आफ्ना मुखपत्र प्रकाशन गर्ने, आफ्ना साहित्यिक कार्यक्रमलाई विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित गर्ने गरेमा यसले गरेका कार्यक्रमहरू अझ धेरैको नजरमा पर्न सक्ने थिए तर त्यो हुन सकेको देखिँदैन ।

यस संस्थाले आजसम्म जे-जस्ता र जे-जति साहित्यिक कार्यक्रमहरू सम्पन्न गरेको छ ती केवल यस क्षेत्र वरिपरि र जिल्लाभित्रका व्यक्तिहरूलाई मात्र बढी मात्रामा समेट्न सक्ने गरी सञ्चालन गरेको देखिन्छ । यतिमा मात्र सीमित नभई अन्य छिमेकी जिल्लाहरूलाई पनि समेट्न सक्ने गरी विभिन्न कार्यक्रमहरू गर्न सकेको खण्डमा अझ प्रभावकारी हुन सक्ने देखिन्छ । साहित्यिक कार्यक्रमहरू र मासिक साहित्य सङ्गमहरूमा वाचन गरिएका रचना वा सिर्जनाहरूको समीक्षा भर पनि त्यसको सुझाव र सुधार गर्ने उपायको बारेमा अलि कमजोरी जस्तो देखिन्छ । अर्को कुरा मासिक साहित्य सङ्गमहरूका कुनै-कुनै कार्यक्रमहरूमा यस संस्थाका पदाधिकारीहरू मात्र बढी सक्रिय देखिने तर बाहिरी साहित्यानुरागीहरूको उपर्स्थिति अलि कमी भएको देखिन्छ । यिनै माथि उल्लेखि पक्षहरू नै यस संस्थाका सीमा मान्न सकिन्छ ।

## ५.३.१ निष्कर्ष

प्राचीन कालदेखि विविध दृष्टिकोणले महत्त्वपूर्ण मानिँदै आएको कपिलवस्तु जिल्लामा साहित्यिक संस्थाहरूको स्थापना वि.सं.१९७२ सालमा श्रीराम पुस्तकालयको स्थापनापश्चात् अगाडि बढेको पाइन्छ । त्यसपछि विभिन्न साहित्यिक संस्थाहरूको स्थापना हुँदै गए र केही समयसम्म ती संस्थाहरूले साहित्यिक गतिविधि गर्दै पनि गए । कालान्तरमा ती संस्थाहरूको निरन्तरता हुन सकेन । वि.सं.२०५० भाद्र १५ गते कपिलवस्तु साहित्यिक समाजको स्थापना भएको हो । यो संस्था स्थापना भएपछि कपिलवस्तु जिल्लाकै साहित्यिक गतिविधि तीव्र रूपमा अगाडि बढेको देखिन्छ । यस संस्थाले गरेका साहित्यिक गतिविधिहरूको अनुकरण अन्य साहित्यिक संस्थाहरूले समेत गरेको पाइएको छ । कसासले आफ्नो उद्देश्यअनुरुप विभिन्न साहित्यिक कार्यक्रमहरूलाई प्रभावकारी रूपले अगाडि बढाएको देखिन्छ । नेपाली साहित्यका सुप्रसिद्ध साहित्य साधकहरूका जन्म जयन्ती मनाउने, साहित्य स्रष्टाहरूलाई पुरस्कार वितरण एवम् सम्मान गर्ने, मासिक साहित्य सङ्गमहरूमा बालप्रतिभाहरूका सिर्जनाहरू वाचन गराउने र उनीहरूलाई प्रोत्साहन गर्नको लागि पुरस्कार प्रदान गर्ने, कवि गोष्ठी एवम् साहित्यिक भेला आयोजना गर्ने, नव वर्ष, विभिन्न दिवस र उपलक्षयहरूमा पनि साहित्यिक कार्यक्रमको आयोजना गर्ने आदिजस्ता कसासका महत्त्वपूर्ण कार्यहरूको मूल्याङ्कन गर्दा नव कपिलवस्तु साहित्यिक समाजले जिल्लाको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान दिएको देखिन्छ ।

नव कसासले गर्दै आएका विविध साहित्यिक कार्यक्रम  र गतिविधिहरू महत्त्वपूर्ण देखिन्छन् परन्तु यसभित्र रहेका केही कमी कमजोरीहरूलाई भविष्यका दिनहरूमा पक्कै पनि निराकरण गरी यसको साहित्यिक मार्गहरूमा थप सुन्दर कदमहरूले पाइला चाल्ने मञ्चका रूपमा यो संस्था विकास हुने विश्वास गरिएको छ ।

# छैटौँ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ६.१ सार सङ्क्षेप

प्रस्तुत शोधपत्र छ वटा परिच्छेदमा विभाजन गरिएको छ । "नव कपिलवस्तु साहित्यिक समाजको अध्ययन" शीर्षकको यस शोधपत्रको पहिलो परिच्छेदअन्तर्गत 'शोधपत्रको परिचय',दोस्रो परिच्छेदअन्तर्गत 'कपिलवस्तु जिल्लाको सङ्क्षिप्त परिचय', तेस्रो परिच्छेदअन्तर्गत 'कपिलवस्तु जिल्लाका साहित्यिक सङ्घ संस्थाहरू', चौथो परिच्छेदअन्तर्गत 'नव कपिलवस्तु साहित्यिक समाजको अध्ययन', पाँचौ परिच्छेदअन्तर्गत साहित्यमा 'नव कपिलवस्तु साहित्यिक समाजले पुऱ्याएको योगदान', र छैटौँ परिच्छेदअन्तर्गत 'उपसंहार तथा निष्कर्ष' शीर्षक रहेका छन् । यी प्रत्येक परिच्छेदअन्तर्गत रहेका शीर्षकभित्र विभिन्न उपशीर्षकहरू राखी तिनको बारेमा जानकारी दिने प्रयास गरिएको छ -

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा राखिएको 'शोधपत्रको परिचय' शीर्षकभित्र विभिन्न उपशीर्षकहरूलाई प्रस्तुत गरिएको छ । यस क्रममा शोधपत्रको शीर्षक, शोधपत्रको प्रयोजन, विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, शोधकार्यको औचित्य र महत्त्व, पूर्वकार्यको समीक्षा, शोधकार्यको सीमा, सामाग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखा आदिका बारेमा उल्लेख गरिएको छ ।

दोस्रो परिच्छेदमा रहेको 'कपिलवस्तु जिल्लाको संक्षिप्त परिचय' शीर्षकअन्तर्गत विभिन्न उपशीर्षकहरू राखी ती उपशीर्षकअन्तर्गत सबैको छोटो परिचय र जानकारी गराइएको छ । यस क्रमामा जिल्लाको पृष्ठभूमि, नामकरण, ऐतिहासिक पृष्ठभूमि, प्राकृतिक तथा भौगोलिक स्वरूप, हावापानी, वनजङ्गल तथा खनिज सम्पदा, मुख्य नदीनाला तथा तालहरू, जिल्लाको राजनीतिक तथा प्रशासनिक विभाजन, जनसङ्ख्या, जाति, भाषा, धर्म, सामाजिक जनजीवन, स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, सञ्चार, यातायात, आर्थिक अवस्था, बैंक तथा वित्तीय संस्थाहरू, कृषि, उद्योग, व्यापार, पर्यटन, धार्मिक तथा पर्यटकीय स्थलहरू, प्रमुख सहरहरू आदिका बारेमा उल्लेख गरिएको छ ।

शोधपत्रको तेस्रो परिच्छदमा कपिलवस्तु जिल्लाका साहित्यिक सङ्घ संस्थाहरूको परिचय दिने काम भएको छ । जिल्लामा स्थापित विभिन्न साहित्यिक सङ्घ संस्थाहरूको परिचय दिने क्रममा स्थापनाको समयलाई हेरेर क्रमिकता साथ राखिएको छ । भाषा-साहित्यको विकास गर्ने उद्देश्यले स्थापना भएका यस्ता संस्थाहरूमा नवयुवक सङ्घ तौलिहवा, प्रमोद गृह, कपिलवस्तु साहित्यिक परिषद्, कपिलवस्तु वाचनालय, कपिलवस्तु

साहित्यिक समाज, वाणगङ्गा साहित्यिक प्रतिष्ठान आदि रहेका छन् । ती सबैका बारेमा छोटो परिचयका  साथै तिनका साहित्यिक लक्ष्यका बारेमा उल्लेख गरिएको छ ।

शोधपत्रको चौथो परिच्छेद प्रस्तुत शोधपत्रकै शीर्षक र त्यसभित्रका विभिन्न उपशीर्षकमा केन्द्रित रहेको छ । "नव कपिलवस्तु साहित्यिक समाजको अध्ययन" शीर्षकअन्तर्गतका विभिन्न उपशीर्षकहरूमा नव कसासको स्थापना र विकास, पृष्ठभूमि, नामकरण, पदाधिकारीहरूको गठन, भेला आयोजना तथा निर्णय, भवानी भिक्षु पुरस्कार तथा जन्म-जयन्ती समारोह, भवानी भिक्षु पुरस्कार तथा पुरस्कार प्रदान र स्रष्टा सम्मान समारोह, मासिक साहित्य सङ्गम, सङ्गममा रचना गर्ने प्रमुख स्रष्टा र तिनका मूल प्रवृत्ति, नव कसासका साहित्यिक गतिविधिहरू आदिको बारेमा उल्लेख गरिएको छ । यसका साथै शुभ दीपावली, नव वर्षको स्वागत, प्रजातन्त्र दिवस, सहिद दिवस, मोती-जयन्ती, कृति विमोचन, नव कसासप्रति सद्भाव राख्ने प्रमुख स्रटाहरूको वैयक्तिक विवरण र निष्कर्ष आदिका बारेमा उपशीर्षकहरू केन्द्रित रहेका छन् ।

शोधपत्रको पाँचौं परिच्छेदमा साहित्यमा नव कसासले पुऱ्याएको योगदानका बारेमा उल्लेख गरिएको छ । पाँचौं परिच्छेदभित्र रहको 'साहित्यमा नव कसासले पुऱ्याएको योगदान' शीर्षकअन्तर्गत पनि विविध उपशीर्षकहरू राखिएका छन् र ती उपशीर्षकहरूअन्तर्गत रहेर नव कसासले साहित्यिक क्षेत्रमा पुऱ्याएको उल्लेखनीय योगदानको बारेमा जारकारी गराइएको छ । यस क्रममा विषय प्रवेशका साथै नव कसासले लुम्बिनी अञ्चलभित्र रहेर साहित्यको क्षेत्रमा विशेष योगदान पुऱ्याउने साहित्यकारहरू मोदनाथ 'प्रश्रित', कुलमणि देवकोटा, टीकाराम पन्थी, विष्णुराज आत्रेय ( लाटो साथी) मोदनाथ शास्त्री, घनश्याम न्यौपाने 'परिश्रमी' वनमाली निराकारको बारेमा व्यक्तिगत परिचय र विवरण दिने काम गरिएको छ । यसका अतिरिक्त नव कसासका शक्ति र सीमा आदिको बारेमा पनि उल्लेख गरिएको छ ।

छैटौं परिच्छेद निष्कर्ष खण्डका रूपमा रहेको छ । यस अन्तर्गत नव कपिलवस्तु साहित्यिक समाजको अध्ययनको चर्चा गरी  निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । साथै भविष्यमा थप नयाँ शोध गर्न चाहने व्यक्ति वा संस्थाहरूलाई  सहयोग गर्ने उद्देश्यले केही सम्भाव्य शोधशीर्षकहरू पनि राखिएको छ ।

शोधपत्रको परिशिष्ट खण्डमा नव कसासको आगन्तुक पुस्तिकामा लेखिएका शुभकामना सन्देसहरू, कपिलवस्तु जिल्लाको नक्सा, संस्था दर्ताको प्रमाण पत्र, संस्था नवीकरण प्रमाण पत्र र सन्दर्भ सामग्रीका रूपमा प्रस्तुत शोधपत्र तयार पार्नको लागि सङ्कलन गरिएका विभिन्न सामग्रीहरूलाई प्रस्तुत गरिएको छ । यस क्रममा विभिन्न पुस्तकाकार कृति, नव कसासका भेला आयोजना तथा निणर्य पुस्तिका, पत्रपत्रिका, शोधपत्र सूची आदिलाई राखिएको छ ।

## ६.२ निष्कर्ष

प्रस्तुत शोध कार्यको अध्ययनबाट कपिलवस्तु जिल्लाका साहित्यिक सङ्घ संस्थाहरूको परिचय दिनुका साथै नव कपिलवस्तु साहित्यिक समाजको अध्ययन र यसका साहित्यिक गतिविधिका बारेमा खोजी-नीति गरी बाहिर झल्काउने प्रयास भएको छ । नव कपिलवस्तु साहित्यिक समाजको अध्ययनबाट यसका साहित्यिक गतिविधि महत्त्वपूर्ण रहेका देखिन्छन् । यस जिल्लाको पहिलो साहित्यिक संस्थाको रूपमा वि.सं.१९७२ सालमा स्थापना भएको श्रीराम पुस्तकालय तौलिहवा देखापरेको छ । यस पुस्तकालयले यस क्षेत्रको साहित्य, संस्कृति र कलाको विकास गर्ने, नव प्रतिभाहरूलाई प्रोत्साहन गर्ने, साहित्यिक गोष्ठी गर्ने र स्रष्टाहरूका सिर्जनाहरू वाचन गराउने परम्परालाई आत्मसात गरेको छ । यस जिल्लामा खुलेका अन्य साहित्यिक सङ्घ संस्थाहरूमा नव युगक सङ्घ : तौलिहवा (२००३), गौतम टिम : तौलिहवा (२००४), कपिलवस्तु साहित्यिक परिषद् (२०४४), कपिलवस्तु साहित्यिक समाज (२०५०), लुम्बिनी कपिलवस्तु बचाऔँअभियान (२०५३), कपिलवस्तु सांस्कृतिक समूह (२०५५),कर्मचारी मिलनकेन्द्र (२०५७), बहुजातीय सांस्कृतिक परिवार (२०५७), स्वतन्त्र सेनानी दया शङ्कर मुन्सी स्मृति प्रतिष्ठान (२०५७), नेपाल पत्रकार महासङ्घः कपिलवस्तु (२०५९), घर-घरमा किताब (२०५९), सिर्जनशील साहित्य समाज (२०६१), एम्स सांस्कृतिक समूह (२०६१), वाणगङ्गा साहित्यिक प्रतिष्ठान (२०६१) आदि देखिन्छन् । तर यी सबै साहित्यिक संस्थाहरू वर्तमान अवस्थासम्म क्रियाशील भने देखिँदैनन् । कतिपय संस्थाहरू समयको प्रवाहमा निरन्तरता दिन नसकेकाले इतिहासको गर्भमा सीमित हुन पुगेका छन् । यी साहित्यिक सङ्घ संस्थाहरूले कपिलवस्तु जिल्लाको साहित्यिक विकासमा जे-जति योगदान पुऱ्याएका छन् त्यो अविष्मरणीय रहेको छ ।

कपिलवस्तु जिल्लामा साहित्यक सङ्घ संस्थाहरू खुल्ने र बन्द हुने परम्परा करिब एक शताब्दी लामो भएको देखिन्छ । यस अवधिको करिब तेस्रो खण्डमा वि.सं २०५० भाद्र १५ गते कपिलवस्तु साहित्यिक समाज यस जिल्लाको तौलिहवामा स्थापना भएको हो । यस साहित्यिक संस्थाले आफूभन्दा पूर्वका साहित्यिक संस्थाहरूले बसालेको साहित्यिक परम्परालाई अझ परिमार्जित र गतिशील बनाउँदै अग्रगामी दिशातिर लम्केको छ । यद्यपि जिल्लाका साहित्यिक संस्थाहरूले गर्ने साहित्यिक गतिविधिमा यस संस्थाले गरेका साहित्यिक गतिविधि र क्रियाकलापहरू अन्यको तुलनामा महत्त्वपूर्ण एवम् प्रशंसनीय रहेका छन् । राष्ट्रिय ख्याति प्राप्त व्यीक्तत्वहरूको संलग्नता, प्राज्ञिक प्रतिभाहरू, स्थापित स्रष्टाहरू, उदीयमान तथा नवोदित साहित्य सर्जकहरूको संलग्नता एवम् सहभागिताले संस्थाको गतिमा थप अभिवृद्धि भएको पाइन्छ । त्यसै पनि यसले गरेका साहित्यिक कार्यक्रमहरू स्तरीय हुनु, मासिक सङ्गमलाई निरन्तरता दिनु, पुरस्कार

र स्रष्टा सम्मानको व्यवस्था गर्नु, कवि गोष्ठी तथा प्रतियोगिताको आयोजना गर्नु,विभिन्न विषयमा निर्णय गर्नु, विभिन्न अग्रज स्रष्टाहरूका जन्म-जयन्ती मनाउनु र नव वर्ष तथा विभिन्न दिवसहरू मनाउनुजस्ता साहित्यिक गतिविधि र क्रियाकलापले यस जिल्लाको साहित्यिक विकासमा नव कपिलवस्तु साहित्यिक समाजको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ ।

नव कसासमा विभिन्न क्षेत्रमा रहेका राष्ट्रिय प्रतिभाहरूको सहयोग, सद्भाव, सल्लाह र सुझाव बराबर प्राप्त भएको छ । संस्थामा प्रत्यक्षरूपमा नियमित सम्पर्कमा नभए पनि बेलाबेलामा आएर सल्लाह दिने, कार्यक्रमा सहभागी हुने र संस्थाप्रति सद्भाव प्रकट गर्ने स्रष्टाहरूको सङ्ख्या पनि उल्लेखनीय रहेको छ । यसरी आफ्नो अमूल्य सुझाव र सहयोग पुऱ्याउने स्रष्टाहरूमा डा.विष्णुराज आत्रेय (लाटो साथी), लेखनाथ भण्डारी, भोलानाथ शर्मा, हरिराज शर्मा, भक्तिराम पन्थी, राघवेन्द्रकुमार श्रीवास्तव, दधिराम सापकोटा, तेजकुमार बौद्धाचार्य, फणिनारायण सिग्देल, वासुदेव जमरकट्टेल, पशुपतिमणि त्रिपाठी आदि उल्लेखनीय रहेका छन् ।

नव कपिलवस्तु साहित्यिक समाजमा संलग्न स्रष्टाहरू राष्ट्रका उच्च एवम् महत्त्वपूर्ण ओहदामा पुग्न सफल भएका छन् जसले यसको गरिमामा थप अभिवृद्धि भएको देखिन्छ । स्थापित दिग्गज स्रष्टाहरूको सहभागिता र उनीहरूको निर्देशनले नवोदित स्रष्टाहरूलाई लेखन क्षेत्रमा लाग्न प्रेरित गरेको पाइन्छ ।

नव कसासको आर्थिक स्थिति भने कमजोर रहेको छ । विभिन्न क्षेत्रवाट आर्थिक स्रोत जुटाएर मात्र कार्यक्रमहरू सम्पन्न गर्ने गरेको छ । नियमित रूपमा प्राप्त भइरहने कुनै भरपर्दो आर्थिक स्रोत नभएकोले आफ्ना कार्यक्रमलाई त्यति धेरै विस्तार गर्न सकेको छैन । आफ्नो सीमित साधन र स्रोतका बीच रहेर पनि कसासका सदस्यहरूको सक्रियता र जनसहभागिताको समर्थन तथा सहयोगले यसले अफ्ना साहित्यिक गतिविधिहरूलाई निरन्तरता दिँदै आएको छ ।

नव कसासले प्रत्येक दुई वर्षमा प्रदान गर्ने भवानी भिक्षु पुरस्कार (२०५२) को रुपक स्मृति प्रष्ठिानसँग मिलेर व्यवस्था गरेको छ जुन प्रत्येक दुई वर्षमा साहित्यकार भवानी भिक्षुको जन्म-जयन्तीको अवसरमा प्रदान गर्दै आएको छ । यसका अतिरिक्त यस संस्थाका मासिक साहित्य सङ्गमहरूमा बाल प्रतिभाहरूलाई प्रेरणास्वरूप अन्य पुरस्कार प्रदान गर्ने गरेको पनि देखिन्छ ।

यस संस्थाको अध्ययनको क्रममा यसले गरेका विविध साहित्यिक गतिविधिको विस्तृत चर्चा गर्ने प्रयास गरिएको छ । यसले गर्दा संस्थाको मूल्याङ्कन र योगदानको निरुपण गर्न सहज भएको छ । संस्थाका साहित्यिक गतिविधिहरूमा स्थानीय स्तरमा उल्लेखनीय पक्ष भनेको मासिक साहित्यिक सङ्गम नै प्रमुख रहेको छ । यसमा वाचित

साहित्यिक रचनाहरू विभिन्न विचार धाराका साहित्य साधकहरूको सहभागितामा सम्पन्न गरिने हुँदा अग्रज, उदीयमान र नवोदित स्रष्टाहरूको त्रिवेणीका रूपमा मासिक साहित्य सङ्गम रहेको पाइन्छ । सङ्गममा प्रस्तुत हुने रचनाहरू विभिन्न प्रवृति र भाव धारा बोकेका छन् । यसरी वाचित रचनाहरूलाई  समाज परिवर्तन गर्ने साधन र भाषा-कला तथा साहित्य विकासको सोपान मान्न सकिन्छ । यसै गरी वाचित रचनाहरूमा सामाजिक विकृति र विसङ्गतिका विरुद्ध विद्रोह प्रकट गर्दै राष्ट्र, राष्ट्रियता, शान्ति र सद्भावजस्ता विशेषता प्रकट भएका पाइन्छन् । साथै देशमा विद्यमान निरङ्कुश शासन व्यवस्थाको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको पक्षमा सक्रिय रूपमा स्रष्टाहरूको सहभागिता र संलग्नताले देश विकासको पक्षमा यस संस्थाले आफूलाई उभ्याउन सफल रहेको देखिन्छ ।

कसासका साहित्यिक कार्यक्रमहरूमा बाल स्रष्टाहरूको समेत जमघट हुने र स-साना बाल सर्जक तथा बाल साहित्यकारहरूको समावेशले एक किसिमको गरिमा बढाएको  देखिन्छ । बाल स्रष्टा, युवा स्रष्टा, वयस्क स्रष्टा, महिला स्रष्टा सबै पुस्ता र लिङ्गको समावेशीका रूपमा संस्थाको मासिक सङ्गमलाई हेर्न सकिन्छ । नव कसासका मासिक सङ्गम र विभिन्न साहित्यकारका जन्म-जयन्तीका अवसरमा विभिन्न साहित्य सर्जकका कृतिहरूको विमोचन पनि हुने गरेको दखिन्छ । संस्थामा आवद्ध प्रमुख स्रष्टाहरू हरिराज शर्मा, राघवेद्र कुमार श्रीवास्तव र दधिराम सापकोटाद्वारा रचित कृतिहरू विमोचन भएका देखिन्छन् ।

यसरी नव कसास साहित्यिक समाजको इतिहासलाई खोजी गरी यसले गरेका साहित्यिक गतिविधिहरूको मूल्याङ्कन गर्दा कपिलवस्तु जिल्लाको साहित्यिक इतिहासमा नव कसासको महत्त्वपूर्ण योगदान रहेको पुष्टि भएको छ । जिल्लाभित्र स्थापना भएका विभिन्न साहित्यिक संस्थाहरूलाई पनि हेर्दा र अध्ययन गर्दा धेरैजसो ती संस्थाहरू लोप भइसकेका र केहीचाहिँ निस्क्रियजस्तो देखिएकाले पनि नव कसासको महत्त्व अझ धेरै देखिन्छ । लामो समय देखि सक्रिय भूमिका निर्वाह गर्दै आएको र जिल्लाकै अग्रणी नेतृत्ववाहक र जीवित साहित्यिक संस्थाका रूपमा नव कसास रहेको देखिन्छ ।

नव कपिलवस्तु साहित्यिक समाज (नव कसास)ले आफ्नो विधानमा मुखपत्र प्रकाशन गर्ने, पत्र-पत्रिका प्रकाशन गर्ने, पुस्तक प्रकाशन गर्ने, आफ्नै निजी भवन ( संस्थाको कार्यालय) स्थापना गर्ने कुराहरू उल्लेख गरेको देखिन्छ तर ती कुराहरू विधानमा उल्लेखित भए पनि आजसम्म संस्थाले कुनै पनि किसिमका पत्र-पत्रिका, मुखपत्र, पुस्तक आदि प्रकाशन गरेको देखिँदैन । संस्थाको आफ्नो निजी भवन नहुँदा साहित्यिक कार्यक्रमहरू विभिन्न समयमा विभिन्न ठाउँहरूमा हुने गरेका देखिन्छन् । यी कुराहरूलाई पूरा गर्नेतर्फ  संस्थाको ध्यान केन्द्रित हुनुपर्ने देखिन्छ ।

## ६.३ सम्भावित शोधशीर्षकहरू

१. नेपाली साहित्यमा कपिलवस्तु जिल्लाका साहित्यिक सङ्घ-संस्थाहरूको  योगदान

२. कपिलवस्तु जिल्लामा क्रियाशील साहित्यिक सङ्घ-संस्थाहरूको अध्ययन र मूल्याङ्कन ।

३. कपिलवस्तु जिल्लाका प्रतिनिधि साहित्यकार र तिनका साहित्यिक कृतिहरूको अध्ययन ।

४. कपिलवस्तुको साहित्यिक विकासमा अग्रणी साहित्यकारहरूको भूमिका ।

# कपिलवस्तु जिल्लाबाट प्रकाशित पत्रपत्रिका, स्मारिका र मुखपत्रको सूची

## तालिका- १

| क्र.स. | नाम | किसिम | सम्पादक | प्रकाशक | स्थान | भाषा | प्रकाशन वर्ष | नियमित/ अनियमित | बन्द |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदीप | वार्षिक | विष्णुराज आत्रेय | विष्णुराज आत्रेय | वनारस | नेपाली | २०१७ | अनियमित | बन्द |
| २ | गौतम | ” | ” | ” | ” | ” | २०१८ | ” | ” |
| ३ | कपिलवस्तु | त्रैमासिक | पदम ब. सिंह र अन्य | जिल्ला पञ्चायत कपिवलस्तु | तौलिहवा | ” | २०२५ | ” | ” |
| ४ | सिद्धार्थ | वार्षिक मुखपत्र | पुण्य प्र.अर्याल र अन्य | तौ.ना.सं.प्र.पा. | तौलिहवा | ” | २०१८ | ” | ” |
| ४ | सिद्धार्थ | वार्षिक मुखपत्र | पुण्य प्र.अर्याल र अन्य | तौ.ना.सं.प्र.पा. | तौलिहवा | ” | २०१८ | ” | ” |
| ४ | सिद्धार्थ | वार्षिक मुखपत्र | पुण्य प्र.अर्याल र अन्य | तौ.ना.सं.प्र.पा. | तौलिहवा | ” | २०१८ | ” | ” |
| ६ | अमिताभ | वार्षिक मुखपत्र | षडानन्द पौडेल र अन्य | क.ब.क्याम्पस | तौलिहवा | ” | २०५२ | ” | ” |
| ७ | बिहानियाँ | त्रैमासिक | शेषकान्त पौडल र अन्य | थारु भाषा साहित्य परिषद् | तौलिहवा | थारु | २०५२ | ” | ” |
| ८ | क.लु.दिग्दर्शन | समसामयिक लेख | नारायण पौडेल | प्रगतिशील पुस्तक पसल | तौलिहवा | हिन्दी | २०५२ | ” | ” |
| ९ | प्राचीन कपिलवस्तु | स्मारिका | मनोज पौडेल | सञ्जय मल्ल र मनोज मल्ल | तौलिहवा | नेपाली + अङ्ग्रेजी | २०५४ | ” | ” |
| १० | निग्लिहवा महोत्सव | स्मारिका | मनोज पौडेल र अन्य | क.सू.के. र निग्लिहवा | तौलिहवा | नेपाली + अङ्ग्रेजी | २०५५ | ” | ” |
| ११ | बुद्धभूमि | स्मारिका | मनोज पौडेल र अन्य | युवा क्लव क.सू.के. | तौलिहवा | नेपाली | २०५५ | ” | ” |
| १२ | सिद्धार्थ सन्देश | अर्धवार्षिक | गुणानिधि भुसाल र अन्य | सिद्धार्थक्लव क.व | ४नं.जितपुर | नेपाली | २०५५ | ” | ” |
| १३ | शान्तिदूत | स्मारिका | सूर्य श्रेष्ठ र अन्य | कर्मचारी मिलन केन्द्र | तौलिहवा | नेपाली | २०५७ | नियमित | चालु |
| १४ | सिद्धार्थ | बाल पत्रिका वार्षिक मुखपत्र | हरिराज शर्मा र अन्य | बाल कल्याण समिति | तौलिहवा | नेपाली | २०५७ | अनियमित | बन्द |
| १५ | जिल्ला विकास समाचार | वार्षिक | राजन पोखेल, वासुदेव जमरकट्टेल | जि.वि.स. क.व. | तौलिहवा | नेपाली | २०५७ | नियमित | चालु |
| १६ | आदर्शवाणी | वार्षिक | दीपनारायण अर्याल र अन्य | जनआदर्श सामाजिक विकास | इमिलिया | नेपाली | २०५८ | नियमित | चालु |
| १७ | बालजगत् | वार्षिक | मनोज पौडेल र अन्य | एफोर्ड नेपाल | तौलिहवा | नेपाली | [illegible] | [illegible] | बन्द |
| १८ | देशको आवाज | वार्षिक | होमराज आचार्य | घर-घरमा किताब | कपिलवस्तु | नेपाली | २०५९ | नियमित | चालु |

क्रमश :...........

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | बुद्ध नगरी | मासिक | शैलेन्द्रमणि त्रिपाठी | ? | तौलिहवा | नेपाली | २०६० | नियमित | चालु |
| २० | गुराँस | त्रैमासिक | दीपनारायण अर्याल | सूचना तथा सञ्चार युनिट | इमिलिया | नेपाली | २०६० | नियमित | चालु |
| २१ | अभियान | मासिक | दुर्गा अर्याल र अन्य | सि. सा. वि. का. | वाणगङ्गा | नेपाली | २०६२ | नियमित | चालु |
| २२ | युनिक साहित्य संसार | ? | कुल प्र. पन्थी र अन्य | युनिक साहित्य संसार र अन्य | इमिलिया | नेपाली | २०६२ | नियमित | चालु |
| २३ | शिक्षक सन्देश | स्मारिका | विष्णु भण्डारी | ने. रा. शि. स. | कपिलवस्तु | नेपाली | २०६२ | अनियमित | चालु |
| २४ | महिला आवाज | ? | रुमलाल उपाध्याय | पारालिगल समिति | कोपवा | नेपाली | २०६२ | नियमित | चालु |
| २५ | साहित्य सागर | स्मारिका | सि. सा. स. | ? | मोतीपुर | नेपाली | २०६३ | नियमित | चालु |
| २६ | साहित्य सुधा | ? | ज्ञानराज अर्याल | वाणगङ्गा साहित्यिक प्र. | मोतीपुर | नेपाली | २०६३ | नियमित | चालु |